# अछाम जिल्लामा प्रचलित 'भुओ' लोकगीतको अध्ययन र विश्लेषण

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत
नेपाली शिक्षण विभाग
महेन्द्र बहुमुखी क्याम्पस नेपालगन्ज
स्नातकोत्तर तह,द्वितीय वर्ष दसौं पत्रको प्रयोजनका लागि प्रस्तुत

## शोधपत्र


**शोधार्थी**

**प्रजाप्रसाद जैसी**

रजि.नं : ६-१-५५-३४३-२००१
शैक्षिक सत्र : २०६५ / २०६७
परीक्षा रोल नं.५५००७९
त्रिभुवन विश्वविद्यालय
महेन्द्र बहुमुखी क्याम्पस
नेपालगन्ज,बाँके


वि.सं.२०६९

# सिफारिस-पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत महेन्द्र बहुमुखी क्याम्पस, नेपालगन्जको स्नातकोत्तर तह नेपाली द्वितीय वर्षका छात्र **प्रजाप्रसाद जैसी**ले **'अछाम जिल्लामा प्रचलित 'भुओ' लोकगीतको अध्ययन र विश्लेषण'** शीर्षकको प्रस्तुत शोधपत्र मेरो निर्देशनमा तयार पार्नुभएको हो । परिश्रमपूर्वक तयार पारिएको यस शोधकार्यबाट म पूर्ण सन्तुष्ट छु । अतः यसको आवश्यक मूल्याङ्कनको लागि नेपाली विभाग समक्ष सिफारिश गर्दछु ।

मिति २०६९/१०/८
इ.सं. २१ /१ /२०१३

..............................
**शोध निर्देशक**

**प्रदीपप्रसाद ज्ञवाली**

महेन्द्र बहुमुखी क्याम्पस, नेपालगन्ज,

बाँके

त्रिभुवन विश्वविद्यालय
**महेन्द्र बहुमुखी क्याम्पस**
नेपाली शिक्षण विभाग
नेपालगन्ज

# स्वीकृति-पत्र

स्नातकोत्तर तह नेपाली द्वितीय वर्षका छात्र **प्रजाप्रसाद जैसी**द्वारा यस नेपाली शिक्षण विभागमा प्रस्तुत '**अछाम जिल्लामा प्रचलित 'भुओ' लोकगीतको अध्ययन र विश्लेषण**' नामक शोधकार्यलाई नेपाली विषयमा स्नातकोत्तर तह उपाधिका निम्ति स्वीकृति प्रदान गरिएको छ ।

**शोधपत्रको मूल्याङ्कन समिति**

| | | |
|---|---|---|
| ................. | ................. | .................... |
| **प्रदीपप्रसाद ज्ञवाली** | | **महानन्द जोशी** |
| **शोध निर्देशक** | **बाह्य परीक्षक** | **विभागीय प्रमुख** |

**मिति २०६९/ १०/ २२**
**इ.सं. ४/ २ /२०१३**

# कृतज्ञताज्ञापन

**'अछाम जिल्लामा प्रचलित 'भुओ' लोकगीतको अध्ययन र विश्लेषण'** शीर्षकको प्रस्तुत शोधपत्र मैले त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर तह नेपाली विषय दोस्रो वर्षका दसौँपत्र पुरा गर्ने प्रयोजनका लागि आदरणीय गुरु प्रदीपप्रसाद ज्ञवाली ज्यूको निर्देशनमा तयार पारेको हुँ । आफ्नो अमूल्य समय दिई सल्लाह, सुझाव, मार्गनिर्देशन तथा परिष्कार परिमार्जन पनि गरिदिनुहुने शोधनिर्देशक श्रद्धेय गुरुप्रति हृदयदेखि नै आभार प्रकट गर्दछु । गुरुको सहयोगप्रति सदैव ऋणी रहनेछु ।

प्रस्तुत शोधकार्य गर्न स्वीकृति प्रदान गर्नुहुने पूर्व विभागीय एवम् वर्तमान सहायक क्याम्पस प्रमुख गिरिराज पौडेलज्यू प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु । साथै शोधपत्र स्वीकृति गर्नुहुने विभागीय प्रमुख श्री महानन्द जोशीज्यू तथा शोधपत्र तयार गर्ने समयमा सामग्री, सल्लाह, सुझाव दिई सहयोग प्रदान गर्नुहुने आदरणीय गुरु डा.गोपालप्रसाद शर्मा अधिकारी, शशाङ्कशेखर चटर्जी, हरिप्रसाद तिमिल्सिनाज्यू लगायत विभागका सम्पूर्ण गुरुहरुप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु ।

मेरो उज्जवल भविष्यको कामना गरी अगाडि बढ्न प्रेरणा प्रदान गर्ने स्वर्गीय पिता जितप्रसाद जैसी र स्वर्गीय माता देवकला जैसीप्रति कृतज्ञ छु । मेरो शैक्षिक प्रगति चाहने र हरेक कुरामा सहयोग पुऱ्याउनुहुने दाजु केशव राज जैसीप्रति आभारी छु । मलाई हरेक कुरामा सहयोग र सल्लाह दिई यो शोधपत्र टाइप गर्ने मेरी जीवनसङ्गिनी कोपिला कँडेलको सहयोग अविस्मरणीय छ । यस शोध कार्यको सेटिङमा सहयोग गर्ने साला कृष्णसुमन कँडेललाई धन्यवाद दिँदै यस शोधपत्रको समुचित मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय नेपाली विभाग महेन्द्र बहुमुखी क्याम्पस नेपालगन्ज समक्ष प्रस्तुत गर्दछु ।

मिति २०६९/१०/६
इ. सं. २३/१ / २०१३

..........................

**प्रजाप्रसाद जैसी**
त्रिभुवन
विश्वविद्यालय
महेन्द्र बहुमुखी
क्याम्पस
नेपाली शिक्षण
विभाग
नेपालगन्ज,बाँके
२०६९

# विषयसूची

पेज नं.

**प्रथम परिच्छेद**
**शोधपरिचय**


| | | |
|---|---|---|
| १.१ | शोधशीर्षक | १ |
| १.२ | शोधको प्रयोजन | १ |
| १.३ | विषय परिचय | १ |
| १.४ | समस्याकथन | २ |
| १.५ | शोधकार्यको उद्देश्य | २ |
| १.६ | पूर्वकार्यको समीक्षा | ३ |
| १.७ | शोधकार्यको औचित्य र महत्व | ४ |
| १.८ | शोधकार्यको सीमाङ्कन | ४ |
| १.९ | शोधविधि | ५ |
| १.१० | शोधपत्रको रुपरेखा | ५ |


**द्वितीय परिच्छेद**
**लोक साहित्यको सैद्धान्तिक परिचय**


| | | |
|---|---|---|
| २.१ | लोक साहित्यको पृष्ठभूमी | ६ |
| २.२ | लोक साहित्यको विधागत वर्गीकरण | १२ |
| २.३ | लोकगीतको परिचय र परिभाषा | १४ |
| २.४ | लोकगीतका तत्वहरु | १६ |
| | २.४.१ सन्देश | १६ |
| | २.४.२ उद्देश्य | १६ |
| | २.४.३ भाषा | १६ |
| | २.४.४ शैली | १७ |
| | २.४.५ स्थायी र अन्तरा | १७ |
| २.५ | लोकगीतको वर्गीकरण | १७ |
| २.६ | निष्कर्ष | १९ |


**तृतीय परिच्छेद**
**अछाम जिल्लाका साथै भुओलोकगीतको परिचय र वर्गीकरण**


| | |
|---|---|
| ३.१ अछामको भौगलिक परिचय | २१ |
| ३.१.१ भू बनोट | २१ |
| ३.१.२ नामाकरण | २१ |
| ३.१.३ नदी र खोलाहरु | २३ |
| ३.१.३.१ कर्णाली नदी | २२ |
| ३.१.३.२ बूढी गङ्गा | २३ |
| ३.१.३.३ कैलाश खोला | २३ |
| ३.१.३.४ चाइरओगाड | २३ |
| ३.१.३.५ कुइकागाड | २३ |
| ३.१.३.६ बिनायकगाड | २३ |
| ३.१.३.७ प्रभाली गाड | २४ |
| ३.१.३.८ लुंग्रेली गाड | २४ |
| ३.१.३.९ छिपेखोला | २४ |
| ३.१.४ राजनैतिक विभाजन | २५ |
| ३.१.५ ऐतिहासिक परिचय | ३० |
| ३.१.५.१ प्राचीनकाल | ३० |
| ३.१.५.२ पूर्व मध्यकाल | ३० |

३.१.५.३ मध्यकाल ३१
३.१.५.४ एकीकरणपछि ३१
३.१.५.५ आधुनिक काल ३२
३.१.६ प्रमुख धार्मिक स्थलहरु ३३
३.१.७ ऐतिहासिक स्थलहरु ३६
३.१.८ अछामका प्रमुख चाडपर्वहरु ३८
३.१.९ अछाममा प्रचलित जीवन संस्कारहरु ४३
३.२ अछामी लोकसाहित्य ४५
३.२.१ भारत ४६
३.२.२ लोक नाटक ४६
३.२.३ लोक कथा ४६
३.२.३.१ सामाजिक लोककथा ४७
३.२.३.२ ऐतिहासिक लोककथा ४८
३.२.३.३ पशुपन्छी तथा फलफुलका लोक कथा ४८
३.२.३.४ धार्मिक तथा सांस्कृतिक लोककथा ४८
३.२.३.५ अतिमानवीय रुपका लोककथा ४९
३.२.४ लोक कविता ४९
३.२.५ लोकमन्त्र ५०
३.२.६ लोकोक्ति ५१
३.२.७ लोकगीत ५१
३.२.७.१ सदाकालिक वा बाह्रमासे लोकगीत ५१
३.२.७.२ सामायिक लोकगीत ५३
३.३ भुओलोकगीतको परिचय ५६
३.३.१ भुओको पृष्ठभूमि ५६
३.३.२ भुओपर्वको ऐतिहासिक पृष्ठभूमि ५९
३.३.३ भुओलोकगीतको क्षेत्र र प्रयोग ६३
३.३.४ भुओलोकगीतको संरचना ६३
३.३.४.१ कथ्य ६३
३.३.४.२ भाषा ६३
३.३.४.३ चरण वा पद ६३
३.३.४.४ लय वा भाका ६४
३.३.४.५ छन्द ६४
३.३.५ भुओलोकगीतको प्रयोजन ६५
३.३.५.१ आनन्दको अनुभव ६५
३.३.५.२ अनुष्ठानको सम्पादन ६५
३.३.५.२ समसामयिक लोकजीवनको अभिव्यक्ति ६६
३.३.५.३ सामूहिक गायनको प्रयोग ६७
३.३.६ भुओलोकगीतको महत्व ६७
३.३.६.१ ऐतिहासिक महत्व ६८
३.३.६.२ सांस्कृतिक महत्व ६९
३.३.६.३ सामाजिक महत्व ६९
३.३.६.४ धार्मिक महत्व ७०
३.३.६.५ प्राकृतिक महत्व ७०
३.४ भुओलोकगीतको वर्गीकरण ७१
३.४.१ भाषाका आधारमा ७१
३.४.१.१ विशुद्ध स्थानीय भाषा प्रयोगका गीत ७१
३.४.१.२ अन्य तत्सम, आगन्तुक शब्द प्रयोगका गीत ७२
३.४.२ विषयवस्तुका आधारमा ७२
३.४.२.१ सामाजिक विषयका गीत ७३
३.४.२.२ ऐतिहासिक विषयका गीत ७३
३.४.२.३ पौराणिक विषयका गीत ७३
३.४.२.४ धार्मिक विषयका गीत ७४
३.४.२.५ समसामयिक विषयका गीत ७४
३.४.३ रसका आधारमा ७५

३.४.३.१ श्रृङ्गार रस सम्बन्धी गीत ७५
३.४.३.२ वीर रस सम्बन्धी गीत ७६
३.४.३.३ अदभूत रस सम्बन्धी गीत ७६
३.४.३.४ हास्य रस सम्बन्धी गीत ७६
३.४.३.५ रौद्र रस सम्बन्धी गीत ७७
३.४.४ प्रस्तुतिका आधारमा ७७
३.४.४.१ बाजागाजा सहित गाइने गीत ७७
३.४.४.२ बाजागाजा रहित गाइने गीत ७८
३.५ भुओलोकगीतका विशेषताहरु ७८
३.६ निष्कर्ष ८३

**चतुर्थ परिच्छेद**
**अछाम जिल्लामा प्रचलित भुओलोकगीतको अध्ययन र विश्लेषण**

४.१ परिचय ८५
४.२ उत्तर पश्चिम क्षेत्रमा प्रचलित भुओ ८५
४.३ अछामको दक्षिण पूर्वी क्षेत्रमा प्रचलित भुओ ९१
४.४ अछाम जिल्लामा प्रचलित भुओलोकगीतको विश्लेषण ९५
४.४.१ विषयका आधारमा विश्लेषण ९५
४.४.१.१ सामाजिक भुओलोकगीत ९६
४.४.१.२ धार्मिक भुओलोकगीत ९७
४.४.१.३ ऐतिहासिक भुओलोकगीत ९८
४.४.१.४ पौराणिक भुओलोकगीत ९९
४.४.१.५ समसामयिक भुओलोकगीत १००
४.४.१.६ उपदेशात्मक भुओलोकगीत १०१
४.४.१.७ भुओलोकगीतमा आशिर्वाद १०१
४.४.१.८ भुओलोकगीतमा गाली गलोच १०३
४.४.१.९ भुओलोकगीतमा प्रश्नोत्तर १०३
४.४.१.१० भुओलोकगीतमा स्थान परिचय १०४
४.४.१.११ भुओलोकगीतमा प्राकृतिक चित्रण १०५
४.४.१.१२ भुओलोकगीतमा स्थानीय जनजीवन १०५
४.४.२ संरचना तत्वको आधारमा भुओलोकगीतको विश्लेषण १०६
४.४.२.१ कथ्यको आधारमा १०७
४.४.२.२ भाषाको आधारमा १०७
४.४.२.३ तत्सम र आगन्तुक भाषाका गीत १०८
४.४.२.४ चरण वा पदको आधारमा १०८
४.४.२.५ लय वा भाकाको आधारमा १०९
४.४.२.६ छन्दको आधारमा १०९
४.४.३ रसका आधारमा विश्लेषण ११०
४.४.३.१ भुओलोकगीतमा श्रृङ्गारिक रस ११०
४.४.३.२ भुओलोकगीतमा वीररस १११
४.४.३.३ भुओलोकगीतमा अदभूत रस १११
४.४.३.४ भुओलोकगीतमा रौद्र रस ११२
४.४.३.५ भुओलोकगीतमा हास्य रस ११२
४.४.३.६ भुओलोकगीतमा विभत्स रस ११३
४.४.३.७ भुओलोकगीतमा भयानक रस ११३
४.४.३.८ भुओलोकगीतमा शान्त रस ११४
४.४.४ अर्थका आधारमा विश्लेषण ११५
४.४.४.१ भुओलोकगीतम अभिधार्थ ११५
४.४.४.२ भुओलोकगीतमा लक्ष्यार्थ ११५
४.४.४.३ भुओलोकगीतमा व्याङ्ग्यार्थ ११६

पञ्चम् परिच्छेद
**उपसंहार** ११७
परिशिष्ट १
परिशिष्ट २
परिशिष्ट ३
परिशिष्ट ४
सन्दर्भग्रन्थसूची

# संक्षिप्त शब्दसूची

| | |
|---|---|
| वि.सं. | विक्रम संवत् |
| गा.वि.स. | गाउँ विकास समिति |
| उ.मा.वि | उच्च माध्यमिक विद्यालय |
| मा.वि | माध्यमिक विद्यालय |
| नि.मा.वि | निम्न माध्यमिक विद्यालय |
| प्रा.वि | प्राथमिक विद्यालय |
| त्रि.वि.वि | त्रिभुवन विश्वविद्यालय |
| इ.सं | इस्वी संवत् |
| पृ.स. | पृष्ठ सङ्ख्या |
| पृ. | पृष्ठ |
| प्र.सं. | प्रथम संस्करण |
| दो.सं. | दोस्रो संस्करण |
| चौ.सं. | चौथो संस्करण |
| कि.मी | किलोमीटर |
| रजि.नं. | रजिस्टेसन नम्बर |
| प्रा. | प्राध्यापक |
| डा. | डाक्टर |

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक 'अछाम जिल्लामा प्रचलित 'भुओ' लोकगीतको अध्ययन र विश्लेषण' रहेको छ ।

## १·२ शोधको प्रयोजन

प्रस्तुत शोधकार्यको प्रयोजन त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय अर्न्तगत नेपाली शिक्षण विभाग महेन्द्र बहुमुखी क्याम्पस नेपालगन्ज नेपाली विषय स्नातकोत्तर तह द्वितीय वर्ष दसौं पत्रको आवश्यकता परिपूर्तिका लागि रहेको छ ।

## १·३ विषय परिचय

नेपाल एक बहुजाती, बहुभाषिक, बहुसंस्कृतिले भरिएको राष्ट्र हो । यस देशका विभिन्न ठाउँमा विभिन्न संस्कृतिहरु पाइन्छन् । यी संस्कृतिहरु मध्ये सुदूरपश्चिम पनि संस्कृतिहरुको भण्डार हो । यस क्षेत्रमा प्रचलित लोकसंस्कार, लोकगाथा, लोककथा र लोकसाहित्य सँग सम्बन्ध राख्ने र लोकगीतलाई टेवा पुऱ्याउने खालका गीतहरु थुप्रै छन् । जसमध्ये भुओलोकगीत पनि एक हो । कर्णाली प्रदेशका केही जिल्लाहरु र सुदूरपश्चिमका जिल्लाहरुमा यो पर्वगीतका रुपमा रहेको छ । तर यी पर्वगीतहरु फरक-फरक समयमा गाइन्छन् । खेल्ने तरिका पनि फरक रहेको छ ।

अछाम जिल्लामा भुवो दुई पटक लाग्दछ कार्तिक कृष्ण पक्षको समयमा र पौष कृष्ण पक्षको समयमा । क्षेत्रगत हिसाबले फरक-फरक समयमा मेला लगाई पर्वगीतका रुपमा फरक किसिमले खेलेर गाए पनि ती 'भुओ लोकगीतको' भावभूमि एउटै रहेको छ । अछामका खड्का क्षेत्री (खुलाल खप्तडी) को ऐतिहासिक बस्तीमा पौष कृष्ण पक्षको अष्टमी तिथिमा गाउँका बालबृद्धाहरु दमाहाको धुनद्वारा देवलाई आव्हान गरी बाजा बजाउँछन् अनि खेलाडीहरु दुई पङ्क्तिमा बाँडिन्छन् । पङ्क्तिको अघि सिपालु र पछि सिकारु लाग्दछन् । यसरी गोल घेरा लागिसकेपछि प्रत्येकको बाँया हातमा ढाल दाँया हातमा तरवार हुन्छ र सिपालुले गीत भट्याउँछन् सिकारुले "भस्सो भस्सो" भन्दै बाजाको तालमा गुरुको इशारामा नाचेर गाउँछन् ।

यता अछामकै भैसोले क्षेत्रमा माथिको भन्दा फरक समयमा र फरक तरिकाले भुओ खेल खेलेर गाइन्छ । कार्तिक कृष्ण पक्षको चतुर्दशी तिथिका दिन भुवाखाडामा सबै जना

भेला भएर सबैले राँको हातहातमा लिएर गोलघेरा लागि नायक अगाडि लाग्दछन्, नायकको साथै पछि  पञ्चे बाजा र त्यसपछि राँके जुलुस जस्तै सबैले हातमा राँका लिएर गोलघेरा लागि सकेपछि नायकले गीत भट्याउँछन्, अरुले भस्सो भस्सो भन्दै गाउँछन् त्यसपछि त्यसै रातिको बिहानपख भुओ सेलाएर खेलको समापन गर्दछन् ।

लोकजीवनमा प्रचलित भुओलोकगीत नेपालको सुदूरपश्चिम क्षेत्रको महत्वपूर्ण गीत भएकाले यसको खोज अध्ययन आवश्यक भएकाले यसलाई शोधको विषय बनाइएको छ ।

## १.४ समस्याकथन

लोकसाहित्यको महत्वपूर्ण अङ्गको रुपमा लोकगीतलाई लिइन्छ । लोकगीतकै एउटा अंशको रुपमा रहेको भुओलोकगीतको भाषिक, सांस्कृतिक तथा लोकसाहित्यमा महत्वपूर्ण स्थान लिएको  छ । तापनि यसको व्यापक रुपमा अध्ययन वर्गीकरण र विश्लेषण भएको पाईदैन । भुओलोकगीतले लोकगीतको भण्डारलाई समृद्धशाली बनाउन उल्लेखनीय भूमिका खेलेको छ । तर यस्ता गीतहरुको खोजी र अध्ययन हुन सकेको छैन । यसैले यो एक समस्याको रुपमा रहेको  छ ।

(क) अछाम जिल्लामा प्रचलित भुओलोकगीतको  परिचय के-कस्तो छ ?

(ख) अछाम जिल्लामा भुओ कहिले र  कसरी खेलिन्छ ?

(ग) अछाम जिल्लामा के-कस्ता भुओलोकगीत प्रचलित छन् ?

(घ) अछाम जिल्लामा प्रचलित भुओलोकगीतलाई के कति आधारमा वर्गीकरण गरी विश्लेषण

गर्न सकिन्छ ?

## १.५ शोधकार्यको उद्देश्य

यस शोधकार्यको प्रमुख उद्देश्य अछाम जिल्लामा प्रचलित भुओलोकगीतको खोज तथा अनुसन्धान गरी लोकगीतको क्षेत्रमा व्यापकता ल्याउनु नै हुनेछ । यहाँ प्रचलित भुओलोकगीतमा केन्द्रित रहेर निम्न लिखित उद्देश्य पूर्तिका लागि शोधपत्र केन्द्रित रहेको छ ।

(क) अछाममा  जिल्लामा प्रचलित भुओलोकगीतको परिचय प्रस्ट पार्ने ।

(ख) अछाम जिल्लामा प्रचलित भुओ खेलको समय र तरिका निर्धारण गर्ने ।

(ग) अछाम जिल्लामा प्रचलित भुओलोकगीतको पहिचान गर्ने ।

(घ) अछाम जिल्लामा प्रचलित भुओलोकगीतको विषयवस्तु, रस,तत्त्व र अर्थका आधारमा वर्गीकरण गरी विश्लेषण गर्ने ।

## १·६ पूर्वकार्यको समीक्षा

प्रस्तुत शोधकार्यको क्षेत्र अछाम जिल्लाका प्रचलित भुओलोकगीतको हो । अछाम जिल्लाका भुओलोकगीतको अध्ययन र सङ्कलन सामान्य रुपमा केही पुस्तक र पत्रपत्रिकाहरुमा भुओलोकगीतका बारेमा चर्चा गरिएको पाइन्छ । अतः यस क्षेत्रका गीतहरुको बारेमा लेखोट गर्ने केही व्याक्तिहरु यस प्रकार देखाउन सकिन्छ ।

प्रा.डा. ऋषिराम पोखरेल : 'बैद्यनाथक्षेत्र' (२०५०) पत्रिकामा पोखरेलले भुओको चर्चा गरेको पाइन्छ र उनले भनेका छन् वेदमा 'भुव' शब्दले पृथ्वीलाई लिएको छ ।[1]

डा.राजाराम सुवेदी : 'अछामको इतिहास' (२०५७) मा पनि भुओपर्वलाई भुओ औंसी (पुसे) भनेर प्राचीन युद्धकलाको चर्चा हुन सक्ने अनुमान गरिएको छ ।

वातावरणीय कृषि तथा विकास केन्द्र लिङकहेल्भेटास नेपालद्धारा प्रकाशित 'सुदूरपश्चिमको रुपान्तरण' (२०६३) पुस्तकमा पनि अछामको मुल्लो भैसोले भैरवस्थानमा नाचिने भुओका बारेमा चर्चा गरिएको छ र यसलाई संस्कारको रुपमा स्वीकारिएको छ ।

.प्रा. मोहनराज शर्मा र डा. खगेन्द्रप्रसाद लुइटेल : 'लोकवार्ताविज्ञान र लोकसाहित्य' (२०६३) मा भुओलोकगीतलाई पर्वगीतको रुपमा उल्लेख गरिएको छ ।[2]

सुरत बहादुर शाह : 'झारखण्ड बैद्यनाथक्षेत्र' तेस्रो संस्करण (२०६४) मा शौर्य पर्व

भुओको बारेमा युद्धकला प्रदर्शन गर्ने पर्वको रुपमा स्थापित छ भन्दै अछामको भुओलोकगीतका बारेमा सामान्य चर्चा गरेका छन् ।[3]

---

[1] ऋषिराम पोखरेल, वैद्यनाथ क्षेत्र (अछाम : श्री वैद्यनाथक्षेत्र प्रकाशन समिति, २०५०) पृ. २४

[2] मोहनराज शर्मा र खगेन्द्र लुइटेल, लोकवार्ता विज्ञान र लोकसाहित्य, ( काठमाडौं : विद्यार्थी पुस्तक भण्डार , २०६३) पृ. १५

[3] सुरतबहादुर शाह, झारखण्ड वैद्यनाथ क्षेत्र, तेस्रो संस्करण ( श्री वैद्यनाथ क्षेत्र प्रकाशन समिति अछाम, २०६४) पृ. १३१

मनोहर लामिछाने : 'लोकसाहित्य र संस्कृतिका केही पाटाहरु' (२०६५) मा आफ्नो भूमिको रक्षार्थ शुरो, निडर लडाकु छान्न प्राचीन कालमा यो खेलको प्रचलन गराएको हुनुपर्दछ र रोगव्याधी हटाउन, सुख शान्ति अक्षुण्ण राख्न भुवो खेल खेलिन्थ्यो होला भनेर चर्चा गरेका छन् ।[4]

प्रा.डा. मोतीलाल पराजुली र डा. जीवेन्द्र देव गिरी : 'नेपाली लोकसाहित्यको रुपरेखा (२०६८) भन्ने पुस्तकमा भुओ गीतको बारेमा चर्चा गरेका छन् ।[5]

भुओगीतको अध्ययन र सङ्कलन व्यवस्थीत रुपमा नभएकाले यस्ता लोकगीतहरुको अध्ययन गर्न आवश्यक छ । माथिका पुस्तकहरुमा भुओपर्व र गीतलाई पर्व गीतको रुपमा राखिएको छ जसलाई यस शोध कार्यका सन्दर्भ सामग्रीका रुपमा लिइएको छ ।

## १.७ शोधकार्यको औचित्य र महत्व

अछाम जिल्लामा प्रचलित भुओलोकगीतमा पूर्वकार्यको समीक्षा गर्दा भुओगीतको पूर्ण मात्रामा सङ्कलन र विश्लेषण भएको नदेखिएकाले यसको औचित्य र महत्व प्रस्ट भएको देखिन्छ । लोकसाहित्य र लोकसंस्कृतिको विकासका लागि भुओलोकगीतहरुलाई संकलन र विश्लेषण गर्दै यसको उपादेयता माथि प्रकाश पार्नु यस शोधकार्यको औचित्य रहको छ । साथै अछाम जिल्लाका लोकगीत चाडपर्व, लोकगाथा र संस्कारका बारेमा अध्ययन गर्न चाहने व्यक्तिलाई यो शोध कार्यले सहयोगी सामग्रीको महत्वपूर्ण स्थान लिन सक्नेछ ।

## १.८ शोधकार्यको सीमाङ्कन

शोधपत्रको शीर्षक, समस्या र उद्देश्यलाई पूर्ण गराउन लिइने आयाम नै सीमा हो । यस

शोध पत्रले अछाम जिल्लाका भुओ खेल र भुओलोकगीतसँग सम्बन्ध राख्ने छ । विशेष गरी पर्व गीतलाई केन्द्र बनाइएको छ । अछाममा प्रचलित भुओलोकगीतको सङ्कलन गर्दा अछामी लोकगीत र लोकगाथामा आधारित भुओलोकगीतलाई मात्र यस भित्र सङ्कलन

[4] मनोहर लामिछाने, लोकसाहित्य र संस्कृतिका केही पाटाहरु, (साझा प्रकाशन, २०६५) पृ. ४५

[5] मोतिलाल पराजुली र जिवेन्द्रदेव गिरी, नेपाली लोकसाहित्यको रुपरेखा, (साझा प्रकाशन, २०६८) पृ. ५७

गरिएको छ । संकलित भुओलोकगीतहरु स्थानीय भाषामा रहेका छन् । प्रत्येक भुओका अनुवाद स्तरीय मानक नेपाली भाषामा गरिएको छ र यसलाई परिशिष्टमा मिलाएर क्रमश : राखिएको छ ।

## १.९ शोधविधि

प्रस्तुत शोधकार्यको शीर्षक 'अछाम जिल्लामा प्रचलित भुओलोकगीतको अध्ययन र विश्लेषण' भएको हुँदा यसको मुख्य अध्ययन स्रोत क्षेत्रगत अध्ययन विधि नै रहेको छ । त्यस्तै सामग्री सङ्कलन गर्ने क्रममा पुस्तकालय विधि अवलम्बन गर्नुका साथै सङ्कलित सामग्री विश्लेषण गरी निष्कर्ष निकाल्ने क्रममा व्याख्या एंव विश्लेषण विधि पनि अवलम्बन गरिएको छ ।

## १ .१० शोधपत्रको रुपरेखा

प्रस्तुत शोधपत्रको रुपरेखा निम्नानुसार तयार गरिएको छ ।

प्रथम परिच्छेद - शोध परिचय

द्वितीय परिच्छेद - लोकसाहित्यको सैद्धान्तिक परिचय

तृतीय परिच्छेद - अछाम जिल्लाका साथै 'भुओ'लोकगीतको परिचय र वर्गीकरण

चर्तुथ परिच्छेद - अछाम जिल्लामा प्रचलित भुओलोकगीतको अध्ययन र विश्लेषण

पञ्चम् परिच्छेद - उपसंहार

## २.१ लोकसाहित्यको पृष्ठभूमि

मानव सभ्यताको प्रारम्भिक अवस्था देखि नै मानिसले आफ्ना अनुभव, अनुभूतिका काल्पनिक भावहरुलाई विभिन्न माध्यमहरु द्वारा अभिव्यक्त गर्दै आएको छ । भाषाका माध्यमबाट भाव व्यक्त गर्ने कलात्मक अभिव्यक्तिमा लोक साहित्य र साहित्य पर्दछन् । लोक जीवनका आस्था, विश्वास, व्यवहार, चिन्तन र अनुभूतिहरुलाई कल्पनाको आवरण दिएर रोमाञ्चक तत्त्वहरुको मिश्रण गरी कलात्मक रुपमा प्रस्तुत गरिने मौखिक साहित्य लोकसाहित्य हो । यस्तो साहित्य लोक समुदायद्वारा रचना गरिन्छ र लोक समुदायमा नै रहेको हुन्छ । लोक साहित्यको रचना र प्रचलन मानव सभ्यताको प्रारम्भ देखि नै भएको हो त्यस समय देखि नै यसले निरन्तरता पाउँदै आएको छ ।

अङ्ग्रेजीमा लोकसाहित्यलाई (Folk literature) भनिन्छ । अङ्ग्रेजी (Folk) को समानार्थी लोक शब्दले सामान्य जनसमुदायको भन्ने अर्थ बुझाउँछ । (literature) को समानार्थी साहित्य शब्दको व्युत्पति सहित + यत् (य) बाट भएको हो । यसको तात्पर्य शब्द र अर्थको यथावत् सहभाव भन्ने हुन्छ । त्यसैले नेपाली भाषमा प्रचलित लोकसाहित्यलाई र अङ्ग्रेजी भाषामा प्रचलित (Folk Literature) समान अर्थ र तात्पर्य बोक्ने समानार्थी शब्द हुन् ।[6]

'लोकसाहित्य' शब्द 'लोक' र 'साहित्य' दुई शब्दको संयोगद्वारा बनेको छ । यी दुई शब्दलाई तत्पुरुष समासद्वारा जोडेपछि लोकसाहित्य शब्द निष्पन्न हुन्छ । पौराणिक ग्रन्थहरुमा लोक शब्दलाई विभिन्न भुवन वा स्थान विशेषका अर्थमा प्रयोग गरेको भेटिन्छ । जस्तै भूर्लोक, भुवर्लोक, स्वर्गलोक, महर्लोक, जनलोक, तपोलोक, सत्यलोक आदि । पुराणमा बहुलोकको चर्चा गर्ने क्रममा भुवन वा स्थान विशेषको नाममा लोक शब्दको प्रयोग गरिए पनि पुराण र साहित्यमा प्रयुक्त लोक शब्द लोक समुदायकै अर्थमा प्रयुक्त छ । त्यसैले लोक शब्दको अर्थ लोक समुदाय नै हुन आउँछ । साहित्य शब्दको अर्थ हो हित वा कल्याणले युक्त कलात्मक वाणी । **हितेन सह सहित सहितस्य भाव साहित्य** अर्थात् हित वा कल्याणकारी भावयुक्त वाणी नै साहित्य हो । अतः लोक साहित्यको अर्थ हुन्छ लोकको हित वा कल्याणकारी भावयुक्त कलात्मक वाणी । यसबाट लोकद्वारा निर्मित र लोक कल्याणका निम्ति रचना गरिएको कलात्मक अभिव्यक्ति लोक साहित्य हो भन्ने अर्थ स्पष्ट हुन्छ ।[7]

---

[6] मोहनराज शर्मा र खगेन्द्र प्रसाद लुइटेल, लोकवार्ताविज्ञान र लोकसाहित्य,(विद्यार्थी पुस्तक भण्डार, २०६३), पृ.१४

[7] मोतीलाल पराजुली र जीवेन्द्र देव गिरी, पूर्ववत्, पृ.३

पूर्वीय वाङ्मयमा 'लोक' शब्दको प्रयोग वैदिककाल वा सो भन्दा पनि पूर्व देखि नै हुदैं आएको छ । यो शब्द संस्कृतको 'लोकृ दर्शने' धातुमा 'घत्र' प्रत्यय जोडेर बनेको हो । यस धातुको अर्थ हेर्नु वा देख्नु हुन्छ, जसको 'लट्' लकारमा अन्य पुरुष एकवचनको रुप लोकते हुन्छ । यसकारण लोकशब्दको अर्थ हुन्छ देख्ने अर्थात् देखिनेवाला । यसरी ती समस्त जनसमुदाय जो यस कार्यलाई गर्दछन् 'लोक' भनिन्छ । अर्थात देखिने दुनियाँ, संसार नै लोक हो ।[8]

लोकसाहित्यलाई लोकवार्ता वा लोकसंस्कृति अर्न्तगत पर्ने एउटा मुख्य भाग मानिन्छ । लोक र ंवार्ता को योगबाट निर्मित लोकवार्ता शब्दका निम्ति लोकसंस्कृति, लोकसाहित्यशास्त्र, लोकयान, लोकायान जस्ता शब्द पनि प्रचलित छन् । [9]

सामान्य अर्थमा 'लोक' भन्नाले एउटा निश्चित भूभागमा बस्ने मानिसहरु भन्ने बुझिन्छ । लोक मानवसभ्यताको उषाकालदेखि नै प्रचलित भएको शब्द हो । यस शब्दले पृथ्वीमा बसोबास गर्ने प्राणीहरुमध्येको सर्वश्रेष्ठ मनुष्य जातिलाई बुझाउँछ । 'लोक'शब्द कतै कतै 'जन' को पर्यायवाची रुपमा प्रयोग गरेको पाइन्छ । यसरी हेर्दा लोक साहित्य भनेको जनताको साहित्य हुनुपर्ने देखिए पनि त्यती व्यापक अर्थमा लिन सकिदैन । लोकसाहित्यका बारेमा विभिन्न विद्वान, चिन्तक, एवम् मर्मज्ञहरुले दिएका परिभाषाहरु निम्नानुसार छन् :- 'लोकसाहित्य भनेको मुख्यतः अपाठित समुदायको मौखिक रुपमा व्यक्त लोकविज्ञान हो ।' द न्यु इन्साइक्लोपेडिया ब्रिटानिका

यस अर्न्तगत लोकसाहित्यको उत्पति, विकास, विशेषता, प्रविधि, क्षेत्रीय र जातीय विविधता, मुख्य प्रकारहरुको अध्ययन र सङ्कलन दुवै पर्दछन् । 'लोकसाहित्य भनेको आदिम तथा अपठित समुदायको सिर्जना हो, त्यसैले यो अधिकांशतः लोकगीत, गाथा, परिकथा, नाटक, उखान, टुक्का, गाउँखाने कथा, मन्त्र र दन्त्यकथा समाविष्ट हुन्छन् । खास अर्थमा यिनलाई सङ्कलित गरेर लिपिवद्ध गरेपछि मात्र लोकसाहित्य हुन्छ ।' जे.ए.कडन । 'विद्वानहरुले सङ्कलन गरी लिपिवद्ध नगरुन्जेल एक पुस्ताबाट अर्को पुस्तामा सर्दै जाने परम्परित गीत, दन्त्यकथा आदिलाई लोकसाहित्य भनिन्छ ।' के. मोर्नर र आर. रस । 'लेख्य रुपबाट अप्रभावित रही मौखिक रुपमा हस्तान्तरण हुने परम्परित भनाईहरुलाई लोकसाहित्य भनिन्छ ।' मार्टिन ग्रे । [10]

"लोकसाहित्य एक गतिशील विज्ञान हो ।" आर . आर . मेरिट [11]

"लोकसाहित्य त्यो मनोरञ्जनात्मक साहित्य हो, जसले सर्वसाधारण समाजलाई मौखिक रुपमा भावमय अभिव्यक्ति दिन्छ ।"सत्यव्रत सिन्हा [12]

---

[8] रामनाथ ओझा र मधुसुदन गिरी, लोक साहित्य पूर्वआधुनिक नेपाली साहित्य र आधुनिक नेपाली निबन्ध, (स्टुडेन्टस् बुक्स् पब्लिसर्स एन्ड डिस्ट्रिव्युटर्स, २०६४),पृ.३

[9] मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल पूर्ववत्, पृ. १

[10] ऐजन, पृ.१४

[11] मोतीलाल पराजुली र जीवेन्द्र देव गिरी, पूर्ववत्, पृ.४

[12] +रामनाथ ओझा र मधुसुदन गिरी, पूर्ववत्, पृ.४

"सभ्यताको प्रभावबाट टाढा, आफ्नो सहज अवस्थामा रहेका निरक्षर जनताका आशानिराशा, हर्षविस्मात, जीवनमरण, नाफानोक्सान, सुखदु:खको अभिव्यञ्जना जुन साहित्यमा प्राप्त हुन्छ त्यसलाई लोक साहित्य भनिन्छ ।"डा. कृष्णदेव उपाध्याय [13]

'आदिम मानसिकता, लोकमनोविज्ञान अर्थात मनोभावना तथा अवशेषकै चर्चा गरेका छन् । यिनीहरुले रचायिताको अज्ञानतामा नै बढी जोड दिएका छन् ।' डा. सत्येन्द्र [14]

"लोकेन लोक : व्यवहार भूमौ, स्वभाषया स्वस्य विचारधारा: ।
प्रवाहिता लोकहिताय सिदधा:, सा लोक साहित्यतया प्रसिद्धा:॥"योगी नरहरि नाथ[15]

"लोक साहित्य त्यो हो जसमा नेपालीहरुको विशुद्ध लोक संस्कृति छ, उन्नत कला छ, आफ्नैपनको शैली छ, अझ यस नेपाली लोकसाहित्यमा सत्यं, शिवं, सुन्दरम्को रुपमा "लोकव्यवहारमा प्रचलित साहित्य, लोकवार्ता, लोकभाषा हो ।" बसन्तकुमार शर्मा [16]

"भावुक र कल्पनाशील व्यक्तिहरुको द्रवीभूत यथार्थ व्यञ्जना नै लोक साहित्यको पहिचान हो ।" वासुदेव त्रिपाठी [17]

"लेखन कलादेखि अनभिज्ञ साधारण लोकका बौद्धिक प्रयत्नबाट प्रस्फुटित भाषागत अभिव्यक्तिहरु लोकगीत, लोकनाटक, लोककथा, लोकगाथाको समष्टि रुपलाई नै लोकसाहित्य भनिन्छ ।" तुलसी दिवस [18]

"लोक साहित्यलाई जातीय सभ्यताको परिचायक मानिन्छ र यसमा युगौंदेखिका जीवन र उनीहरुका आकाङ्क्षाहरु सलबलाएका हुन्छन् र सुन्ने र भन्ने परम्परामा रहेर यसले आफ्नो रुपको निर्माण गर्दै आएको छ ।" ठाकुर प्रसाद पराजुली [19]

"लोकका भावनालाई व्यक्त गर्ने व्यक्तित्वहीन अभिव्यक्तिलाई लोकसाहित्य भन्न सकिन्छ । लोकसाहित्य प्रधानतः मौखिक एवम् परम्परागत हुन्छ ।" डा. विजयपाल सिंह [20]

"लोक साहित्य मानव सभ्यताको अताह सामग्री भएर परम्पराको संवाहक बनेको हुन्छ । हरेक वर्तमानको पूर्वपीठिकामा रहेको हुन्छ । त्यसै पीठिकाका आधारमा र सत्प्रेरणामा

---

[13] ऐजन,

[14] मनोहर लामिछाने, पूर्ववत्, पृ.६

[15] मोतीलाल पराजुली र जीवेन्द्र देव गिरी, पूर्ववत्, पृ.४

[16] मनोहर लामिछाने, लोकसाहित्य र संस्कृतिका केही पाटाहरु, (साझा प्रकाशन, २०६५), पृ.१

[17] मोतीलाल पराजुली र जीवेन्द्र देव गिरी, पूर्ववत्, पृ.४

[18] रामनाथ ओझा र मधुसुदन गिरी,पूर्ववत्, पृ.५

[19] मोतीलाल पराजुली र जीवेन्द्र देव गिरी, पूर्ववत्, पृ.४

[20] कृष्ण प्रसाद पराजुली, नेपाली लोकगीतको आलोक, रत्न पुस्तक भण्डार, काठमाडौं, २०६४ पृ.२८

मान्छे आफ्नो संस्कार, संस्कृति र परम्परा सब निजी पहिचान प्राप्त गर्दछ ।" राजेन्द्र सुवेदी [21]

"हाम्रो लोकजीवनका हाँसो र आँसु, इच्छा र अभाव आदि सारा जीवनक्रमहरु लोकले सहजै लिन र बुझ्न सक्ने गरी लोभलाग्दो भाषा र शैलीमा प्रस्टचाइएको हुँदा नै यसलाई लोकसाहित्य भनी पुकारिँदै आएको हुन सक्तछ । यसैले अझ स्पष्टताका निम्ति भन्न सकिन्छ लोकले सजिलै बुझ्न अनुभव गर्न सक्ने भाषा र भावनामा निर्मित मानव मुटुको स्पन्दनबाट निस्केको मीठो आकर्षणमय मौखिक साहित्य नै लोकसाहित्य हो ।" धर्मराज थापा र हंसपुरे सुवेदी [22]

"लोक साहित्यका षड्अङ्ग मानिन्छन् गीत, गाथा, कथा, काव्य,न्याय, प्रहेलिका । यी लोकभावनालाई अभिव्यक्त गर्ने सरल माध्यमहरु हुन् । यी माध्यमहरु पनि थरीथरीका उच्छ्वासद्वारा रङ्गिएका हुन्छन् संस्कार, ऋतु, पर्व, प्रकीर्ण, कर्म र प्रणयवेदना ।" पूर्णप्रकाश नेपाल 'यात्री' [23]

'लोकक्ज्ञान वा लोकभावनामा आधारित श्रुतिपरम्पराबाट प्राप्त व्यक्ति विशेषको नभई अपठितहरुबाट सामूहिक ढङ्गले लोकगीत, लोककविता, लोकगाथा लोककाव्य, लोककथा, लोकनाटक, गाउँखाने कथा, उखान, टुक्का, मन्त्र आदि विधाका रुपमा अभिव्यक्त हुने मौखिक भाषिक संरचनालाई लोकसाहित्य भनिन्छ ।' मोहनराज शर्मा र खगेन्द्र लुइटेल [24]

"सर्छन् भाका अनि यस गलाबाट अर्को गलामा ।" माधव घिमिरे [25]

"लोकसाहित्य लोकको साहित्य अर्थात् लोकबाट आएको , लोकको भावनामा फुटेको र लोकमै मौलाएको अभिव्यक्ति हो ।" कृष्णप्रसाद पराजुली [26]

"लोकसाहित्य लोकसमूहद्धारा स्वीकृत व्यक्तिका मौखिक क्रमबाट पाइएको त्यस्तो वाणी हो जसमा लोकमानस सङ्ग्रहित हुन्छ ।"डा. कुन्दनलाल उप्रेती [27]

"हाम्रो 'लोक' शब्द पूर्वेली सोचाइ, अन्तर्दृष्टि र कल्पनाशीलताको उच्चतम अभिव्यक्ति हो । वेद, पुराण र सम्पूर्ण मानवीय जीवनग्रन्थ र गाथाहरु यसैभित्र अटेका हुन्छन् ।" हिरण्य भोजपुरे [28]

---

[21] मोतीलाल पराजुली र जीवेन्द्र देव गिरी, पूर्ववत्, पृ.४

[22] मनोहर लामिछाने,पूर्ववत्, पृ.५

[23] ऐजन,

[24] कृष्णप्रसाद आचार्य, पूर्व आधुनिक नेपाली साहित्य, लोकसाहित्य र आधुनिक नेपाली निबन्ध, ( क्षितिज प्रकाशन २०६३) पृ.३०७ ।

[25] मनोहर लामिछाने, पृ.६

[26] ऐजन,

[27] कृष्णप्रसाद पराजुली, पूर्ववत्, पृ.२९

[28] मनोहर लामिछाने,पूर्ववत्, पृ.६

"लोकसाहित्य मानवजीवनको इतिहास मात्र नभएर संस्कृति हो । आँसु, हाँसो, घामपानी, सुखदुःख सबैथोक हो ।" कृष्णप्रसाद आचार्य[29]

"वास्तवमा लोकसाहित्य त्यो मौखिक अभिव्यक्ति हो, जो भलै कुनै व्यक्तिले रचना गरेको हुन्छ तापनि त्यसलाई सर्वसाधारण जनसमुदायले आफ्नो ठान्दछन् ।" डा. धीरेन्द्र बर्मा [30]

"लोकसाहित्यमा तत्कालीन राजनीतिक, सामाजिक र भौतिक परिवेश तथा तिनका चापप्रतिचापको असर परेको हुन्छ ।" जीवेन्द्रदेव गिरी [31]

माथिका परिभाषाका आधारमा लोकसाहित्य लोकजीवनको मौखिक परम्परामा हुर्केको कहिल्यै नओइलाउने साहित्य हो । यसबाट लोकसाहित्य कसैको निजी नभई लोकको साझा सम्पति हो भन्ने बुझिन्छ । लोक भनेको कुनै देश राष्ट्र वा भाषिक क्षेत्रको जनसमुदाय हो । यसै समुदायबाट जीवनका अनुभव, सुखदुःखका सुसेली र सुस्केरामा भिजेर विकसित हुँदै लोकसाहित्यको सिर्जना हुन्छ । जनमानसको आन्तरिक भावनाको सहज स्वस्फूर्त अभिव्यक्ति लोकसाहित्य हो । समाजको सामूहिक सिर्जनाको रुपमा युगौंदेखि चलिआएको अभिव्यक्तिका विविध रुपको समष्टिलाई लोकसाहित्य भन्नु उपयुक्त हुन्छ । यसरी लोकसाहित्य हरेक समाजको सुखदुःखले भरिएको मौलिक इतिहास हो । लोकसाहित्यमा खास सर्जकको महत्व हुँदैन । लोकको एक अङ्गले भन्दै गुनगुनाउँदै जाँदा र परम्परित रुपमा सम्वर्द्धन परिमार्जन गर्दै जाँदा एक एक भई सामूहिक रुपमै यसको जन्म हुन्छ र विकास पनि हुँदै जान्छ । लोकसाहित्य लोकको साहित्य अर्थात् लोकबाट आएको, लोकको भावनामा फुटेको र लोकमै मौलाएको अभिव्यक्ति हो । यसमा लोकमानसका समस्त क्रिया प्रतिक्रिया गुन्जन्छन्, लोकको आत्मजीवन बोल्छ । युगौदेखि चल्दै र विस्तारित हुँदैआएको लोकसाहित्यमा आफ्नो देश, आफ्नो राष्ट्रियता प्रतिविम्बत भएको पाइन्छ । यसमा लोकजीवनका आँसुहाँसो र सुखदुःखका भावना स्वभाविकतासाथ मुखरित हुन्छ लोकसाहित्यले लोकजगत्लाई लोकभावनाबारे मार्मिक रुपमा संवेदनशील हुन सघाउ पुऱ्याउने गर्दछ । [32]

यसरी सम्पूर्ण लोकसाहित्यको खोज कर्ता र चिन्तकहरुका विचारलाई केलाउँदा के देखिन्छ भने लोक जीवनका हर्ष, विस्मात, अनुभूति र अनुभव जस्ता घटना परिघटनालाई लोक भाषाका माध्यमद्वारा पुस्ता पुस्तामा सर्दै जाने अलिखित लोकको स्वतस्फुर्त मौलिक अभिव्यक्ति हो । जसमा प्रत्येक जातिको प्रतिबिम्ब झल्किएको हुन्छ । यो प्रत्येक मान्छेको पहिलो पाठशाला हो यसैबाट साहित्य उम्रने र मौलाउने गर्दछ भन्न सकिन्छ । सिञ्जा उपत्यकाबाट विकास भएको खस भाषाले ११ औं शताब्दीदेखि नै लिखित रुप ग्रहण गरेको हो । त्यही बेलादेखि नै नेपाली भाषा बोलीचालीमा रहेको अड्कल गर्न सकिन्छ । त्यस

---

29 ऐजन,

30 रामनाथ ओझा र मधुसूदन गिरी,पूर्ववत्, पृ.४

31 ऐजन,

32 कृष्णप्रसाद पराजुली, पूर्ववत्, पृ.२९-३०

बेलादेखि सगुन, मागल, पाग, चाँचरी, चैत, ढुस्का, धमारी, भैली, आदिका रुपमा नेपाली लोकसाहित्य विकास हुँदै आएको हो । यसरी हेर्दा लोकसाहित्यको उद्‌गम थलो र उर्वरभूमि पनि खसानक्षेत्र देखिन्छ ।[33]

लोकजीवनका सुखदुःख, रीतिरिवाज,आस्थानिष्ठा एवम् परम्परागत तत्त्वहरु विद्यमान रहेको काल्पनिक एवम् मौखिक कलात्मक अभिव्यक्ति लोक साहित्य हो, यसमा सामूहिक अवचेतनका भावहरु विद्यमान हुन्छन् तथा लोक मानसका भावहरु मौखिक साहित्यका माध्यमबाट प्रकट हुन्छन् । लेख्य साहित्यका विविध विधासरह यसमा पनि लोकगीत, लोककथा, लोकगाथा, लोक नाटक, लाकोक्ति आदि विविध विधाहरु रहेका हुन्छन् । मौखिक अभिव्यक्तिको समष्टि स्वरुप लोक साहित्य हो ।[34]

नेपाली लोकसाहित्यको लामो परम्परा रहे पनि यसको सङ्कलन अध्ययन र शोधको परम्परा भने त्यती लामो देखिदैन । सङ्कलन तर्फ मोतीराम भट्टका 'जान्ने कथा सङ्ग्रह' र 'उखानको बखान' नामक दुई कृतिहरुको उल्लेख पाइएतापनि ती अप्रपाप्य छन् । लोकगीततर्फ विश्वराज हरिहर शर्माको 'राग सङ्ग्रह' (१९६०) लोककथा तर्फ बोधविक्रम अधिकारीको 'नेपाली दन्त्य कथा' (१९९६) उखान तर्फ गङ्गाप्रसाद प्रधानको 'नेपाली उखानको पोस्तक' (१९६२) महावीरसिंह गड्तौलाको उखान बखानको प्रवाह (१९७४) तथा उखान टुक्कातर्फ पुष्कर शमशेरको 'नेपाली उखान र टुक्काको वर्णानुक्रमानुसारी सूची र वाक्यांश', 'वाक्यपद्धति इत्यादिको कोश खण्ड' १,२ (१९९८) जस्ता सङ्कलनहरुबाट लोकसाहित्यका विविध विधाको सङ्कलन कार्य प्रारम्भ भएको पाइन्छ । लोकसाहित्य सम्बन्धी चर्चा थाल्ने प्रारम्भिक व्यक्तिहरुमा महानन्द सापकोटा, सूर्यविक्रम ज्ञवाली र बाबुराम आचार्य देखिन्छन् । २००७ साल पछि लोकसाहित्यको सङ्कलन र अध्ययनको क्रम बढदै गएको छ । [35]

## २.२ लोकसाहित्यको विधागत वर्गीकरण

नेपाली लोकसाहित्यको वर्गीकरण सम्बन्धी अध्ययन अनुसन्धानबाट लोकविधाहरुको शास्त्रीय वर्गीकरण गर्नुपर्ने बाध्यता रहेको छ । शास्त्रका आधारमा गरिने विधागत वर्गीकरण आदर्श वर्गीकरण हो भने लोकजीवनले मानिआएको विधागत वर्गीकरण वास्तविक वा यथार्थ वर्गीकरण हो तर यथार्थ वर्गीकरण हुन सकेको छैन । लेख्य साहित्यको वर्गीकरण जस्तै लोक साहित्यलाई पनि माध्यम, प्रस्तुति, श्रेणी, आकार, प्रकार, आदिका आधारमा गद्य, पद्य, श्रव्य, दृश्य, स्थूल, सूक्ष्म, वृहत, लघु, लघुत्तम गरी विभिन्न तरिकाले वर्गीकरण गर्ने गरिएको पाइन्छ तापनि प्रकारगत आधार नै विधा वर्गीकरणको प्रमुख आधार मानिन्छ ।

---

33 मनोहर लामिछाने, पूर्ववत, पृ. १२

34 मोतीलाल पराजुली र जीवेन्द्र देव गिरी, पूर्ववत, पृ.५

35 मोहनराज शर्मा र खगेन्द्र प्रसाद लुइटेल, पूर्ववत, पृ.६१

हिन्दी साहित्यकोशमा लोकसाहित्यलाई लोकगीत, कथा, कहानी, चुट्कले/कहावतें, पहेलियाँ र मन्त्र गरी छ विधामा विभाजन गरेको पाइन्छ ।

कृष्णदेव उपाध्यायले लोकगीत, लोकगाथा, लोककथा, लोकनाट्य र लोक सुभाषित गरी पाँच प्रकारमा विभाजन गरेका छन् । उनले लोक सुभाषित अर्न्तगत मुहाबरा, लोकोक्ति, सुभाषित र लघुगीतलाई समातेका छन् ।

श्री राम शर्माले लोकसाहित्यलाई, लोकगाथा, लोकगीत, लोकनाट्य, लोककथा, प्रकीर्ण साहित्य गरी पाँच प्रकारमा विभाजन गरेका छन् र प्रकीर्णभित्र लोकोक्ति, मुहावरा, पहेली, खेलगीत, लोरी र पालनका गीतलाई समेटेका छन् ।

धर्मराज थापा र हंसपुरे सुवेदी (२०४१) ले लोकगीत, लोकगाथा, लोककथा, लोकनाटक, गाउँखाने कथा, उखान, टुक्का र विविध गरी सात प्रकारमा विभाजन गरेका छन् ।

पूर्णप्रकाश नेपाल 'यात्री' (२०४१) ले गीत, गाथा काव्य, न्याय र पहेलीका गरी पाँच प्रकारमा विभाजन गरेका छन् ।

चूडामणि बन्धुले लोकगीत, लोककविता, लोककाव्य, लोकनाटक, लोककथा, पहेली, उखान, टुक्का गरी आठ प्रकारमा विभाजन गरेको पाइन्छ । [36]

मोतीलाल पराजुली र जीवेन्द्र देव गिरीले लोकगीत, लोकगाथा, लोककथा, लोककविता, लोककाव्य, उखान,टुक्का, गाउँखानेकथा, लोकप्रहसन र लोकनाटक गरी दस प्रकारमा विभाजन गरेका छन् ।[37]

मोहनराज शर्मा र खगेन्द्र लुइटेलले लोकसाहित्यका लोकपद्य, लोकगद्य र लोकनाटय गरी तीन मुख्य प्रकारमा विभाजन गरेका छन् । लोकपद्य अर्न्तगत लोकगीत, लोककविता, लोकगाथा, लोककाव्य र मन्त्र गरी पाँचवटा विधालाई राखेका छन् भने लोकगद्य तर्फ लोककथा, गाँउखाने कथा, उखान र टुक्का गरी चार विधालाई राखेका छन् र लोकनाट्य तर्फ लोकनाटकलाई राखेका छन् । [38] यसरी विभिन्न लोक साहित्यकार र लोक वार्ता विज्ञले नेपाली लोक साहित्यको वर्गीकरणलाई प्रस्ट पारेका छन् ।

## २.३ लोकगीतको परिचय र परिभाषा

नेपाली लोक पद्यका चार प्रमुख विधा मध्ये लोकगीत एउटा विधा हो । पाश्चात्य लोकवार्ता विज्ञानमा लोकगीतको प्रयोग लोकपद्यका समानार्थीक रुपमा रहेको पाइन्छ । लोकगीत संसारका सबै देशहरुमा पाइन्छ । यो लोक साहित्यका विधाहरुमध्ये सबै भन्दा बढी समृद्ध, व्यापक र लोकप्रिय रहेको छ । प्रत्येक भाषा र समुदायमा लोकगीतकै सङ्ख्या बढी पाइन्छ । यो फुटकर प्रकारको लघु रचना हो । यो रचना सानो र आख्यानमुक्त हुन्छ । केही लोकगीतहरु लामा र हल्का आख्यानयुक्त भएको पाइए पनि यसको मूल स्वरुप लघु र

---

[36] खगेन्द्र घोडासैनी, अछामी गालीको अध्ययन, (सनलाइट पब्लिकेसन,कीर्तिपुर, काठमाडौं २०६७ ) पृ. १७

[37] मोतिलाल पराजुली र जीवेन्द्रदेव गिरी, पूर्ववत्, पृ. ९

[38] मोहनराज शर्मा र खगेन्द्र लुइटेल, पूर्ववत् , पृ. ५१

आख्यानमुक्त हुनु हो । लोकगीतलाई लोकसाहित्यको सबै भन्दा प्राचीन विधा मानिन्छ । यसको प्रारम्भ मानिसले वाणीको प्रयोग गर्न थाले देखि नै भएको ठानिन्छ । यस आधारमा लोकगीतको थालनी वेद भन्दा पनि पूर्ववर्ती समयमा भएको हो भन्ने देखिन्छ ।[39]

लोकजीवनका लाखौँ सरल हृदयको ढुकढुकीलाई छुने लोकगीत लोकसाहित्यको बढी प्रचलित र लोकप्रिय विधा हो । त्यसैले गीतको पनि पुर्खा हो लोकगीत । लोकले गुनगुनाउन थालेदेखि र आफ्ना मनका भावलाई अरुका हृदयमा पुऱ्याई छुवाउन खोजेदेखि नै लोकगीत उनीहरुको सुख दुःखको साथी भएर आएको छ । आफ्ना मनका दुःख पीर आँसु हाँसो र उल्लास उमङ्गलाई लयबद्ध रुपमा अरुसमक्ष पुऱ्याउनु लोकगीतको स्वाभाविक प्रक्रिया हो । प्राय : गीतले भावनाका प्रस्फुटनद्वारा जीवन र जगतका सूक्ष्म कुरा व्यक्त गरिरहेको हुन्छ भने लोकगीतले लोकजीवनका दुःखित, उद्विग्न, प्रफुल्लित, जाग्रत आदि लक्षणलाई समेटेको हुन्छ । जाति लिङ्ग व्यक्ति र समाजको भेदभाव नरही हरेक उमेर र वर्गका मानिसहरुले कुनै पनि बन्धनबाट मुक्त भएर लोकगीत गाउँछन् । लोकगीतमा चाहिँ लोकमानस सुसेलेको हुन्छ ।[40]

लोकगीत सबैभन्दा प्राचीन, सबैभन्दा समृद्ध, सबै विधाभन्दा लोकप्रिय र समसामयिक युगमा पनि मानव हृदयलाई तत्कालै छुन सक्ने अत्यन्त लोकप्रिय भई सम्प्रेषणीय विधाका रुपमा रहेको छ । आजको युगमा रेडियो, टेलिभिजन, टेलिफिल्म र चलचित्रमा गाइएका लोकशैलीका गीतले जनसमुदायमा पारेको प्रभावलाई हेर्दा लोक साहित्यका सम्पूर्ण विधा मध्ये यो अत्यन्त लोकप्रिय, गतिशील, संवेदनशील र जनप्रिय विधाका रुपमा देखा पर्दछ । लोकगीतको परिभाषा दिने क्रममा विभिन्न विद्ववानहरुले दिएका परिभाषा मध्ये महत्वपूर्ण परिभाषाहरु निम्नानुसार छन् । "लोकगीत जनताको गलागलाबाट अनवरत बगिरहने छहरा हो । यो स्वच्छ हिमहिखरबाट बगेको कञ्चन जल प्रवाह झैं स्वच्छ र उदार मानव हृदय जस्तै विशाल छ ।" धर्मराज थापा र हंसपुरे सुवेदी [41]

"लोकगीत भनेको लोक जीवनको रागात्मक स्वतः स्फूर्त लयात्मक अभिव्यक्ति हो । यसमा लोक जीवनका दुःखसुख, आँसुहाँसो, आशा निराशाका साथै लोकको चाल चलन, विधि व्यवहार,आस्था र मान्यताहरुको चित्रण हुन्छ ।" चूडामणि बन्धु [42]

"जनजीवनका आधारभूत संस्कारहरु र मार्मिक भाव तथा सङ्कलित चेतनाको उपज हो लोकगीत । लोकगीत नै हाम्रो काव्यपरम्पराको प्रारुप पनि हो । " डा. वासुदेव त्रिपाठी[43]

---

[39] ऐजन, पृ. ७३

[40] कृष्णप्रसाद पराजुली, पूर्ववत्, पृ.७३

[41] मोतीलाल परजुली र जीवेन्द्र देव गिरी, पूर्ववत्, पृ. २५

[42] ऐजन,

[43] कृष्णप्रसाद पराजुली, पूर्ववत्, पृ.६९

"लोकगीत नयाँ वा पुरानो नभई वनको वृक्षजस्तै हुन्छ । यसका जरा अतीतमा गाडिएका हुन्छन्, तर यसले लगातार नयाँ हाँगा, नयाँ पात र नयाँ फलहरु उत्पन्न गरिरहन्छ ।" राल्फ भी. विलियम्स [44]।

"लोकगीत वस्तुत : त्यही हुन सक्छ जसमा रचायिताको निजी व्यक्तित्व हुँदैन । रचायिताले लोकमानससँग तादात्मय राख्छ र समस्त लोकको व्यक्तित्व उत्रने र लोकले आफ्नै चीज भन्न थाल्ने व्यक्तित्वहीन रचना गर्छ । त्यही रचना लोकको आफ्नो गीत हुन्छ , जुन गीत परम्परामा गाँसिन्छ र परम्पराले समय समयमा अनुकूल परिवर्तन गर्दै रहन्छ । " धीरेन्द्र बर्मा र अन्य, हिन्दी साहित्य कोश [45]

## २.४ लोकगीतका तत्त्वहरु

कुनै पनि साहित्यिक कृतिको रचनाको निर्माणमा नभई नहुने आवश्यकीय वस्तुलाई नै तत्त्वका रुपमा लिन सकिन्छ । तत्त्वलाई उपकरण, अङ्ग, घटक, संरचक घटक, अवयव आदि पनि भनिन्छ । यिनै आवश्यक तत्त्वको उपस्थिति बिना लोकगीतले पनि आफ्नो संरचना प्राप्त गर्न सक्दैन । ती प्रमुख तत्त्वहरु निम्न लिखित छन् ।

### २.४.१ सन्देश :

सन्देशलाई सिर्जनात्मक कृतिको विषयवस्तु वा मूल कथ्य पनि भनिन्छ । लोकगीतमा केही न केही सन्देश रहेकै हुन्छ । गायक वा रचनाकारले श्रोतासम्म पुऱ्याउँन चाहेको कुरा अर्थात अभिव्यक्ति नै सन्देश हो । यसमा लोकसमुदायको व्यापक अनुभवमा आधारित सुख दुःखका हर्ष विस्मात, प्रेमपीडा, मिलनवियोग, गरीब धनीका क्रियाकलाप, गाउँवेशी हिमाल पहाडका, मेलापाताका, उकाली ओरालीका अनुभवजन्य अभिव्यक्तिहरुको सरल, सहज, स्वाभाविक र प्रभावकारी उद्‌गार व्यक्त भएको पाइन्छ । लोकगीतमा सन्देशलाई प्रवाहित गर्न कथ्य विषयलाई गीतका फाँकीद्वारा सशक्त विस्तार गरिन्छ र अन्त्यतिर सन्देशलाई प्रवाहित गरिन्छ । यही सन्देशलाई भाव वा विचार मान्न सकिन्छ ।

### २.४.२ उद्देश्य :

उद्देश्य बिना लोकगीत निरर्थक रचना ठहरिने हुँदा एउटा तत्त्वका रुपमा यसको महत्वपूर्ण स्थान रहेको छ । नेपाली लोकगीतका उद्देश्यहरुको पहिचान गर्न खोज्दा तिनवटा निश्चित प्रयोजन भएको पाइन्छ । शिक्षा दिने, ज्ञान बढाउने र मनोरञ्जन प्रदान गर्ने उद्देश्यबाट नेपाली लोकगीतहरु रचिएका पाइन्छन् । लोकगीतमा सामाजिक जीवनका वास्तवीक भोगाइ, यथार्थको प्रकटीकरण गर्ने उद्देश्यले पनि रचिएको पाइन्छ । त्यसैले उद्देश्यलाई लोकगीतको एक तत्त्व मानिन्छ ।

### २.४.३ भाषा :

---

[44] ऐजन,

[45] कृष्णप्रसाद पराजुली, पूर्ववत्, पृ.६७

लोकगीतको माध्यम भाषा हो । यसमा लोक भाषाको प्रयोग गरिन्छ । सरल, सहज, झर्रा, स्थानीय र सग्ला शब्दहरुको बढी प्रयोग हुन्छ । यसको भाषा सरल प्रकारको हुन्छ । यसमा अनुप्रास, रुपक, उपमा आदि अलङ्कारहरुको प्रयोग भएको पाइन्छ । यसको भाषामा छन्दले भन्दा लय, गेयता र सङ्गीतात्मकताले प्रधानता पाउँछ । लोकगीतको भाषामा लाक्षणिकता र व्यञ्जनात्मकता पाइए पनि सरलता, बोधगम्यता, मधुरता यसका खास विशेषता हुन् । भाषालाई लोकगीतको अनिवार्य तत्त्व मानिन्छ । यस अर्न्तगत शब्दप्रयोग, वाक्यविन्यास, विम्ब, प्रतिक, लय, अलङ्कार, छन्द, अर्थ आदिको योजना तथा विधान पर्दछन् ।

### २.४.४ शैली :

लोकगीत गाउँदा कहाँ तन्क्याउने र खुम्च्याउने भनी निर्धारण गरिएको आधारलाई शैली भनिन्छ । यसलाई लोकगीतमा लय वा भाका पनि भनिन्छ । लोक जीवनमा ठाडो भाका, तेर्सो भाका, लामस्वरे भाका, छरितो भाका, छोटो भाका आदि भाकाको नामाकरण गरिएको पाइन्छ । विभिन्न थेगासँग गासिएर पनि भाकाको नामाकरण हुँदै आएको छ । सालै जो भाका, भेलमा सलल भाका, सुनिमायाँ भाका, निरन्जाले भाका आदि यसरी नै भन्ने गरिएका हुन् । लोकगीतका लय वा भाकाका आधारमा  झ्याउरे, सवाई, सेलो, रसिया, रन सन्देश, लल्लोरी, दोहा आदि नामाकरण पनि भएको पाइन्छ ।

### २.४.५ स्थायी र अन्तरा :

गीत गाउँदा स्थायीलाई पटक  पटक दोहोऱ्याएर गाइन्छ । यसबाट गीतको मुख्य भनाई प्रस्तुत हुन्छ । अन्तरालाई बिच बिचमा राख्दै गीतको बिस्तार गरिन्छ । यसले स्थायीमा हुने मुख्य भनाईलाई सघाउ पुऱ्याउँछ । हरेक अन्तरा पछि स्थायी दोहोऱ्याउने प्रचलन छ । स्थायी प्राय समूहले द्रुत लयमा गाउने गर्दछन् र नाचमा यसले तिब्र गतिलाई आमन्त्रण गर्दछ । अन्तरा प्राय एक जनाले विलम्बित लयमा बिस्तारै गाउने गरिएको पाइन्छ ।

## २.५ लोकगीतको वर्गीकरण

लोकगीतको वर्गीकरण निर्धारणमा एकै मत रहेको पाइँदैन । विभिन्न विद्वानहरु बिच वर्गीकरणका सवालमा मत भिन्नता हुनु छुट्याउने निश्चित आधारहरुको अभाव हो । विभिन्न विद्वानहरुले विभिन्न किसिमका वर्गीकरण गरेका छन् । नेपाली लोकगीतको अध्ययनको क्रममा निम्नानुसारका वर्गीकरण उपयोगी देखिन्छन् ।

क) थापा र सुवेदीको वर्गीकरण अनुसार

(१) सामान्य गीत  
(२) संस्कार गीत  
(३) ऋतु वा व्रत सम्बन्धी गीत  
(४) कर्म गीत  
(५) पर्व गीत  
(६) नृत्य गीत  
(७) विविध गीत

ख) पराजुलीको वर्गीकरण अनुसार

१) वर्ष चक्रीय लोक गीत  बाह्रमासे लोकगीत र ऋतुकालीन लोकगीत (पर्व गीत,कर्म गीत)

२) जीवन चक्रीय लोकगीत  संस्कार गीत, धार्मीक गीत, उमेर अवस्था कालीन गीत, नृत्य गीत ।

ग) चुडामणी बन्धुको वर्गीकरण अनुसार

अ) सहभागीताका आधारमा वर्गीकरण

(१) एकल गीत,

(२) दोहोरी गीत,

(३) समूह गीत ।

आ) लय वा भाकाका आधारमा वर्गीकरण

(१) स्थानगत (कालीपारे, बन्दीपुरे गीत आदि )

(२) जातिगत (वादी गीत, दमाइ गीत, गाइने गीत आदि )

(३) अन्य  (विभिन्न भाका अनुसार)

(इ) प्रकार्यका आधारमा वर्गीकरण

(१) सामान्य गीत  (बाह्रमासे, दोहोरी आदि )

(२) विशेष गीत   (धार्मिक गीत, अनुष्ठानमूलक तथा संस्कार गीत,ऋतु गीत तथा पर्व गीत)

(घ) जीवेन्द्र देव गिरी र मोतिलाल पराजुलीको वर्गीकरण अनुसार

अ) विषयका आधारमा वर्गीकरण

(१) श्रम गीत   (२) प्रेम गीत

(३ ) शोक गीत   (४) संस्कार गीत

(५ ) भक्ति गीत

(आ) सहभागिका आधारमा वर्गीकरण

(१) एकल गीत

(२) दोहोरी गीत

(३) समूह गीत

(इ) प्रकार्यका आधारमा वर्गीकरण

(१) सामान्य  गीत :

बाह्रमासा, बाह्रमासे, भ्याउरे, देउडा, रसिया, सेलो, रोइला, कौरा,टुङ्ना, चुडका   आदि

(२) विशेष गीत :

मागल, फाग, धमारी,भजन, रत्यौली, कराँत, गोडेलो, दाइँ गीत, रोपाइ गीत, तीजका गीत, सैरेलो, देउसी, भैलो, होरी, चण्डी नाचका गीत आदि

(ई) संगीत सहचार्यका आधारमा वर्गीकरण

(१) गेय गीत

(२) वाद्य गीत

(३) नृत्य गीत

**२.६ निष्कर्ष**

लोक जीवनका आस्था, विश्वास, व्यवहार, चिन्तन र अनुभूतिहरुलाई कल्पनाको आवरण दिएर रोमाञ्चक तत्त्वहरुको मिश्रण गरी कलात्मक रुपमा प्रस्तुत गरिने मौखिक साहित्य लोकसाहित्य हो । लोक साहित्यको रचना र प्रचलन मानव सभ्यताको प्रारम्भ देखि नै भएको हो त्यस समयदेखि नै यसले निरन्तरता पाउँदै आएको छ । अङ्ग्रेजीमा लोकसाहित्यलाई (Folk literature) भनिन्छ । अङ्ग्रेजी (Folk) को समानार्थी लोक शब्दले सामान्य जनसमुदायको भन्ने अर्थ बुझाउँछ । (literature) को समानार्थी साहित्य शब्दको व्युत्पति सहित + यत् (य) बाट भएको हो । यसको तात्पर्य शब्द र अर्थको यथावत् सहभाव भन्ने हुन्छ । त्यसैले नेपाली भाषामा प्रचलित लोकसाहित्यलाई र अङ्ग्रेजी भाषामा प्रचलित (Folk Literature) समान अर्थ र तात्पर्य बोक्ने समानार्थी शब्द हुन् । सामान्य अर्थमा 'लोक' भन्नाले एउटा निश्चित भूभागमा बस्ने मानिसहरु भन्ने बुझिन्छ । लोक शब्द मानवसभ्यताको उषाकाल देखि नै प्रचलित भएको जुन शब्दले पृथ्वीमा बसोबास गर्ने प्राणीमध्येको सर्वश्रेष्ठ मनुष्य जातिलाई बुझाउँछ । 'लोक' शब्द कतै कतै 'जन' को पर्यावाची रुपमा प्रयोग गरेको पाईन्छ । यसरी हेर्दा लोक साहित्य भनेको जनताको साहित्य हुनुपर्ने देखिए पनि त्यति व्यापक अर्थमा लिन सकिदैन । लोकसाहित्यका बारेमा विभिन्न विद्वान, चिन्तक, एवम् मर्मज्ञहरुका आ-आफ्ना परिभाषाहरु प्रस्तुत गरिएको छ । लोकगीत, लोकगाथा, लोककथा, लोकनाटक, गाउँखाने कथा, उखान टुक्का, न्याय, पहेलीका, लोककविता, लोककाव्य, पहेली, लोकप्रहसन, लोकपद्य, लोकगद्य, गरी विभिन्न विद्वानहरुको आ - आफ्नो मत - मतान्तर प्रस्तुत गरेर लोकसाहित्यलाई वर्गीकरण गरिएको छ ।

## ३.१ अछामको भौगोलिक परिचय

### ३.१.१ भू बनोट

नेपालका १४ अञ्चलहरुमध्ये सुदूरपश्चिमाञ्चलमा पर्ने सेती अञ्चलको पहाडी जिल्ला हो अछाम । यसको उत्तर तर्फ बाजुरा, पूर्वतर्फ दैलेख कालिकोट दक्षिणतर्फ, सुर्खेत र पश्चिमतर्फ डोटी जिल्ला पर्दछन् । छिमेकी जिल्लाको तुलनामा क्षेत्रफलमा सानो भएपनि जनसङ्ख्या हिसाबले ठूलो छ । यसलाई सेती नदी, बुढीगङ्गा र कैलासखोलाका फाँटहरुले रमणीय र धनधान्यपूर्ण पारेका छन् । यहाँ समथर जमिनको तुलनामा पहाडी भिरालो भाग नै बढी रहेको छ । तर उराठलाग्दा पहाड र हिमालीक्षेत्र त्यति छैन । उच्चलेक, होचा पहाड, खोलाका छेउमा टार, फाँट, सैनहरु प्रशस्त रहेका छन् । यहाँ न धेरै गर्मी न धेरै जाडो हुनेहुँदा जनजीवनका लागि अत्यन्त अनुकूल क्षेत्र मानिन्छ ।

मध्यपहाडी भागमा पर्ने अछाम जिल्लामा प्रशस्त बनजङ्ल, जलस्रोत, जडीबुटी, बन्यजन्तु तथा पशुपंक्षीहरु पाइन्छन् । भौगोलिक रुपबाट अछाम जिल्ला २८° ४५' देखि २९° ३३ सम्म उत्तरी आक्षांस र ८१° ०२ देखि ८१° ३५ पूर्वी देशान्तरसम्म विस्तार भएको छ । समुद्री सतहदेखि अछाम जिल्ला ५४० मिटरदेखि ३८२० मिटरसम्म उचाइमा रहेको छ । यसको क्षेत्रफल १६९२ वर्ग कि.मी रहेको छ । [46]

ठूला जलाशय र ताल तलैयाका दृष्टिकोणले पनि अछाम जिल्ला प्रख्यात मानिन्छ । यस्ता जलाशयहरुमा खप्तड ताल प्रमुख हो भने रामारोशन क्षेत्रमा पर्ने बाऱ्हवण्ड र ऋषि दह पनि प्रख्यात छन् । अन्य सानातिना ताल र वण्डहरु धेरै छन् । अछामको धरातलीय स्वरुप अनौठो र रमणीय हुनाले घुमफिर र दृश्यावलोकनका निम्ति उपयुक्त मानिन्छ

### ३.१.२ नामाकरण

हरेक ठाउँको नाम रहनुको पछाडि कुनै न कुनै आधारहरु हुन्छन् । कुनै नाम स्थानका आधारमा, कुनै पेशाका आधारमा, र कुनै पुरुषार्थको आधारमा रहेका हुन्छन् । अछाम जिल्लाको नाम रहनुका कारणहरु खोजी गर्दा निम्न मतहरु देखिएका छन् ।

प्रथम मतः अछाम नामाकरणका सम्बन्धमा अछामी राजाको प्रारम्भिक राजधानी बुढीथर्पू सेरालाई मानिन्छ । सेरा बुढीथर्पूबाट केही तल पास्तोली गाड बग्दछ । त्यसदेखि पूर्वपट्टि तिनवटा छहरा खसेका छन् । ती मध्ये एउटा छहरा अलि ठूलो र डर लाग्दो छ । यी तिनवटै छहरामा माथिको मूलबाट पानी आउँछ । प्राचीनकालमा यो मुहानलाई अस्माम्बु भनिन्थ्यो । त्यहाँ प्रत्येक माघे सङ्क्रान्तिमा मेला लाग्दछ । सोही अस्माम्बु शब्दबाट अपभ्रम्स भई अस्माम्ब अच्छाम्म अछाम्म हुदैं हालको अछाम भएको हो भन्ने एउटा मत छ ।

द्वितीय मत : परापूर्वकालमा आश्वलायन ऋषि खप्तडमा तपस्या गर्न आउँदा उनका साथमा एउटा चेलापनि आएका थिए । उनी बालब्रम्हचारी हुनाले ऋषि आश्वलायनले आफ्नो मद्दतका लागि योग सिकाउन साथमा ल्याएका थिए । उनको नाम अक्षम थियो । आफ्नो गुरुको आज्ञा अनुसार ती ब्रम्हचारी बालक कैलाशको मुहान रामारोशन क्षेत्रमा आएर

[46] राजाराम सुवेदी, अछामको इतिहास, (श्री वैधनाथक्षेत्र प्रकाशन समिति, अछाम, २०५७) पृ. १०

तपस्या गरी बसे । उनको तपस्याका तेजले वरपरको वातावरण अत्यन्त तेजमय र आकर्षक भयो । त्यस्तो तेजमय धर्तीलाई अक्षम स्थल भनियो । पछि गएर त्यही अक्षम स्थलनै अछाम नामले चिनिन थाल्यो ।

तृतीय मत : कर्णाली प्रदेशका राजा जितारी मल्लका जेठा छोरा अक्षय मल्ल राजकुमार छँदा अछामको कार्यभार सम्हाल्न विनायकमा आई बसे, त्यहाँ बस्दा उनले अनेक देवलहरु निर्माण गराए । उनी धार्मिक र प्रजावत्सल थिए । उनको नामबाट उक्त ठाउँलाई अक्षय मल्ल पनि भनियो । त्यस पछि अपभ्रंश हुदैं अक्षयम र अन्त्यमा अछाम रहन गयो भन्ने मत रहेको छ ।

### ३.१.३ **नदी र खोलाहरु**

अछाममा ठूला सानागरी ३० वटा नदी र खोलाहरु छन् । ती मध्ये प्रमुख नदीहरुमा कर्णाली, सेती, बुढीगङ्गा, कैलाशखोला, छिपेखोला,र चाइरवोगाड हुन् । तीनको सामान्य परिचय पनि दिन सकिन्छ ।

#### ३.१.३.१ .कर्णाली नदी :

यो नेपाल बाहिरबाट आउने हिमनदी हो । यसले पूर्वीक्षेत्रको कालेकाँडा गा.वि.स लाई कालिकोटबाट छुट्याउँछ भने बारला, तोली, पुलेतोला, लयाटी, कालिका स्थान, बयला,रानीबन,भैरवस्थान,रहफ गा.वि.स लाई दैलेखबाट छुट्याउँछ अनि रहफ, तुर्माखाँदा नाडा, ढुङ्गाचाल्ना, ढकारी, वलाता गा.वि.स.बाट सुर्खेत जिल्लालाई छुट्याउँछ ।

#### ३.१.३.२ .बूढी गङ्गा (बृद्ध गङ्गा) :

बूढी गङ्गाको मूल बाजुरा जिल्लाको जस्करहिमरेजबाट सुरुभइ ससाना खोल्सा थपिइ बढेको छ । यस नदीका प्रमुख तीर्थस्थलहरुमा बाहुली र त्रिवेणीघाट बालिका नदीसँग सङ्गम भई बग्दछ भने खप्तडक्षेत्रबाट अएको र मिसिएको ठाउँलाई इकिडिघाट भनिन्छ । यसले साँफेलाई पनि छोएको छ ।

#### ३.१.३.३ .कैलाश खोला :

मानसखण्डमा भृगु ऋषिका पुत्रले केदारकेदारीमा सोम यज्ञ गर्दा उत्पन्न गराएको मानिएता पनि यसको उत्तरमा पर्ने रामारोशनका बाऱ्हबण्ड अन्तर्गत पर्ने अकाशेछहराबाट आउने पानी पनि कैलाशखोलामा मिलेको छ । अछाममा प्रचलित लोक विश्वासअनुसार आकाशे छहराबाट निस्कने जललाई भगवान शङ्करको लटाबाट आएका आधारबाट यसको नामाकरण कैलाशखोला भएको जानकारी हुन्छ । यसको बिचबिचमा बल्लेखोला, तापीखोलाघाट र जीम्राडी जस्ता महत्त्वका क्षेत्र रहेका छन् । यसबाट २०५२ सालमा सम्पन्न अछाम सानो जलविद्युत आयोजनाबाट ४०० किलोवाट विद्युत उत्पादन भएको छ ।

**३.१.३.४ .चाइरओगाड :**

सेरागाड, सेउलेगाड, जमुनीगाड, घेघडीगाड, ढुङ्गानीगाड जस्ता स-साना खोलाहरु मिलेर हिच्मा नजिक पुगेर यसले खोलाको ठूलो रुप लिन्छ । मङ्गलसैनको पाटोलाई हिच्मा बलातासँग पृथक गर्ने काम यही गाडले गरेको छ ।

**३.१.३.५ .कुइकागाड :**

कुइका, चाल्सा गाउँबाट चल्ने यो खोलाले प्रशस्त जमीनमा सिन्चन गरेको छ ।

**३.१.३.६ .बिनायकगाड :**

नन्दादेवी र कालापानीको पानी जम्मा भएर बगेको खोलाले विनायक र तोलीगाउँलाई सिन्चित गरेको छ ।

**३.१.३.७ .प्रभाली गाड :**

सङ्गर पर्वतबाट उत्पत्ति भई कुमाइथान र प्रभाको फाँट हुदैं साँफेबगर, बुढीगङ्गामा मिल्दछ ।

**३.१.३.८ लुंग्रेली गाड :**

सङ्गरपर्वतको देवीथुमदेखि उत्तर तर्फको पर्वतबाट उत्पत्ति भई श्री वैद्यनाथ मन्दिर निकट बुढीगङ्गामा समाहित हुन्छ ।

**३.१.३.९ छिपेखोला :**

वैद्यपर्वतको वेलथुमबाट उत्पत्ति भई पूर्वबाट पशिचम बग्दै साँफेबगरनेर बुढीगङ्गामा मिसिन्छ ।

यी बाहेक साना खोला र गाडहरु पनि अछाममा थुप्रै रहेका छन् । अछामलाई हराबरा र सिन्चित गर्न यी खोला र गाडहरुको महत्त्वपूर्ण भूमिका रहेको छ । यी खोलाहरुबाट खानेपानी र सरसफाइका साथै पानीघट्टहरु सञ्चालन भएका छन् । यी खोलाहरुको किनार किनारमा साना साना बेसी र ज्युला रहेका छन् । बेसी र ज्युलाहरुमा यिनै गाडहरुको पानीले सिञ्चित गरी धान उत्पादन गरिन्छ तर ती सवै खोला र गाडको नाम यहाँ उल्लेख गर्न सकिदैन । ती मध्ये प्रमुख नामहरु यसप्रकार छन् ।

| | |
|---|---|
| (१) सोकट गाड | (२) जिज्यारी गाड |
| (३) फुलामको गाड | (४) लोड्यागाड |
| (५) सेलानेको गाड | (६) इकडी गाड |
| (७) उनीरवा गाड | (८) अल्लेडी गाड |
| (९) जनाली गाड | (१०) तापिरवा गाड |
| (११) अदौला खोला | (१२) बल्याखोला |
| (१३) ताला खोला | (१४) बारला खोला |

| | |
|---|---|
| (१५) जुडिरवा | (१६) रक्तु,खोला |
| (१७) मालुमेला खोला | (१८) नथ्खोला |

(१९) घट्टे गाड  आदि जस्ता खोलाहरु रहेका छन् ।

### ३.१.४ राजनैतिक विभाजन :

अछाम जिल्लालाई दुईवटा निर्वाचन क्षेत्र १३ वटा इलाका र ७५ वटा गा.वि.स मा विभाजन गरी प्रशासनिक सेवा सुविधाहरु उपलब्ध गराउँदै आएको पाइन्छ । यस जिल्लाको सदरमुकाम मङ्गलसेन हो । यो क्षेत्र न. २ मा पर्दछ । यसै ठाउँबाट जनताका प्रसाशनिक कामहरु हुन्छन् ।  ती इलाका र गा.वि.स का नामहरु यस प्रकार छन् ।

इलाका

| | |
|---|---|
| (१) चौरपार्टी | (२) श्रीकोट |
| (३) ठाँटी | (४) मेल्लेघ |
| (५) साँफे | (६) शान्तडा |
| (७) जयगढ | (८) मङ्गलसेन |
| (९) वल्तडाँडा | (१०) विनायक |
| (११) कमलबजार | (१२) ढकारी |
| (१३) तुर्माखाँद | |

७५ गा.वि.स.हरुका नाम यसप्रकार छन् ।

| | | |
|---|---|---|
| (१) सिउडी | (२) सोकट | (३) पायल |
| (४) लुङग्रा | (५) वैजनाथ | (६) जाल्पादेवी |
| (७) शिद्धेश्वर | (८) मार्कु | (९) दुनी |
| (१०) पातालकोट | (११) घुघुरकोट | (१२) देवीस्थान |
| (१३) खप्तड | (१४) बाबला | (१५) बूढाकोट |
| (१६) विन्धेवासिनी | (१७) षोडषादेवी | (१८) ऋषिदह |
| (१९) हात्तीकोट | (२०) कुस्कोट | (२१) ठाँटी |
| (२२) मष्टामांडौ | (२३) नवाठाना | (२४) रिडीकोट |
| (२५) चण्डिका | (२६) नन्देगडा | (२७) भागेश्वर |
| (२८) शान्तडा | (२९) चाफामांडौ | (३०) सुतार |
| (३१) भाटकाटिया | (३२) रामारोशन | (३३) बाटुलासैन |
| (३४) बरदादेबी | (३५) टिमिल्सेन | (३६) गाज्रा |
| (३७) जनालीकोट | (३८) कालिका | (३९) दर्ना |
| (४०) मङलसेन | (४१) कुन्तीबण्डाली | (४२) वलीगाँउ |
| (४३) जनालीवण्डाली | (४४) सेरा | (४५) बस्ती |
| (४६) जुपु | (४७) वीरपथ | (४८) कालागाँउ |
| (४९) मलातीकोट | (५०) वान्नातोली | (५१) विनायक |

| | | |
|---|---|---|
| (५२) पुल्लेतोला | (५३) लयाँटी | (५४) बारला |
| (५५) तोली | (५६) कालिका स्थान | (५७) कालेकाँडा |
| (५८) बयला | (५९) ढाकु | (६०) मूली |
| (६१) कुइका | (६२) चाल्सा | (६३) ढकारी |
| (६४) हिच्मा | (६५) घोडासैन | (६६) बलाँता |
| (६७) ढुङ्गाचाल्ना | (६८) मष्टाबण्डाली | (६९) तुर्माखाँद |
| (७०) रानीवन | (७१) तोसी | (७२) रहफ |
| (७३) नाडा | (७४) भैरवस्थान | (७५) धमाली |

**शिक्षा :**

अछामी जनताको ठूलो लगानी र प्रयत्नको फलस्वरुप वि.स. २०१७ सालमा अछामको बयलपाटामा मा.वि. सञ्चालन भयो । यही नै अछामको जेठो मा.वि को रुपमा स्थापित भयो । वि.स. २०३२ सालमा मङ्लसेनमा अर्को मा.वि. सञ्चालन भयो त्यसपछि कालागाउँमा वि.स.२०३७ मा र क्रमश : विनायक, श्रीकोट, मेल्लेख, तुर्माखाँद, नेटाकोट, धमाली, कालिमाटीमा मा.वि.हरु सञ्चालन भए । हाल अछाम जिल्लामा प्रा.वि. ३२२ नि.मा.वि.५३, मा.वि.४४,उ.मा.वि.१९र क्याम्पस ५ वटा रहेका छन् । यस जिल्लामा १६ वटा श्रोतकेन्द्र मार्फत विद्यालयको गतिविधि निरिक्षण भइरहेको छ । अछाम जिल्लामा पुरुषहरुको भन्दा महिलाहरुको जनसङ्ख्या बढी छ । यद्यपि साक्षरता दर ३३% महिला र ५२% पुरुष रहेको छ । अरु बाँकी निरक्षर छन् ।

**जनसंख्या**

अछाम जिल्लामा बाहुन, क्षेत्री, ठकुरी, मगर, दलित, राउटे, कुसुण्डा, लिम्बु, शेर्पा, माझी, राजी, थामी, आदि जातिहरुको बसोबास रहेको छ । बाहुन, क्षेत्रीहरुको बाहुल्यता बढी रहेको पाइन्छ । दलित जातीमा कामीको बाहुल्यता रहेको पाइयो भने जनजातिमा मगरको बाहुल्यता रहेको पाइन्छ । यस जिल्लाको कूल जनसङ्ख्या २,३१,२८५ जसमा पुरुष १,०८, ९९८ र महिला १,२२,२८७ छ भने औसत परिवार सङ्ख्या ५.२ रहेको छ । यस जिल्लाको जनघनत्व १३७.८५र जनसङ्ख्या बृद्धिदर १.५४ रहेको छ

**स्वास्थ्य :**

अछाम जिल्लामा हरेक गा.वि.स मा एउटा गरी ६२ वटा उपस्वास्थ्य चौकी, १३ वटा स्वास्थ्यचौकी र सदरमुकाम मङ्गलसेनमा १५ शैयाको अस्पताल, बयलपाटामा १५ शैयाको अस्पताल र कमल बजारमा ३ शैयाको प्राथमिक स्वास्थ्यचौकी निर्माण भई हाल सञ्चालनमा रहेका छन् । यातायातको असुविधाका कारण सेवाग्राहीले समयमा उपचार पाउन सकेका छैनन् ।

**विद्युत :**

विं.स. २०४६ सालमा कैलासखोलामा जलविद्धुत आयोजना सम्पन्न भएपछि सदरमुकाम मङ्गलसेन, बयलपाटा, साँफेबगर लगाएतका व्यापारिक केन्द्रहरुमा विद्युत सेवा पुगेको छ भने अन्य साना जलविद्युत आयोजनाबाट रामारोशन, शान्तडा, चाफामाण्डौं र मलातीकोटमा यो सेवा पुऱ्याइएको छ । अन्य केही गा. वि.स.मा सना खोलाबाट विद्युत निकाल्ने प्रयास गरिदैछ र सोलार प्रणालीबाट विद्युत सेवा उपलब्ध गराइएको छ ।

**यातायात :**

नेपालको यातायत विकास सँगै अछाममा पनि यातायातको सुविधा विस्तार भइरहेको छ । वि. स. २०५२ सालमा डोटीदेखि साँफेबगर सम्म मोटर बाटो बने पछि अछाममा सजिलै पहिलो पटक मोटर पुगेको थियो । त्यसपछि साँफेबगरबाट बयलपाटा, जयगढ, तिमिल्सेन हुँदै मङ्गलसेनसम्म यातायात सेवा सञ्चालनमा आएको छ । हाल पूर्वी सिमाना कर्णाली राजमार्ग जोड्ने मोटरबाटो निर्माण भइसकेको छ र हलुका सवारी साधनहरु सञ्चालनमा छन् । सो मार्गलाई मध्यपहाडी राजमार्गको रुपमा विकसित गर्न चौडा बनाउने कार्य भइरहेको छ । अर्कातर्फ गैरीटाँडदेखि दक्षिण कमलबजार-तुर्माखाँद हुँदै जङ्गलघाट सम्म मोटरबाटो निर्माण भइसकेको छ । तुर्माखाँदबाट भैरवस्थान हुदै असारा जोड्ने बाटो पनि निर्माण भइसकेको छ र तुर्माखाँदसम्म जिप र ट्रयाक्टर ले ढुवानी सेवा उपलब्ध गराइरहेका छन् । अहिले अछामको प्रत्येक गा.वि.स लाई मोटरबाटोले छोएको छ । त्यस्तै तिमिल्सैन देखि रामारोशनखण्डको मुजाबगरसम्म ट्रयाक्टर र जीप सञ्चालनमा छन् भने मङ्गलसेनदेखि कालागाउँसम्म मोटर बाटो निर्माण भइसकेको छ । साँफेबगरको हवाइसेवा मोटरबाटो सञ्चालन भएपछि ठप्प भएको छ अछामको पूर्व क्षेत्रमा पर्ने कमलबजार विमानस्थलको निर्माणकार्य सम्पन्न भइसकेपनि हालसम्म सञ्चालनमा आउन सकेको छैन् ।

**सञ्चार :**

अछाम जिल्लाका हरेक गा.वि.स.मा स्थानीय हुलाक र जिल्लामा १३ वटा इलाकामा इलाका हुलाक कार्यलयहरुले हुलाक सेवा प्रदान गरिरहेका छन् । जिल्लाका प्रमुख स्थानहरुमा २०५८ साल अघि नै टेलिफोन सेवा पुगिसकेको भएपनि जनयुद्धका कारण अवरुद्ध भई मङ्गलसेनमा मात्र सीमित रहयो । हाल टेलिफोन सेवाले जिल्लाभरि बिस्तार हुने अवसर पाएको छ । सदरमुकाम मङ्गलसेन, बयलपाटामा टेलिभिजन पुगेको छ भने अन्य ठाउँमा टेलिभिजन सुविधा पुग्न सकेको छैन ।

**पर्यटन क्षेत्र :**

अछाम जिल्ला पर्यटनका निम्तिपनि महत्त्वपूर्ण मानिन्छ । विशेषगरी बान्नीगढी, खप्तड, मेलखेल, मष्टामाण्डौं, मङ्गलसेन, विनायक, तडिगैरा, रामारोशन, श्रीकोट,देवीथुम, वैद्यनाथ, घुघुरकोट, बाब्ला, हिच्मा सुँगाली बलाँता, तुर्माखाँद, तितौरा, जस्ता ठाँउहरु पर्यटनको लागि उपयुक्त मानिन्छन । रामारोशन क्षेत्रलाई 'बाऱ्हखण्ड अठारखण्ड' भनिन्छ ।

यहाँको प्राकृतिक सुन्दरताले पर्यटकहरुलाई आर्कषण गर्न सक्षम छ । बाऱ्हखण्ड  मध्ये केही खण्डहरु पुरिएर गएपनि हाल तल्लो धौने, मुल्लो धौने, बाटुले, जिगले, लामदह, लिसेडाली, गाग्रे, ताउले आदि तालहरु रहेका छन् । अठार खण्डहरु मध्ये किनिमिनी गडो, रोशनगडो, रामे आदि छन् । ती मध्ये केहीको परिचय दिन सान्दर्भिक देखिन्छ ।

**किनीमनो गडो :**

यो गडो रामारोशन गा.वि.स को उत्तरपूर्वी भागमा पर्दछ । यसलाई सानो उपत्यका भनेपनि हुन्छ । यस ठाउँमा पुग्दा छुट्टै संसारमा पुगेझैं लाग्दछ । तलपट्टी ठुलाठुला ढुङ्गा छिचोल्दै कैलाश खोला बग्दछ, यस ठाउँमा पुग्दा तराइका समथर भू-भागमा आए जस्तै लाग्दछ । त्यस ठाउँमा ढुङ्गा छैनन् । त्यहाँ १०/ १२ वटा टुइनअटर सजिलै अवतरण गर्न सकिन्छ । त्यसको उत्तरपट्टी विशाल चट्टाने पहाड छ । जहाँ भिर माहुरीहरु रमाई रहेका हुन्छन बास स्थान स्वरुप १०० बढी चाका बनाएको देखिन्छ । यसको बिचबाट कैलाशखोला बगेको छ । हाल यो गडो श्री यशोदा उ.मा.वि को नाममा दर्ता भएको भएपनि यसको सदुपयोग हुन सकेको छैन् ।

**रोशन गडो :**

किनीमिनी गडोको दक्षिण पूर्वपट्टि करिब १ कि.मि.दुरीमा उकालो चढेपछि रोशनगडो आउँछ । ४ वर्ग किलोमीटरको क्षेत्रफलमा फैलिएको यस गडोमा छुट्टै आनन्द आउँछ । यसको पशिचमतिर टहरा छन् जहाँ गोठालाहरु बस्ने गर्दछन् । यस गडोमा गा.वि.स भरिका गाई, भैसी र अन्य चौपायहरु चर्ने, बस्ने गर्दछन् ।

**लामादह :**

रोशनगडो देखि १ किलोमिटर पूर्वमा लामादह पर्दछ । यो रोशन भन्दा अग्लो ठाउँमा छ । यो दह अत्यन्तै फोहर र वरिपरिको किनारा पुरिदै गएको छ ।

**कालीदह :**

यो ताल गहिरो हुनाले कालो देखिन्छ र अत्यन्त डर लाग्दो छ । यसको चारैतिर झ्याउले घेरेको छ । यसको वरिपरि घना जङ्गल छ ।

**जिगलेताल :**

यो ताल सबै भन्दा ठूलो छ । यसको छेउमा झ्याउले घेरिएको हुदाँ यसमा जान गाऱ्हो छ । यसको अर्को छेऊ सजिलो हुनाले त्यहाँ आएर जङ्गली जनावरले पानी पिउँछन् ।

**बाटुले ताल :**

गोलो आकृतिको हुनाले यसलाई बाटुले ताल भनिएको हो । यो ताल अत्यन्तै रमणीय देखिन्छ । यसको छेउमा शिव मन्दिरको निर्माण भएको छ । खप्तड राष्ट्रिय निकुञ्ज पनि पर्यटकको लागि महत्त्वपूर्ण क्षेत्र मानिन्छ । तर यातायातको असुविधाका कारणले पर्यटकको आगमन हुन सकेको छैन । हाल निर्माणाधिन तिमिल्सेन- रामारोशन मोटर बाटो बनेपछि यस क्षेत्रले महत्त्वपूर्ण फड्को मार्ने सम्भावना रहेको छ ।[47]

## ३.१.५ ऐतिहासिक परिचय

### ३.१.५.१ प्राचीनकाल :

प्राचीनकालमा अछाममा छुट्टै राज्य स्थापना भएको प्रमाणहरु नपाइएकोले अछामलाई कुनै न कुनै राज्यमा गाभिएको कुरा पुष्टि हुन आउँछ । नेपालको इतिहासमा प्राचीनकाल भन्नाले लिच्छविकाललाई जनाउँछ । लिच्छविकालमा नेपालको सिमाना निकै फैलिएको प्रमाणहरु फेला परेका छन् । लिच्छिवराजा मानदेवको विजय अभियानको कुरा चाँगुनारायणको शिलालेखमा भेटिन्छ । त्यसकारण वर्तमान अछाम जिल्ला प्राचीन कालमा लिच्छवी शासन अर्न्तगत पर्दथ्यो भन्ने कुरा अनुमान गर्न सकिन्छ ।

### ३.१.५.२ पूर्व मध्यकाल :

कर्णाली प्रदेशका राजा पृथ्वी मल्लको वि.स.१४०६ मा केही व्यक्तिहरुलाई कर माफी गरिदिएको ताम्रपत्र साक्षीको रुपमा अछामी राउलाको नाम उल्लेख भएकाले अछाम क्षेत्र कर्णाली प्रदेशका राजाको अधीनमा रहेको कुरा पुष्टि भएको छ । तेर्‍हौं शताब्दीमा राजा अशोक चल्लको समस्त पश्चिम नेपाल, पश्चिम भोट, लद्दाक सम्मको भूभागलाई केदारे खस, मण्डले भनिन्थ्यो । त्यहाँका राजाले बारम्बर काठमाडौं उपत्यका माथि आक्रमण गर्दथे । यसरी कर्णाली प्रदेशमा आक्रमण गर्नेहरुलाई काठमाडौं उपत्यका बासीहरुले 'खस' भनेका र गोपालवंशावलीमा पनि सोही कुरा उल्लेख हुनु र आजकाल पनि डोटी, अछाम, जुम्ला, बझाङलाई  एकै शब्दमा 'खसान' भन्ने चलन हुनाले अछाम त्यसबेला कर्णाली प्रदेशको अधिन रहेको कुरा पुष्टि हुन्छ ।

अछामका विभिन्न स्थानमा रहेका देवल र मुङग्राहरुमा केही लेखेको नभेटिएपनि विनायक पञ्चदेवलमा कर्णाली प्रदेशका राजा जितारी मल्लका छोरा अक्षयमल्लले निर्माण गरेको शिलालेखमा भेटेएकोले अछाम जुम्ला जिल्ला सिंजाका राजाको अधीन रहेको कुरा पुष्टि हुन्छ ।[48]

---

[47] बालबालिकाहरुको स्थिती,(जिल्ला बालकल्याण समिति अछाम, २०६८) पृ ४-५

[48] राजाराम सुवेदी, पूर्ववत्,  पृ.२२

### ३.१.५.३ मध्यकाल

बाइसी राज्यहरु : नेपालको इतिहासमा कर्णाली प्रदेशको ठुलो शक्ति आर्जन गरेको खस मल्ल साम्राज्यको पतन भएपछि त्यस क्षेत्रमा मध्यकालीन सभ्यताको थालनी भएको थियो । खस मल्ल शक्तिको विखण्डनपछि कर्णाली प्रदेशमा बाइसी राज्यहरु खडाभएको, तिनीहरुको सङ्ख्या कहिले घटी र कहिले बढी भएतापनि तिनीहरुको सामूहिक नाम बाइसी राज्य रहन गयो । अछाम राज्य तिनै बाइसी राज्य मध्य एउटा थियो । यहाँ समुद्रवंशी राजाकी छोरी हारमता मैयाको विवाह एक ब्राहमण युवकसँग भएको थियो उनैबाट जन्मेका बालक देवचन्द्रको शासन स्वीकार नगर्दा वि.स.१११२ मा आफै आई सीजापति राजाले बुढीथर्पु सेरामा राज्यभिषेक गराएका थिए । त्यसपछि अछाममा सोमवंशी शाहहरुको उदय भयो । उनै देवचन्द्रका सन्ततीहरुले अछाममा सिर्तो उठाउन सजिलो होस भन्ने हेतुले अछामलाई नौखण्डमा विभाजन गरी नौखुवा अछाम भनिन थालियो । जस अनुसार अछामलाई आठसय दरा, पन्ध्रबिस दरा, पाँचसय, आठबिस, छब्बीस, नौबीस, सातसय, तल्लो भैसोल्या, मुल्लो भैसोल्या गरी नौखण्ड अद्यापी कायम छन् । ती सोमवंशी राजाहरुले नेपालको एकीकरण हुदाँसम्म अछाममा शासन चलाएका थिए।[49]

### ३.१.५.४ एकीकरणपछि :

नेपाल एकीकरणको समयमा श्री ५ रणबहादुर शाहले सल्यानी राजा गजेन्द्र शाहको सहयोगमा अछाममा आक्रमण गरे । तर अछामीहरुले ठुलो बहादुर साथ लडी तिनीहरुलाई भगाउन र मार्न थाले । नेपाली सेनाका धेरै सिपाहीहरु मारिए । त्यसपछि काठमाण्डौबाट थप सेना कप्तान कालुपाण्डेको नेतृत्वका आए । सल्यानी राजाको सेना र उक्त थपसेनाले अछामलाई चेपमा पार्‍यो । अछाममा तालिम प्राप्त सेना नभएकाले हाहाकार पर्‍यो । नेपाली सेनाको विरुद्ध लाग्ने अछामीहरुलाई दैलेखको साईमा लगेर मारियो । अछामी राजा देवचन्द्र शाह भागी मुग्लानतिर पसे । उनका छोरा मोहर शाहले नेपाल सरकारसित विद्रोह नर्गन सम्झौता गरेपछि अछाम नेपाल राज्यमा गाभिन पुग्यो । त्यसपछि अछाम डोटी प्रदेशको एकाइको रुपमा रहदै आएको थियो । वि.स.१९८७ मा अछाम दुई टुक्रा भई कैलाश पूर्व दैलेख र कैलाश पश्चिम डोटीमा गाभियो ।

### ३.१.५.५ आधुनिक काल (२००७ साल पछि)

डोटी र दैलेखमा विभाजित भएको अछामलाई डोटी र दैलेखका प्रशासनले दुर्व्यबहार गरेको हुँदा अछामी जनता एकजुट भएर नैनबहादुर स्वार, टेकबहादुर रावल, हरिप्रसाद भण्डारी इन्द्रसिंह रावल आदि नेताहरुको सक्रियतामा आन्दोलन चल्यो । उक्त आन्दोलन पछि प्रधानमन्त्री टङ्कप्रसाद आचार्यको मन्त्रीमण्डलले उक्त माग स्वीकारेकाले अछाम एक हुन पुग्यो र अछाममा माल अदालतको दरबन्दी स्वीकृत भयो । वि.स.२०१३ सालमा श्री ५ महेन्द्र डोटी जाँदा अछामका नेताहरुले राजाको बाटो छेकी आफ्ना माग प्रस्तुत गरेकाले वि.स. २०१४ बैशाखमा कालागाउँमा र एकवर्ष पछि मङ्गलसेन दरवारमा माल अड्डा कायम भयो । वि.स.२०१७ सालमा अछाममा (B.D.O) बलक डेप्लोमेन्ट

---

[49] ऐजन, पृ. १२५

अफिसर खटाई जिल्ला विकासको रुपमा प्रारम्भिक कार्य हुन थाले । २०१९ सालको संविधान जारी हुने बेला बुढी गङ्गा पारिका १३ गा.वि.स लाई डोटीमा गाभियो । यसो हुँदा त्यस क्षेत्रका जनता लाई मर्का परेको हुदाँ त्यहाँका नेताहरुले विभिन्न चरणमा आन्दोलन गरिरहे । २०२८ मा स्थानीय प्रशासन अध्यादेशले अछामलाई प्रशासनिक जिल्लामा परिणत गर्‍यो ।

श्री नैनबहादुर स्वाँर राष्ट्रिय पञ्चायतको अध्यक्ष भएको बेला संविधान संशोधन गर्ने अवसर परेकोले अछामको आवाज केन्द्रले सुन्नै पर्ने भयो । वि.स.२०३२ मा डोटीमा गाँभिएको आठसय दरा पुनः अछाममा गाभियो । यसका साथै अछाममा रा.पा.स.को २ वटा सीट कायम भयो । त्यसैबेला सदरमुकाम मङ्गलसेनमा कायम गर्ने निर्णय हुँदा आठसय र पाँचसय दराका मानिसहरुले सदरमुकाम रिडिकोट हुनुपर्छ भन्ने मागका साथ विवाद हुँदा साँफेमा गोली समेत चल्यो । जसबाट खेतमा काम गरिरहेका चार जनाको मृत्यु भयो । सो गोली काण्डका नाइके गङ्गाबहादुर कुँवर र डबलबहादुर कुँवर लाई जेलमा राखियो । अन्त्यमा त्यस भेगका जनतालाई आश्वासन दिन वयलपाटामा अस्पताल भवनहरु बने तर भवन बनेको ४० बर्ष पछि मात्र उक्त भवनमा गैरसरकारी संस्थाबाट भएपनि अस्पताल सञ्चालन भयो । यसरी सदरमुकाम मङ्लसेनमा कायम रहेको जानकारी पाइन्छ ।[50]

### ३.१.६ प्रमुख धार्मिक स्थलहरु :

अछाम जिल्ला धार्मिक दृष्टिकोणले पनि महत्वपूर्ण स्थल रही आएको छ । यहाँका डाडाँ डाँडा र थुम्का थुम्कामा देवस्थलहरु छन् । ती मध्ये केही प्रमुख धार्मिक स्थलहरु छन् । ती मध्ये केही प्रमुख धार्मिक स्थलहरुको यहाँ वर्णन गरिन्छ ।

**बडी मालिका :**

जिल्लागत हिसाबमा बडी मालिका पूर्णरुपमा अछाममा नपरेपनि एक राज्यको रुपमा रहँदा लालुलोखडा र लवाडुङ्गा अछाममा नै थिए । ती ठाउँहरु क्रमश : कालिकोट र बाजुरामा गाभिँए तापनि रामारोशन र भाटाकाटियाँ गा.वि.सको सिमाना पञ्चपुरी पाटन बडीमालिका सम्म पुगेको छ । भौगलिक सिमानाभित्र नपरेपनि अछामीहरु बडी मालिकालाई आफ्नी आराध्य देवीका रुपमा मान्दछन् । अछाम छबीसको पञ्चपुरी पाटन र बाजुरा जिल्ला कैलासमाण्डौ गा.वि.स वाड.न.९को सिमानामा १४६०० फिटको उचाईमा बडीमालिका मन्दिर पर्दछ । ऋषि तर्पणी रक्षाबन्धनका पर्वहरुमा यहाँ भव्य मेला लाग्दछ ।

**खप्तडको खापरजगन्नाथ र सहस्रलिङ्ग :**

अछाम, बाजुरा, डोटी र बझाङ जिल्लाको सिमानामा पर्ने अत्यन्त मनोरम पर्यटनकेन्द्र खप्तडको केही भाग अछाम जिल्लामा पर्दछ । यसै पावन भूमिमा रहेका दुइवटा धार्मिकस्थलहरु खापरजगन्नाथ सहस्रलिङ्ग हुन् । जुम्ली राजाका पालामा निर्माण गरेको खापरजगन्नाथको मन्दिर खप्तडदहदेखि इशानकोणतिर पर्दछ । यहाँका पुजारी महाराजी खड्काहरु हुन्छन् । उनीहरु हाल बझाङमा बस्दछन् । यस मन्दिरको पुजाआजाका लागि

---

[50] ऐजन, पृ. २४३

सरकारबाट गुठीको व्यबस्था गरिएको छ । करिब ९०० वर्गमीटर क्षेत्रमा फैलिएको अत्यन्त कलात्मक मन्दिर २०३७ सालको भूकम्पले क्षति पुऱ्याएकोले पुनः जीर्णोद्वार गरिएको छ । त्यसभित्र एउटा गुप्ती कोठा छ । त्यहीँ श्री खापर जगन्नाथको मूर्ति छ । मन्दिरका आँगनमा १२ वटा शिला स्तम्भहरु छन् ।

चारै जिल्लामा फैलिएको यो भूस्वर्ग खप्तडको मुटु भनेको त्रिवेणी हो । यहाँबाट उत्तरको भाग बझाङ र बाजुरा पर्छ । दक्षिणतर्फको भाग अछाम र पश्चिमतर्फको भाग डोटी जिल्लाको पर्दछ । यहाँ स्वर्ण गङ्गा र निलगङ्गाको सङगम स्थल छ । त्रिवेणीबाट दक्षिणतर्फ ३ घण्टाको उकालो हिँडाइपछि १३०० फिटको उचाइमा सहस्रलिङ्गको रुपमा महादेवका ठुला साना अनेकौं मूर्तिहरु छन् । त्यहाँ दर्शनार्थीहरुले भक्तिपूर्वक पूजा अर्चना गरी बर माग्दछन् ।

**श्री वैद्यनाथ ज्योतिर्लिङ्ग :**

अछामको प्रमुख व्यापारिक स्थल साँफेबगरदेखि दक्षिणतर्फ बुढीगङ्गाको पश्चिमतट कालिमाटीगढी देखि पूर्वतर्फको तल्लो टारमा वैद्यनाथ मन्दिर छ । उक्त मन्दिर पहिले सानो ढिस्कोमा थियो तर त्यो ढिस्कोलाई बाढीले बगाई केवल शिवलिङ्ग मात्र बाँकी रहँदा पुर्ननिर्मित मन्दिरमा पुर्नस्थापना गरिएको छ ।

वैद्यनाथ क्षेत्रमा नित्यपुजा विद्यिवत् भैरहेको छ । महाशिवरात्रीमा यहाँ भव्य मेला लाग्दछ । अछाम र डाटी जिल्लाका भक्तजनहरु आई शिवजीको पुजा आराधना गरी वर माग्दछन् । वैद्यनाथमा महाशिवरात्री पर्व मनाउन एक महिनादेखि तयारी शुरु हुन्छ । तदानुसार माघे अमावस्यादेखि गुठीयारहरुले तोकेको जङ्गलबाट ३२ हात लामो टाँगो काट्ने र स्वास्थानी पूर्णिमाको दिनमा पुरानाटाँगा हटाउने नयाँ टागा गाडने गरिन्छ । फागुन चतुर्दशीको बिहानैदेखि वैद्यनाथमा विभिन्न ठाउँबाट बाजागाजा ध्वाजा पताका सहित श्री बैद्धनाथको बढाइ र जय घोष गरिन्छ । क्रमैसँग भक्त जुलुस मन्दिर परिसरमा प्रवेश गर्दछ । त्यहाँ पुगी मन्दिरको परिक्रमा गरी पर्गला चढाउँछन् ।

**बान्नीगढी वरदादेवी**

सोमवंशी राजाहरुले बान्नीगढीलाई आफ्नो राजधानी बनाएदेखि नै यहाँ वरदादेवीको मन्दिर स्थापना गरेका हुन् । अछाम जिल्लाको साँफेबगर देखि दक्षिणतर्फ वरदादेवी गा. वि. स. अन्तर्गत पर्दछ । यहाँ पुरानो दरवार गढी किल्लाका खण्डहरु छन् । यसैगढीको आडमा वरदादेवीको मन्दिरमा प्राचीन मूर्ति वाँया हातमा चोट परी सानो खण्डीत अवस्थामा थियो तर त्यो मूर्ति २०४८ सालमा चोरेर वेपत्ता पारिएको छ ।

**प्रभाको माडी ( सिद्व धुनी ) :**

साँफेबगरबाट उत्तरतिर रहेको गाउँलाई प्रभा भनिन्छ । यो सिद्धेश्वर गा.वि.स को वडा न. ८ मा पर्दछ । त्यस गाउँको बिचमा सांस्कृतिक महत्वको एउटा भवन छ । जसलाई माडी भनिन्छ । प्रभाको उक्त माडी ( धर्मशाला ) मूलतः सिद्धाश्रम हो । त्यस माडी भित्रको पश्चिमी पाटोमा सिढुवाको धुनी, एउटा त्रिशुल, एउटा मृगचर्म, एउटा डमरु, केही

दाउरा खरानी र धुनी जगाउने ठाउँ राखिएका छन् । उक्त माडीमा प्रयोग गरिएका खम्बाका चारवटै पाटामा मध्यकालीन कलाले भरिएका चित्रहरु छन् । माडीको बिच भागमा काठका फल्याक ओछ्याएर ३ फीट अग्लो फलैचा बनाइएको छ । त्यस फलैचाले चाङको काम गरेको छ । फलैचाको क्षेत्रफल १०×१० फिट रहेको छ । त्यसमाथि ओछ्याएर बस्न मिल्नेगरी काठलाई चिप्लो र चिल्लो पारिएको छ ।

**श्रीकोटकी भग्न जाल्पादेवी :**

साँफेबगर देखि पश्चिमपट्टिको पहाडमा जाल्पादेवी गा.वि.स.को पूर्वी भागमा जाल्पादेवीको मन्दिर र श्रीकोट भग्नक्षेत्र पर्दछ । श्रीकोट प्राचीन र ऐतिहासिक क्षेत्र हो । यहाँ प्राचीन भग्नावशेषहरु रहेका छन् । ती अवशेषहरु मध्ये जाल्पादेवीको मन्दिर पनि एक हो । श्रीकोटको  जाल्पादेवीको भग्न मन्दिर भिरालो ठाउँमा ढुङ्गाको १२० हात व्यास भएको पर्खालले घेराउगरी बिचमा एउटा सानो देवलजस्तो पारी आकाश खुला गरिएको अवस्था छ । बिचमा आकाशे रङ्गको ढुङ्गामा महिषमर्दिनी भगवतीको १०×६ इन्चको मूर्ति त्यो पनि शरीरको भाग लोप भैसकेको छ ।

**केदारकेदारी ( नन्दमाता ) :**

भाटाकाटिया गा.वि.स. र ऋषिदह गा.वि.सको सीमामा सिन्दुरखेत र केदारपाइलाको मध्ये भागमा समतल एवम् मनोरम भूमि छ । त्यहाँ टाढा टाढासम्म कुनै ढुङगा छैनन् । तर त्यसको बिच भागमा केही फरकमा २ वटा शिला छन् । दाहिने तर्फको शिला दुई फिट अग्लो २ फिट मोटो  थेप्चो आकारको छ । भने देब्रेतर्फको शिला अन्दाजी ६ फिट मोटाइ भएको लिङ्ग आकारको छ । यिनै दुई शिलालाई मानसखण्डमा केदार केदारीको रुपमा वर्णन गरिएको छ ।

तर स्थानीय बासीहरु नदाइ वा नन्दमाता देवीको रुपमा पुजा गर्दछन् । यहाँ अनन्त चर्तुदर्शीको दिनमा भव्य मेला लाग्दछ । गुठीको पनि व्यवस्था छ ।

**तितौराको त्रिपुरा सुन्दरी :**

पूर्वी अछाममा पर्ने कमलबजारको दक्षिणपूर्व तोषी र तुर्माखाँददेखि पश्चिम, धमालीदेखि पश्चिम घोडासैन गा.वि.स. मा पर्ने चुचुरोलाई तितौराको लेक भनिन्छ । तर पुराणमा यसलाई त्रिपुर पर्वत भनिएको छ । यसै पर्वतको थुम्कोमा त्रिपुरा सुन्दरी वा तितौराकी देवीको मन्दिर छ । यहाँ हरेक वर्ष कोजाग्रत पूर्णिमामा भव्य मेला लाग्दछ । पूर्वी अछामको सबैभन्दा ठूलो मेला यसैलाई मानिन्छ र यहाँ सुर्खेत दैलेख र कैलाली सम्मका मानिसहरु मेला हेर्न आउँछन् । [51]

[51] ऐजन, पृ. २९ - ३०

**अन्य धार्मिक स्थलहरु :**

अछामका सबै धार्मिक स्थलको वर्णन गर्न सम्भव छैन तर नाम छुटाउन नमिल्ने थुप्रै स्थलहरु छन् । ती हुन तोषीको बगलदेऊ, ढकारीको जाल्पादेवी मन्दिर, नाडाको बागेश्वरी मन्दिर, मङ्गलसेनको षोडशादेवी मन्दिर, देवीस्थानकी सङ्गरादेवी, विमकोटको षोडशादेवी, कालागाउँको सिद्धसंसारनाथ, कालागाउँ आयरकी कोकीलादेवी, बिलथुमकी, बिन्द्रदेवी, साँचुल्लाकी जाल्पादेवी आदि प्रमुख हुन् ।

**३.१.७ ऐतिहासिक स्थलहरु**

**विनायक :**

भगवान शङ्करका पुत्र श्री गणेशका ११ वटा नाम मध्ये विनायक पनि एक हो । उनै गणेशजीको मन्दिर रहेको हुदाँ यस ठाउँको नाउँ विनायक रहन गएको हो । विनायक अछाम जिल्लाको पूर्वी भेक कर्णालीको तटवर्ती क्षेत्रमा पर्दछ । हाल विनायक पञ्चदेवलदेखि उत्तरपट्टिको गऱ्होमा विनायकको ढिस्को छ । त्यहाँ पहिले ठूलो गणेश मन्दिर थियो भनिन्छ तर अहिले न मन्दिर छ  न मूर्ति छ । विनायक प्राचीन सभ्यताको थलोका रुपमा रही आएको कुरा त्यहाँ स्थित पञ्चदेवलले पुष्टि गरेका छन् । कर्णाली प्रदेशमा छिर्ने मूल बाटोमा पर्ने हुँदा यसलाइ कर्णालीको ढोकाको रुपमा लिइन्छ ।

**विमकोट :**

अछाममा राज्य गर्ने सोमवंशी राजाहरुको पहिलो र जेठो हाँगो मानिने शाह खानदानका राजाहरुको वसोवास भएको विमकोट ऐतिहासिक क्षेत्र मानिन्छ । विमकोट एउटा राज्य थियो । नेपालको एकीकरणपूर्व त्यहाँ सोमवंशीको जेठो हाँगोले प्रशासनको रेखदेख गर्थ्यो र त्यताको सिर्तो (कर) उठाइ खान्थ्यो । नेपालको एकीकरणपछि बिमकोटे राजालाई स्थानीय सिर्तो उठाउने जिम्मा दिइएको थियो । पञ्चखतका मुद्दा बाहेकका सबै मुद्दा हेर्ने अधिकार पनि थियो ।

**घुँघुरकोट :**

अछाम जिल्लाको उत्तरी भेगमा घुँघुरकोट पर्दछ । पहिले यो अछामी राजाको थपौला राज्य थियो । घुँघुरखोला र राहापानी खोलाबाट बनेको घुँघुरकोट घुँघुरुको आकारको परेको छ । घुँघुरुको आकृति परेको टापु भएकोले यसलाई घुँघुरुको ढिस्को भनियो । त्यहाँ अछामी राजाका सन्तान आई राज्य गरी किल्लाकोट र घरहरु निर्माण गरी बसेकाले यसलाई घुँघुरकोट भनिएको हो ।

**मङ्गलसेन :**

अछाम जिल्लाको सदरमुकाम रहेको मङ्गलसेन अछामी राजाको राजधानी थियो । त्यहाँ रहेको भव्य दरबार २०५८ सालमा जनयुद्धको क्रममा ध्वस्त भएको थियो । त्यही स्थानमा उक्त दरबारको पूनर्निर्माणको थालनी भएको छ । हाल मङ्गलसेन सदरमुकाम भएका कारण विकासका पूर्वाधारहरु खडा भइसकेका छन् ।

**तडिगैरा :**

अछाम जिल्लाको अति विकट र अति रमणीय स्थल रामारोशन गा.वि.स.को वडान.५ मा पर्ने तडिगैरे राजाको बासस्थान भएकोले ऐतिहासिक स्थल मानिन्छ । पहिले यस गा.वि.स को नाम पनि तडिगैरा गा.वि.स थियो । यो गा.वि.स कालिकोटसँग जोडिएको छ । यस गा.वि.स लाई अति रमणीय बनाएको छ ।

**दर्नाकोट :**

नेपालको मध्यकालीन इतिहासमा कर्णाली प्रदेशमा पर्ने बाइसी राज्यहरु मध्ये दर्नाको नाम पनि एक हो । हाल अछाम जिल्लाको मध्य भागमा पर्ने दर्ना एक ऐतिहासिक राज्य हो । अछाम आठबिस क्षेत्रमा पर्ने दर्ना राज्यको चौकिल्ला सिमाना पूर्वमा परिवन, खरिखोला, पश्चिममा जैगडलिडिखोला, उत्तरमा देउरादेवीको स्थान, दक्षिणमा कैलाश खोला सम्म थियो ।

**बान्नीगढी :**

अछामका सबै टाकुराहरु भन्दा सुरक्षित एवम् मनोरम मात्र नभई श्री वरदादेवीको मन्दिर एवम् सोमवंशी राजाहरुको मूल थलोका रुपमा पनि बान्नीगढी प्रसिद्ध छ । सिजापति महाराजाबाट देवचन्द्रले अछाम राज्य पाउँदा सेरालाई राजधानी बनाएको भएतापनि घना आवाद क्षेत्र भएकाले सुरक्षाको दृष्टि बाट उपयुक्त नहुँदा अछामी राजाले बान्नीगढीलाई केन्द्र बनाएका थिए ।

**कालिमाटीगढी :**

बुढीगङ्गाको दाहिने किनारामा अवस्थित यो गाउँमा श्री वैद्यनाथको अनादिकाल देखिको मन्दिर भएकाले पनि यस स्थानको महत्तव बढेको हो । राजा विनेदी शाहले आफ्ना चारैतर्फका शत्रुहरुबाट निश्चिन्त भईसकेपछि श्री वैद्यनाथको मन्दिर तथा हालको बोरबोडा गाउँ नजिकै शीतकालीन दरबार सहितको गढी बनाए । जहाँ राजा भान शाहका पालासम्म अविछिन्न शीतककालीन राजधानी रहयो । हाल उक्त दरबार वा गढीको कुनै चिन्ह पनि बाँकी रहेको छैन । तापनि उक्त दरबारका ढुङ्गाहरु खेतहरुमा भेटिन्छ ।

**३.१.८ अछामका प्रमुख चाडपर्वहरु**

नेपाल विभिन्न संस्कृतिले भरिएको धनी देश हो । यहाँ विभिन्न समयमा वर्षै भरि थुप्रै चाडपर्वहरु मनाइन्छन् त्यसैगरी अछाम जिल्लामा पनि वर्षभरि थुप्रै चाडपर्वहरु मनाएर रमाइलो गरिन्छ । ती चाडपर्वहरु निम्नानुसार छन् ।

**बिसु सङ्क्रान्ति :**

अछाममा वैशाख १ गतको दिनलाई बिसु सङ्क्रान्ति भनिन्छ । वैशाख १ गते नयाँ वर्षको उत्साहका साथ मनाइने गरिन्छ । यस दिन देवर, भाउजु, भिना, साली बिच ख्याल ठट्टा गर्दै सिस्नो चिलाउने गर्दछन् । सो दिन बिहान भात र मासको फाँडो खाइन्छ ।

चैतको अन्तिमतिर गाउँको पटाङ्गनीमा खेलीरहेका पुतला त्यस दिन बिसुबाघ लखटेर समापन गरिन्छ । साथै रातभर बिसलौडा खेलेर रमाइलो गरिन्छ । अनि डेउडा खेल चम्काइन्छ र यस दिनलाई पर्वको रुपमा मनाइन्छ ।

**जेठासे पूर्णिमा (जेठ पर्व) :**

जेठ पूर्णिमाका दिन विभिन्न देवस्थलहरुमा धामी झाक्रिले देउतागाडी नाच्ने गर्दछन् । बगेली खेल्दै बोकाहरुको बली दिइन्छ । साथै धर्ती पूजास्वरुप प्रत्येक माटेका थानमा गई पुरी पकाउने र बोका काटी माटेलाई चढाउने गरिन्छ । यसदिन बलाता र ढुङ्गाचाल्नाको थारामा भव्य मेला लाग्दछ ।

**साउने सङ्क्रान्ति :**

साउन १ गते सङ्क्रान्तिको दिनमा अछाममा धेरै ठाउँमा छोरीहरुलाई मिठो परिकार बनाएर खुवाइन्छ ।

**साउने पूर्णिमा (जनै पूर्णिमा) :**

साउने पूर्णिमा अर्थात रक्षाबन्धनको दिनमा बाहुनबाट रक्षा बाधिनुको साथै विभिन्न देवस्थलहरुमा धामी बौलीने र बोकाहरुको बली चढाउने गरिन्छ । यस दिन विनायकमा भव्य मेला लाग्दछ ।

**कृष्ण जन्माष्टमी :**

यस दिन भगवान श्री कृष्णको जन्म दिन भएकोले नारी पुरुषहरु व्रत बसी कृष्णको पूजा आराधाना गर्दछन् । यस दिन विभिन्न किसिमका परिकारहरु बनाइ बाँडेर खाने चलन छ । गहुँ र मासको विशेष परिकारका साथै चामलको पिठोमा पिडालुको पातहरु चोपेर तेलमा पकाएको परिकार  माछेगाभा खाइन्छ र ठाँटीखाँद, जयगड, बाबला, प्रभा र धमाली लगायतका ठाउँहरुमा भव्य कृष्णजात्रा लाग्दछन् । अछाममा यो मेलाको एउटा गीत प्रख्यात छ ।

धमाली कृष्णजात्रा पाल पणेका सेता
देश बिगाणी खतम पाण्यौ क्या हद्‌दा छौ नेता

**घाँसे सङ्क्रान्ति :**

असोज सङ्क्रान्तिलाई घाँसे सङ्क्रान्ति भनिन्छ । यस दिन गाइलाई सबैले  घाँस खुवाउँछन् । गैरीटाँड, कमल बजार, तुर्माखाँद आदि ठाउँमा विशाल मेला लाग्दछ ।

**बडा दशैं :**

यो पर्व देशका अन्य भागहरुमा जस्तै देवीको शक्तिपिठहरुमा बलीदिइ मिठो परिकार बनाइ खाने चलन छ । विजया दशमीको दिनमा मान्यजनहरुबाट टिका लगाई आशीर्वाद लिने चलन छ् । तर अछाममा जुठो सुतकको कारण दशै रोकियो भने जुठो सुतकबाट

चोखिई सकेपछि पूर्णिमासम्म जहिले पनि मान्न सकिन्छ । त्यसकारण अछाममा दशैको रौनक असोज देखि कार्तिक सम्म हुन्छ । बडादशैका रात्री बाँझकोट भन्ने ठाउँमा ठुलो मेला लाग्दछ र ठुलाठुला राँगाहरुको बली दिइन्छ ।

**कार्तिक पूर्णिमा :**

यसदिन अछामका गाज्र, सुतार, चाफमाण्डौ, तितौरा जस्ता ठाउँहरुमा दशै मेला लाग्दछ । रातभरि देउडा खेली रमाइलो मनाइन्छ ।

**तिहार :**

यो पर्व देशका अन्य भागहरु जस्तै लक्ष्मीपूजा, गाईपूजा र दिदीबहिनीद्धारा भाइलाई टिका र माला लगाइ दिएर धुमधामसाथ मनाइन्छ । अछाममा जुवातासले यस पर्वलाई विकृत बनाइसकेको तीतो यथार्थ पनि छ । यसलाई रोक्न अनिवार्य भएको छ ।

**भैले पूर्णिमा :**

मङसीर पूर्णिमाको साँझ घरघरमा गई युवायुवतीहरु भैलो खेली चामल र नगद जम्मा गरी भोज खाने चलन छ । तर आजभोलि तिहारमा देउसी भैलो खेल्ने प्रचलन बढ्दै गएकाले मङ्सिरमा भैलो खेल्ने प्रचलन हट्दै गइरहेको छ ।

**भुवा औंसी :**

यो पर्व अछाममा पौष र कार्तिक महिनामा पर्दछ । पौष महिनाको कृष्ण पक्षदेखि अछामका केही गाउँमा भुवो खेल खेल्दै रमाइलो गरिन्छ भने भैसोले क्षेत्रका गाउँहरुमा कार्तिकको कृष्ण पक्षदेखि खेल्न सुरु गरी चतुर्दशीका रातमा ठूलो मेला लगाई समापन गरिन्छ । यसले प्राचीन लडाइको झलक देखाउँछ साथै यो धर्ती पुजा हो भन्ने चलन पनि छ र यसलाई त्यहाँका क्षेत्री (माटे) हरुले लगाउँछन् ।

**पुस पन्ध्र :**

अछाममा पुस पन्ध्रलाई पनि एउटा महत्त्वपूर्ण चाडका रुपमा लिइन्छ । यसदिन चामलको पिठोको विभिन्न परिकार बनाएर खाइँन्छ र रातमा भुच्चाने रोटी पकाइँन्छ । अनि माणा पनि पकाइँन्छ । पुस १५ भएकोले त्यस दिन साँझ पन्ध्र माणा पकाई खाइँन्छ र रातभर कथा, वात हालेर रमाइलो गरिन्छ । जसलाई पन्ध्रुवाको रातकाट्ने भनिन्छ । यसै दिनदेखि मकर सङ्क्रान्तिको लागि चेलीहरुले मुडा खेड्न सुरुवात गर्दछन् ।

**मकर सङ्क्रान्ति :**

यो पर्व माघ १ गते पर्दछ । पुस मसान्तको राती गाउँको सार्वजानिक ठाउँमा काठहरु जम्मा गरी मुडा बाल्ने गर्दछन् । यसदिन छोरी चेलीलाई बोलाई सेलरोटी पकाएर खान दिइन्छ । चेलीहरुको तिहार भएकाले यसलाई चेली तिहार वा च्याल तिहार भनिन्छ ।

कारणबस छोरीबहिनी माइत आउन नसके माइतीतर्फबाट सेल रोटी लिएर छोरीको घरमा गई दिने गरिन्छ । यसलाई पोको दिने भनिन्छ ।

**शिवरात्री :**

फागुन कृष्ण त्रयोदशी अर्थात शिवरात्रीका दिन अछामका विभिन्न शिव मन्दिरहरुमा शिवजीको पुजाआजा गरी टाँगो चढाई रातभर देउडाखेली रमाइलो गर्दछन् वैद्यनाथको मन्दिरमा यस दिन भव्य मेला लाग्दछ ।

**होरी :**

यो पर्व देशका अन्य भागमा मनाइने होरी पर्वको एउटा रुप हो । तर अछाममा यस पर्वलाई आफ्नै मौलिक रीतिरिवाजबाट मनाइन्छ । यस पर्वमा गाउँका पटङ्गानीमा शिवरात्रीको केही दिनपछि पुरुषहरु भेला भई ढोल, ट्याम्को र भ्यालीको तालमा सामूहिक रुपमा होरी गीत गाउँदै होरी देउडा खेल्दछन् । होरी पूर्णिमाको राती चिरदहन गरी समापन गरीन्छ । हाल अछामीहरु बसाइ सरी आएका कैलाली र बर्दियाका केही ठाउँहरुमा पनि होरी खेल्ने चलन छ ।

**चैते दशै :**

चैत्र शुक्ल अष्टमीका दिन विभिन्न शक्ति पिठहरुमा राँगा, बोकाको बलि दिई देवी भगवतीको पूजा आराधाना गरी विभिन्न परिकार बनाई खाइँन्छ । जुपुको कालिका मन्दिरमा यस दिन भव्य मेला लाग्दछ । यसै गरी मार्कुको बज्रयोगिनी मन्दिरमा पनि धेरै राँगा बोकाको बलि दिइन्छ भने यता तुर्माखाँद, नाडा, तोषी, भैरवस्थान लगायतका गा.वि.स का कालिकादेवीको मन्दिरमा पनि बोकाको बलि दिइन्छ ।

**पुतला :**

प्राय: अछामभरि चैत्रको अन्तिम सप्ताहतिर गाउँ गाउँका पटकानीमा महिलाहरु जम्मा भई पुतला खेल खेल्दछन् । सो पुतलाको समापन वैशाख १ गते बिसु बाघ बनाई भव्यरुपले गरिन्छ । अघिल्लो राती पुतलाको विवाह गरिन्छ । बिसु सङ्क्रान्तिको दिनमा बाजा गाजा सहित पुतलालाई डोलीमा राखी एउटी कन्या केटीलाई दुलाह र अर्कीलाई दुलही बनाई डोलीमा राखी जन्तीको साथमा पानीको मुहानमा लगी सेलाइन्छ । कपडाको सानो पुतलीलाई पुतला भनिन्छ ।

**अन्य पर्वहरु :**

अछाम जिल्लामा माथिका पर्वहरुका साथै नाग पञ्चमी, हरियशनी एकादशी, हरिबोधनी एकादशी, गणेश चौथी, तिज, ऋषिपञ्चमी, गौरापर्व अनन्तपूर्णिमा, कुसेऔंसी आदि पर्वहरु पनि मनाइन्छन् ।

### ३.१.९ अछाममा प्रचलित जीवन संस्कारहरु

**'जन्मतो जायते शुद्ध कर्मणो द्विज उच्चेते'** अर्थात मानव जन्मदा शुद्ध भएर नै जन्मेको हुन्छ र विभिन्न संस्कारहरुले उच्च हुन्छ । यसै भनाइलाई आत्मसाथ गरेर हाम्रो समाजमा परापूर्व कालदेखि नै विभिन्न किसिमका जीवन संस्कारहरु गरिदै आएको पाइन्छ । प्राचीन हिन्दू संस्कारमा मान्छेले जति संस्कारहरु गर्दै गयो उति नै मोक्ष प्राप्त हुने भन्ने विश्वास थियो । जस अनुसार जीवन संस्कारहरु सोह्रवटा हुन्छन् भन्ने उल्लेख पाइन्छ । यी सबै संस्कार गर्ने मानिस सिधै स्वर्ग जाने र उसले फेरि यस धर्तीमा जन्म लिन नपर्ने विश्वास हिन्दू संस्कारमा रहेको पाइन्छ । यी संस्कारहरु मध्ये केही मान्छे जीवित हुँदै गरिन्छन् भने केही उसको मृत्यु पछि पनि गरिन्छन् । ती मध्ये केहीको छोटकरीमा चर्चा गरिन्छ ।

**जात कर्म**

जन्मने बितिकै गरिने संस्कारलाई जातकर्म भनिन्छ । यो संस्कारमा सरसफाइ गरिने, बालकको नाल काट्ने बेला उसको दीर्घायुको कामना गर्दै मङ्गल गीतहरु गाउने गर्दछन् र सुतक बार्ने  गरिन्छ ।

**छैंठी पूजा**

बालक जन्मेको छैठौं दिनमा मनाइने यस संस्कारलाई छैंठी पूजा भनिन्छ । यस दिनमा पौराणिक विधि विधान अनुसार पूजा आजा गरिन्छ र आफन्तजनहरु बोलाएर बालकको दीर्घायुको कामना सम्बन्धी गीतहरु गाउने चलन छ । यस दिन ब्राह्मण, ज्योतिषलाई  पनि  घरमा बोलाइएको हुन्छ र पूजा गरी मिष्ठान्न खानाहरु खाने चलन पनि छ । पुराना बुढापाकाको भनाइ अनुसार भाविले होरो हाल्ने हुँदा पूजा आजा गरेमा असल र दीर्घायु होरो पर्छ भन्ने लोक विश्वास रहेको छ ।

**नामाकरण**

नामाकरणलाई स्थानीय भाषामा न्वारन भन्ने गरेको पाइन्छ । खासगरी नाम पत्ता लगाउने काम ज्योतिष कहाँ गएर नक्षत्र अनुसार छैठौं दिनमा छोराका र पाँचौ दिनमा छोरीका गरिन्छ तर त्यो नाम दश दिन नहुँदासम्म गोप्य रहन्छ । दशदेखि पन्ध्र दिनभित्र ब्राह्मण बोलाई गणेश कलश पूजी हवन गरी सुतकलाई चोख्याइ सकेपछि मात्र नाम भन्ने गान्छि र त्यसैदिनदेखि विधिवत् नामाकरण भएको मानिन्छ । न्वारन नभएसम्म आमा र बच्चालाई कसैले छुन हुदैन भन्ने चलन छ । सुतक भएको अवधिमा सगोत्रीहरुले पनि मङ्गल कार्यमा सहभागी हुनु हुदैन भन्ने मानिन्छ  ।

**अन्नप्राशन**

यसलाई पास्नी पनि भनिन्छ । यो बच्चालाई  अन्न खुवाउने मुहूर्त हो । यसलाई अन्न चखाइ पनि भनिन्छ । अन्नप्राशन छोरीको पाँच महिनामा र छोराको छ महिनामा गरिन्छ । बच्चालाई अन्न चखाउँदा घिउ,दही महमा मुछेर सुन वा चाँदीको पाताले चखाइन्छ

र टीका लगाई शिरमा दुबो सिउरेर बच्चालाइ दीर्घायु हुने आशिर्वाद दिनका लागि मागल पनि गाउने गरिन्छ ।

### चुडाकर्म

यो छोरा मान्छेको मात्र सस्कार हो । बालक तीन वर्षको भएपछि मात्र ज्योतिषलाई दिन हेराएर कपाल काटिन्छ । बालकका काटेका रौं दिदीबहिनीले मात्र टिप्नुपर्छ र सेतो रुमालमा बाँधेर सिस्नो वा केराको झाडीमा लिएर फ्याँकिन्छन् अनि फर्केर आएपछि उसको हातबाट दक्षिणा लिन्छिन् । यसमा पनि अन्य संस्कार जस्तै पूजाआजा र मङ्गलगान गरी पूरा गरिन्छ ।

### व्रतबन्ध

यो उपनयन संस्कार हो । यस संस्कारलाई अन्य सबै संस्कार भन्दा ठूलो मानिन्छ । यस कार्यमा ग्रहपूजा,सत्यनारायणको पूजा लगाएतका विभिन्न पूजा गरिन्छ । विभिन्न देवीदेवताका मूर्तिहरुको स्थापना गरी तिनीहरुलाई साक्षी राखी ब्रम्हा वाक्यमा सदा रहनेछु भन्ने बाचा गराइ जनै लगाउनेकाम गरिन्छ । जनै चल्ने जातका छोराहरुको मात्र व्रतबन्ध गरिन्छ ।

### विवाह

विवाहलाई जन्त, वरियात, ब्या पनि भनिन्छ । विवाह गर्ने चलन सबै जातजातिमा पाइन्छ । विवाह संस्कार खासगरी दुई किसिमले गरिन्छ । कसैले छोरीलाई कन्यादान गर्छन् भने कसैले भगाएर विवाह गर्छन् । कन्यादान गर्ने विवाहमा माइती पक्षका मानिसहरुले दुलही र वरको खुट्टा धोएको पानि खाएर दुलहीलाई वरको जिम्मा लगाई पूजाआजाका साथ सम्पन्न गरिन्छ भने भगाएर गर्ने विवाहमा कुनै विधिविधान हुदैन ।

### मृत्यु संस्कार

मरणोपरान्त गरिने संस्कारलाई मृत्युसंस्कार भनिन्छ । मृत्युसंस्कार छोराद्वारा गरिने संस्कार हो । धेरै छोरा भएमा जेठो छोराले एक्लै भएमा एक्लैले र एक पनि छोरा नभएमा नजिकको नातेदारले मृत्युसंस्कार गर्नुपर्ने पौराणिक मान्यता छ । जसलाई किरीयापुत्र भनिन्छ । मृत्युसंस्कारमा सबैभन्दा ठूलो काम पिण्डदानलाई मानिन्छ । जो कार्य संस्कार गरिदिने मानिसले मृतकको नाममा गरिन्छ । मृत्यु भएदेखि दाहसंस्कार नहुन्जेल तीनवटा पिण्डदान गरिन्छ । त्यसपछि दस दिनसम्म गोठमा किरीया बस्ने र प्रत्येक दिन एकछाक खाइ बिहान नुवाइधुवाइ गरी पिण्डदान गरिन्छ । एघारौ दिनमा किरिया कर्म सिध्याएर छोराले एकवर्षसम्म वरखी बार्नुपर्छ र प्रत्येक महिनाको मृत्यु भएको तिथिमा श्राद्ध गरिन्छ जसलाई मासिका बनाउनु भनिन्छ । एकवर्ष वरखी सिद्धायाएपछि प्रत्येक वर्षमा एकोतिष्ठ तथा पार्वण श्राद्ध गरिन्छ ।

यसरी अछाम जिल्लामा जन्मेदेखि मरणोपरान्त पनि विभिन्न संस्कारहरु पूरा गरिन्छन् । यी सम्पूर्ण संस्कारहरु पूर्ति गरेपछि मोक्ष प्राप्त हुन्छ भन्ने ज्यादै बलियो लोक विश्वास रहेको पाइन्छ ।

## ३.२ अछामी लोकसाहित्य

अछाम जिल्ला लोकसाहित्यका विविध विधाहरुको भण्डार हो । यहाँको लोकसाहित्यलाई आदिकालदेखि मौखिक परम्परामा स्थानीय व्यक्तिहरुले जीवित राखेको पाइन्छ । अछामी लोकसाहित्यको अध्ययन अनुसन्धान खासै हुन सकेको छैन । यस जिल्लामा आफ्नै परम्परा बोकेको लोकसाहित्य रहेको पाइन्छ । कतिपय लोकसाहित्यका विधाहरु अन्य जिल्लाका लोक विधासँग पनि अन्तर्सम्बन्धित् रहेका छन् । यहाँका लोकसाहितियक विधाहरुको औपचारिक अध्ययन केवलानन्दद्वारा लिखित 'अछामको होरी' (१९९८) नामक कृतिको प्रकाशनबाट भएको देखिन्छ त्यसपछि थुप्रै विद्वान र अनुसन्धानकर्ताले अछामी लोकसाहित्यका विभिन्न विधामा कलम चलाएको पाइन्छ । अछामी लोकसाहित्यका विधाहरुको सामान्य परिचय क्रमशः तल प्रस्तुत गरिएको छ ।

### ३.२.१ भारत (लोकगाथा) :

लोकजीवनको मौखिक परम्परामा संरक्षित कथात्मक गेय विधाको रुप नै भारत हो । भारत गाउनेलाई 'भार्त्या' भनिन्छ । आजसम्म भारत दमाईं जातिले मात्र गाउने गरेको पाइन्छ । भारतलाई लोक काव्य वा लोक गाथा पनि  भन्ने गरिन्छ । अछामी लोक जीवनमा गाथा र काव्यशब्द नभई भारत निकै प्रचलित रहेको पाइन्छ । अछामका विनोद शाहीको डोटी विजय गाथा, मिना कठाइतको भारत र रनि राउतको भारत सङ्कलन भएका पाइन्छन् । यस बाहेक घोगीसाल, वीरुसाल, काशीराम पैकेला, शोभा राउत आदिका भारतहरु यहाँ छरिएर रहेका छन् । भारतहरु राजा, राजपुत्र, शाहसी पुरुष, सामाजिक घटना आदिका बारेमा भार्त्याहरुले रचेका हुन् । हुड्को बजाएर शुभ अवसर वा आयोजित कार्यक्रममा गाइन्छ । यहाँ वंशावलीलाई पनि भारतका रुपमा गाउने गरिन्छ ।

### ३.२.२ लोक नाटक :

अछाम जिल्लामा धमारी, भुओ, पर्छो, हुड्क्यौली आदि प्रसिद्ध लोक नृत्यहरु पाइन्छन् । यीनलाई लोक नाटककै  तहमा राखेर अध्ययन गर्न सकिन्छ  । यी बाहेक होरी, देउडा खेल, धरम्पुबाडो आदिमा पनि लोकनाटकका केही अंश पाउन सकिन्छ । धरम्पुबाडो बेहुली पठाउने बेला दमाईं जातिले पञ्चेबाजा र हुड्को बजाएर नाच्दै गाउने संवादात्मक गीत   हो । यसमा लोक नाटकका मुख्यतत्त्व संवाद, कथा र नृत्य पाइन्छ ।

### ३.२.३ लोक कथा :

लोक कथा लोकसाहित्यको चर्चित विधा हुनुका  साथै यसले समाजको  रीतिरीवाज, सांस्कृतिक मान्यता, आर्थिक अवस्था, चालचलन आदिको प्रतीकात्मक चित्रण गरिएको पाइन्छ । रचनाकार अज्ञात रहने लोक कथाले मानिसको मन सजिलै जित्न सकेका हुन्छन् ।

यसमा रोमाञ्च र रहस्य जस्ता अलौकिक र अविश्वसनीय सन्दर्भको प्रमुखताका साथै मानिसका संयोग वियोग, दुःख, सुख र कौतुहलताको भाव बढी पाइन्छ । लोक कथा सुन्दा मनोरञ्जन हुनुका साथै ज्ञानोपार्जन र देशकाल परिस्थिति बुझ्न मद्दत पुग्ने खालका हुन्छन् । अछाम जिल्लामा स्याल, खरायो, लाटो, लाउने मुल्याय, लमचुल्ठेनी आदिका लोक कथा निकै प्रसिद्ध छन् । यहाँका केही लोक कथा सङ्कलन गरी छ प्रकारमा वर्गीकरण गरिएको पाइन्छ । अछाममा लोक कथालाई 'बात' भनिन्छ र कथा भन्नुलाई 'बात हाल्नु' भनिन्छ । अछामी लोक कथामा केन्द्रित भई संरचनावादी अध्ययन पद्धतिका आधारमा एकाइस वटा लोक कथाको अध्ययन गर्ने काम भएको पाइन्छ । यसमा जनकदत्त उपाध्यायले अछामी लोक कथाको अध्ययनका सन्दर्भमा संक्षिप्त रुपमा समग्र अछामी लोक कथालाई समेटने गरी वर्गीकरण गरेका छन् । सामाजिक लोक कथा, ऐतिहासिक लोक कथा, पशुपंक्षी तथा फलफूलका लोक कथा, धार्मिक तथा सांस्कृतिक लोक कथा, अतिमानवीय तथा परामानवीय रुपका लोक कथा गरी उपाध्यायले कथामा प्रयुक्त विषयवस्तु, पात्र र उद्देश्यका आधारमा पाँच किसिमले अछामी लोक कथाको वर्गीकरण गरिएको पाइन्छ । यिनको सामान्य परिचय यसरी दिन सकिन्छ ।

### ३.२.३.१ . सामाजिक लोक कथा :

सामाजिक जीवनबाट लिइएका पात्र र घटनामा आधारित लोक कथालाई सामाजिक लोक कथा भनिन्छ । यस वर्गमा पर्ने लोक कथामा सामाजिक अवस्था, समाजको आर्थिक स्थिति र सामाजिक वर्गको पनि चित्रण भएको पाइन्छ । समाजमा व्याप्त सुख,दुःख,रिस राग, न्याय अन्याय, प्रेम विछोड, घात प्रतिघात, प्रतिशोध, धुर्त्याई, चलाखी, विवाह, बालविवाह, वहुविवाह, सतिप्रथा पारिवारिक झै झगडा,गरिबी, राजनैतिक व्यवस्था आदि विविध कुरारुको चित्रण सामाजिक लोककथामा भएको हुन्छ । सामाजिक लोक कथाले लोकको सामूहिक भावनाको अभिव्यक्ति दिनुका साथै समाजमा स्थित जातीयता र स्थानीयताको झलक दिने गर्दछ । उदाहरणको लागि 'बुधेको बुद्धि' सामाजिक लोक कथा हो ।

### ३.२.३.२ ऐतिहासिक लोक कथा

ऐतिहासिक व्यक्ति, घटना, स्थान तथा जनश्रुति सँग सम्बन्धित लोककथाहरु ऐतिहासिक लोक कथा हुन् । ऐतिहासिक लोक कथाको विषय राजा महाराजा, विशिष्ट व्यक्तित्व, स्थानिय देवी देवता, किम्वदन्तीहरु, पूरा कथा र सांस्कृतिक घटना आदि सँग सम्बन्धित रहेका हुन्छन् । सृष्टि उत्पतिको व्याख्या गर्ने लोक कथाहरु यसै वर्गभित्र पर्दछन् । यस कथामा पर्ने लोककथाहरु बढी तथ्य मुलक हुन्छन् र आंशिक रुपमा अतिरन्जना मुलक प्रसङगको पनि समावेश भएको हुन्छ । ऐतिहासिक लोककथाले प्राचीन राजनैतिक, सामाजिक र सांस्कृतिक घटनाहरुको चित्रण गरेर परम्पराको गरिमा बुझाउन सहयोग गर्दछन् । 'कुमार नरसिह'को कथा यस वर्गमा पर्ने कथा हो ।

### ३.२.३.३ पशुपन्छी तथा फलफुलका लोक कथा

पशुपन्छी सँग सम्बन्धित लोककथाका प्रमुख पात्रहरु पशुपन्छीहरु नै रहेका हुन्छन् भने फलफुलसँग सम्बन्धित पात्रहरु फलफुल रुख रहेका हुन्छन् । यस किसिमका कथाहरु रोचक नैतिक उपदेशात्मक हुन्छन् । पशुपन्छी तथा फलफुलसँग सम्बन्धित लोक कथामा प्रयुक्त पात्रहरुले मानविय पात्र झै बोल्न, संवाद गर्न सफल हुन्छन् र यी पात्रहरु चलाखी र बहादुरी पूर्ण कार्य गर्न निकै सक्षम देखिन्छन् । यी कथाहरु हास्यमुलक र व्यङ्ग्यात्मक पनि हुन्छन् । यस्ता कथालाई बालबालिकाले बढी मन पराउँने गर्दछन् । यस्ता कथामा 'बुद्धिजीवी बोकाको कथा', 'कदुमुल्यायको कथा' आदिलाई लिन सकिन्छ ।

### ३.२.३.४ धार्मिक तथा सांस्कृतिक लोक कथा

धर्म, कर्म, पुजापाठ, व्रत, उपासना, संस्कार रीति रिवाज आदिसँग सम्बन्धित कथाहरु धार्मिक तथा सांस्कृतिक लोककथाहरु हुन यस किसिमका कथाहरुको मुख्य विषयको स्रोत वेद रामायण, महाभारत, भगवद गीता र कर्मकाण्डसँग सम्बन्धि ग्रन्थ पुराणहरु र नीतिमुलक ग्रन्थहरु रहेका छन् । धार्मिक तथा सांस्कृतिक लोक कथाहरुले नैतिक उपदेश प्रदान गर्ने, परलोक सुधारको मार्ग प्रदर्शन गर्ने प्रमुख उद्देश्य लिएका हुन्छन् । सांस्कृतिक परम्परामा आधारित कथाहरुमा स्थानीय परम्परा संस्कारको झलक पाइनुको साथै विभिन्न व्रत, चाडपर्व, उत्सव र अनुष्ठानको चित्रण पनि गरिएको पाइन्छ । सांस्कृतिक लोक कथाहरुले पुरुष वर्ग भन्दा महिला वर्गमा बढी प्रभाव जमाएको पाइन्छ । धार्मिक तथा सांस्कृतिक लोक कथाहरुमा देवी देवता ईश्वर, राजा महाराजाका महान एवम् उदार कार्य र चरित्रको प्रस्तुति गरिएको हुन्छ जसले स्रोता वर्गमा चरित्र निर्माणको शिक्षा दिनुका साथै उनीहरुलाई भावुक बनाउने, भक्तिपरक बनाउने, भाग्यवादी प्रवृति बढाउने काम गरेको हुन्छ । यस्ता कथाहरुमा 'लोभको फल र दानीको भाग्य' एवम् 'यम व्रतको फल' आदि धार्मिक तथा सांस्कृतिक लोक कथाहरु हुन् ।

### ३.२.३.५ अतिमानवीय रुपका लोक कथा

अतिमानवीय रुपका लोककथा भन्नाले सबै मानवमा हुने स्वभावमा भन्दा भिन्नै प्रवृति र कार्यलाई गर्न सर्मथक पात्रका चरित्रहरुको प्रस्तुति गरिएको लोक कथालाई बुझ्नुपर्छ अर्थात अतिमानवीय रुपका लोककथाका पात्रहरु असम्भव लाग्ने कार्यलाई पनि सम्भव तुल्याउन सक्छन् यस किसिमका कथाको विषय वस्तु पनि अति रञ्जनात्मक हुन्छ र विशेष गरी मनोरञ्जन प्रदान गर्ने उद्देश्यले कथन गरिन्छ । मान्छेमा हुने चलाखी, धुर्त्याई, मुर्ख्याई, ठगी, अविश्वास, इर्ष्या, डाह आदि दुश चरित्रको चित्रण गरी मानवमा हुने खराब प्रवृतिलाई उजिल्याउने प्रयास गरिएको हुन्छ । कतिपय अतिमानविय लोककथामा व्यङ्ग्यको प्रयोग समेत भएको हुन्छ । उदाहरणका लागि राजकुमारको कथा यस किसिमको कथा हो ।[52]

---

[52] जनकदत्त प्रसाद उपाध्याय,अछामी लोककथाको संरचनात्मक अध्ययन, (अ.प्र. स्नातकोत्तर तह शोध पत्र, त्रि. वि, २०६४), पृ.२८

यसरी लोककथाको विषयवस्तु पात्र र उद्देश्यलाई आधार बनाई अछामी लोक कथालाई वर्गीकरण गरिएको छ । जसमा बुदेको बुद्धि, अनरङ्गको कथा, दुई ठगको कथा, चतुरे बाहुनको कथा, कुमार नरसिंहको कथा, मुलेछोरीको कथा, सातभाइ बहिनीको कथा, सुनशेखरको कथा,जगर सेटको कथा मूले छोराको कथा राजकुमारको कथा, मनसुभाको कथा, लाउने मुल्याएको कथा, माछाको कथा ,पाँचसाथीको कथा, भट्टे मुल्याएको कथा यमब्रतको फल बुद्धिजीवी बोकाको कथा, लोभको फल दानीको भाग्य , गीणधनी मातार गणचुकेको कथा, कुट्टे बुढा र बुढीको कथा  आदि अछाममा प्रचलित लोक कथा हुन् ।

### ३.२.४ लोक कविता :

लोक कविता लोक  जीवनको  अभिन्न  अङ्ग हो र यो गद्य, पद्य  दुवै  लयमा पाइन्छन् । तिनमा अन्त्यानुप्रास निकै मिलेको हुन्छ । लोक गीत र लोक कविता उस्तैउस्तै भए पनि गीत गेय र कविता पाठ्य हुन्छ । गीतमा स्थायी अन्तरा हुन्छन् भने कवितामा हुँदैनन् । अछामी लोक कविता विविध किसिमका पाइन्छन् । विशेष गरी बाल कविता, व्यङ्ग्य कविता, खेल कविता र समसामायिक परिस्थितिको विषयवस्तु भएका गीतिलयमा कथिएका कविता पाइन्छन् । बाल कवितामा अन्तर्लयात्मकता पाइन्छ । हुड्क्यौलीमा दमाइँ जातिद्वारा कवितालाई गेय रुपमा पनि प्रस्तुत गरिएको पाइन्छ ।

### ३.२.५ लोकमन्त्र :

झार फुक गरेर रोग निको पार्न लोक जीवनमा प्रयोग गरिने मन्त्र नै लोकमन्त्र हुन् । संस्कृत वाङ्मयमा लौकिक र वैदिक गरी दुई प्रकारका मन्त्र पाइन्छन् । लौकिक मन्त्रलाई शास्त्रीय र लोक मन्त्रमा पनि विभाजन गर्न सकिन्छ । नेपाली बृहत शब्दकोशमा लोक मन्त्रलाई टुन्याहा, बोक्सी, भूतप्रेत आदिको लागोका नराम्रो असर शान्त पार्न र सर्प, विच्छी आदिको विष झार्न प्रयोग गर्ने शब्द समूह भनेर चिनाएको पाइन्छ । लोक मन्त्र गोप्य हुन्छन् । यिनको प्रयोग गर्दा गुरुको आज्ञा, निर्देशन र सल्लाह लिनु पर्दछ । मन्त्रको गोपनीयता भङ्ग भएमा मन्त्र शक्ति क्षीण भएको मानिन्छ । लोक मन्त्रमा देवी देवताको कसम खुवाएर, बााचा गराएर भूत, प्रेत,मोहनी, कपट, चोखा, डाइनी, बोक्सी, विषालु प्राणीको टोकाइबाट हुने विष आदि निको पार्न लोक मन्त्रको उपयोग गरेको पाइन्छ । अछामी जनजीवनमा प्रयोग हुने लोक मन्त्रहरु अछामी भाषा भन्दा हिन्दी भाषा सँग बढी मिल्दो देखिन्छ । नमूनाका रुपमा सर्प विष हटाउने मन्त्र यस प्रकार छ ।

ॐ पूर्वबाट आयो कालो घोडा
उफ्रदै झोकिदै मुखबाट सेतो गाज बगी निलो कान्ति
दंष्टिनी चिलि चिलि कुलु
जटा मुडे कर कर हन हन स्थावर विष जङ्गम विष नासेय
ॐमहाविष रौद्र पाषाणमयि विषं नासिनि वन वासिनी
पर्वत विचारिणी घोडा पक्री कह कह
ॐ हस हस नमः नमः नील जितु वर्णो
लोल जिह्वे महाकाय हुं आकर्षय विषं धुन धुन हःहः यो ज्वालामुखी बज्रिणी

अमुकस्य स्थावर अङगम विषं छिन्दी किटि किटि विष निवारिणी हूँ फट्

**३.२.६ लोकोक्ति :**

लोकका उक्ति नै लोकोक्ति हुन । समाजका अनुभवी व्यक्तिहरुले आफ्नो जीवनमा भोगेका सुख दुःखको सङ्गालोका रुपमा लोकोक्तिलाई लिने गरिन्छ । प्रतीक, व्यङ्य, लक्ष्य र आवेश जस्ता अभिव्यक्तिगत अर्थ लोकोक्तिमा पाइन्छन् । लोकोक्ति अर्न्तगत उखान, टुक्का, गाली, गाउँखाने कथा पर्दछन् ।

**३.२.७ लोक गीत :**

लोक साहित्यका विविध विधामध्ये लोक गीत अति लोकप्रिय विधा हो । लोक गीतले लोक जीवनको प्रतिनिधित्व गर्दछ । लोक गीतमा मानव जीवनका हाँसो र आँसुको समिश्रण पाइन्छ । लोक गीतलाई मानवीय हृदयको साङ्गीतिक झङ्कारका रुपमा लिने गरिन्छ । लोक गीत विविध प्रकारका हुने भएकाले यसमा मानव जीवनका समग्र अवस्थाको प्रतिनिधित्व हुने गर्दछ ।[53] अछामी लोक गीतलाई दुई समूहमा विभाजन गरी सदाकालिक लोकगीत र सामयिक लोकगीत अर्न्तगत आठ प्रकारमा बाँडेर अध्ययन गर्न सकिन्छ ।

(१) सदाकालिक वा बाह्रमासे लोकगीत

(२) सामयिक लोक गीत

**३.२.७.१ सदाकालिक वा बाह्रमासे लोकगीत :**

सदाकालिक शब्द सदाकाल सँग सम्बद्ध छ । सदाकालले सबै समय, सबै दिन, सबै महिना तथा सबै ऋतुलाई जनाउँछ । यस आधारमा सदाकालिक लोकगीतले सबै समय, सबै दिन, सबै महिना तथा सबै ऋतुमा गाइने गीतलाई बुझाउँछ । लोकले समयको कुनै बन्धनमा नपरी जुनसुकै समय र अवसरमा यस्ता लोकगीतहरु जताततै घन्काएको सुन्न पाइन्छ । सदाकालिक गीतलाई परम्परित शब्दावलीमा बाह्रमासे गीत भनिएको पाइन्छ ।

बाह्रमासे शब्दले पनि सदाकालिक भन्ने अर्थलाई नै बुझाउँछ । सदाकालिक र बाह्रमासे शब्दमा अर्थगत भिन्नता नभई समानता रहेको छ । बाह्रमासेले बाह्रै महिना वा सदाकाल घन्किरहने गीतलाई नै जनाउँछ । सामायिक गीतझैँ बाह्रमासे वा सदाकालिक गीतका लागि खास समय, अवसर, महिना वा ऋतु चाडपर्व आदि केहीको पनि आवश्यक्ता पर्दैन, जुनसुकै समयमा गाउन सकिन्छ । मनले गाउन चाहेपछि लोकका गलाबाट जति बेला पनि सदाकालिक वा बाह्रमासे गीतहरु स्वतः प्रस्फुटित हुन्छन् । यसरी कुनै अवसर नपर्खी जुनसुकै बेला गाइने हुदाँ तिनलाई सामान्य लोकगीत पनि भन्न सकिन्छ । प्रस्तुत सन्दर्भमा सामान्य गीतको अर्थ साधारण वा मामुली गीत नभई जहाँ र जतिखेर पनि प्रस्तुत गर्न सकिने गीत हो । देउडा गीत, न्याउला गीत र बाह्रमासा गीत सदाकालिक लोकगीत अर्न्तगत पर्दछन् ।[54]

---

[53] खगेन्द्र घोडासैनी, अछामी गालीको अध्ययन,सनलाइट पब्लिकेसन कीर्तिपुर काठमाडौं, २०६७, पृ. १७ -१८

[54] मोहनराज शर्मा र खगेन्द्र लुइटेल, लोकवार्ता विज्ञान र लोक साहित्य, विद्यार्थी पुस्तक भण्डार, २०६३, पृ.८५

**देउडा गीत :**

डेढ कदम खुट्टा चालेर डेउढी पार्दै कोल घुमेझैँ घुमेर खेलिने खेललाई देउडा खेल भनिन्छ । देउडा खेलमा गाइने गीतलाई देउडा गीत भनिन्छ । यो प्रश्नोत्तर ढाँचामा गाइने लोक दोहोरी जस्तै गीत भए पनि एकल देउडा गीत पनि हुन्छ र यो बसेर गाइन्छ । डबल बुझाउन अछामको स्थानीय भाषामा दओड भनिन्छ । देउडा गीतमा पहिलो पङ्क्तिको पछिल्लो चरणलाई अगाडि र अगाडिका पङक्तिलाई पछाडि पारी दोहोऱ्याएर गाइन्छ । यसरी गाउँदा दओड पारिने भएकोले पनि देउडा नाम रहन गएको पुष्टि हुन्छ ।

**न्याउल्या गीत :**

न्याउल्या गीत पनि अछामी लोकगीतको एउटा भाका हो । न्याउल्या शब्द खेलका सन्दर्भमा प्रयोग भएपनि देउडाको खेल र न्याउल्या खेलमा अन्तर पाइँदैन । न्याउल्या गीतमा प्रेमिकालाई साइबाज, बाजकली,बाज, सुवा, कली जस्ता उपमा दिएर सम्बोधन गरिन्छ । न्याउल्या गीतलाई श्रृङ्गार रसको खानी भनिएको पाइन्छ । यस गीतको न्याउल्या नाम न्याउली चरीको नामबाट रहन गएको हो । यो न्याउली चरीको स्वरको मूर्च्छना जस्तै अति लामो, अति मधुर र विरह लाग्दो हुने भएकोले यसको झङ्कारलाई न्याउल्यारन्को र न्याउल्या गीत भनिन्छ । अछाममा गाइने ठाडी भाका पनि न्याउल्या गीतको एक भेद हो । न्याउल्या गीत वन पाखामा विरह लाग्दाको अवस्थामा बाहेक खेलमा पनि गाइन्छ । तर ठाडी भाका वन पाखामा गाइने गीत हो ।

नौला पात पोका लाइ दे पुराना जओ कि
कैल्यै आमा भने हुँ कि काई आमा छओ कि
कर्णाली घुमाउटो पड्यो लौडी बगाउनैन
बैरागीका बाँजा मन डुली अगाउँनैन

**बाह्रमासा गीत :**

बाह्रमासा शब्दको सामान्य अर्थ एक वर्षका बाह्रवटै महिनाहरुको वर्णन भएको रचना भन्ने हुन्छ । लोकसाहित्यमा यसको तात्पर्य बाह्रै महिनाको वर्णन भएको गीत भन्ने हो । बाह्रमासे र बाह्रमासालाई पर्यावाचीका रुपमा प्रयोग गरिएको पनि पाइन्छ । पर्यावाचिका रुपमा यिनको प्रयोग भ्रमपूर्ण हुने हुँदा दुवै शब्दको उपयुक्त प्रयोग गर्नु आवश्यक छ । बाह्रमासेले बाह्रै महिना हुने लाई जनाउँछ भने बाह्रमासाले बाह्र महिनाको बयान हुने गीत वा कवितालाई बुझाउँछ । लोकसाहित्यका सन्दर्भमा सदाकालिक वा बाह्रै महिना गाइने जुनसुकै गीतलाई बाह्रमासे तथा बाह्रवटै महिनाको वर्णन भएका गीतलाई बाह्रमासा भन्नु उपयुक्त देखिन्छ । [55]

---

### ३.२.७.२ सामयिक लोकगीत :

सामायिक शब्द समयसँग सम्बद्ध छ । यस सन्दर्भमा सामयिक लोकगीतले समयसमयमा वा समयविशेषमा गाइने लोकगीतलाई जनाउँछ । यसअर्न्तगत खासखास अवसर, चाडपर्व, ऋतुहरुमा गाइने गीतहरु पर्दछन् । यस्ता गीतहरु निर्धारीत समयबाहेक अरु बेला नगाइने हुँदा जुनसुकै समयमा सुन्न पाइँदैनन् । जतिखेर पायो त्यतिखेर सुन्न नपाइने र सुन्नका लागि खास समय पर्खनु पर्ने हुनाले यिनलाई सामयिक गीत भनिएको हो । विभिन्न ऋतु  र चाडपर्वहरु खासखास समयमा आउने हुनाले र सोही अवसर छोपी काम र समयको तालमेल मिलाएर गाइने हुँदा यिनलाई सामयिक वा समयविशेषको लोकगीत भनिएको हो । पर्व गीत, ऋतुकालीन गीत, मृत्यु गीत, मागल गीत र पडेली गीत सामायिक लोकगीत अर्न्तगत पर्दछन् । पर्व गीत चाडबाडमा मात्र गाइने गरिन्छ भने ऋतुकालीन गीत मौसममौसममा गाइने गरिन्छ । मृत्यु गीत मान्छेको मृत्यु भएको दिनमा दमाइँहरुले कारुणिक भाव बोकेका र अब स्वर्गलोक जाने भयौ भन्दै गाउने गीत हो । मागल गीत शुभ साइतहरुमा गाइने गरिन्छ । पडेली गीत धामीको शरीरमा देवता चढी सकेपछि काम्दै गाइने गीत हो ।

**ऋतुकालीन गीत :**

ऋतुसँग सम्बन्धित गीत ऋतुकालीन गीत हो । ऋतुकालीन गीतको गायन ऋतु परिवर्तन हुँदा र नयाँ ऋतुको आगमन हुँदा गरिन्छ । खास गरी बसन्त पञ्चमीका दिन गाइने बसन्त आगमनको गीत यस प्रकारको गीत हो । यस गीतले ऋतुको महिमा गायन गरेको हुन्छ । रोपाइँ गर्दा गाइने चाँचरी, दाइँ गर्दा गाइनृ दाइँगीत, नववर्ष आगमनपूर्व पुतला पर्वमा गाइने पुतला, विषु, ढुस्को, भैनी आदि ऋतुकालीन गीतभित्र पर्दछन् । ऋतुकालीन गीतमा मौसम, प्रकृति, हावा, आकाश, विजुली, तुषारो आदिको वर्णन गरिएको पाइन्छ ।

**मागल गीत :**

लोक साहित्यमा पाइने मागल गीत आफुले प्रारम्भ गरेका कार्य निर्विघ्नतापूर्वक सम्पन्न होउन् भन्ने उद्देश्य राखेर गाइन्छ । पर्व, संस्कार, शुभअवसर आदिका बेला मागल गीत गाइन्छन् । मागल गीतलाई सगुन, फाग पनि भनिन्छ । अछाम जिल्लामा अनेक प्रकारका मागल गीतहरु पाइन्छन् । मागल संस्कारगीत भएकोले ती संस्कार अनुरुप गाइन्छन् । छैटी, व्रतबन्ध, विवाह आदिमा महिला र पुरुषले गाउने गर्दछन् । मागल गाउने महिलाहरुलाई ‘मङ्गल्यारी’ भन्ने गरिन्छ । विवाहको बेला दाउरा काट्दाको मागल, तेल पेल्दाको मागल, चुल्हो लगाउदाको मागल, बेहुली भिœयाउँदाको मागल आदि छुट्टा छुट्टै मागल गीतहरु गाउने चलन छ । बडादशैको महानवमीका दिन मौलामा राँगा काट्दा झोडा खेलिन्छ । झोडा खेल्दाको मागल गीत यस प्रकार छ ।

---

55 खगेन्द्र घोडासैनी, पूर्ववत, पृ. २३ २४

सगुम भयो रे प्रभुजिउ सगुन भयो रे
दुबो दैचाउल सगुन दैमाछो
जोला दमाहा सगुन दैमाछो
जोले मङ्गल्यारी सगुन दैमाछो ।

**मृत्यु गीत :**

आर्य संस्कृतिका षोडश संस्कार अर्न्तगत मृत्यु अन्तिम संस्कार हो । हरेक संस्कारमा मृत्युका बखत मृत्यु गीत गाइन्छ । मृतव्यक्तिको पार्थिव शरीर सेलाउन लैजादा उसका विगतका राम्रा कार्यको प्रशंसा र समाजलाई हुने उसको अभावको भावना मृत्यु गीतमा पोखिएको हुन्छ । अन्य लोक गीतमा उत्साह र प्रसन्ताको भाव रहेको हुन्छ भने मृत्यु गीतमा विषादको भावना प्रकट हुन्छ । मृत्यु गीतलाई कराँत वा कोर्को पनि भनिन्छ । मृत्यु गीत गाउनुलाई कोर्को हाल्नु भनिन्छ । मृत्यु गीत कसले गाउँछ भन्ने कुरामा एकरुपता पाइँदैन । अछाममा मृत्यु गीत दमाइँ जातिले दमाहा र हुड्को बजाएर नाच्दै गाउने चलन छ ।

क्या की ऐरन क्या की पैरन
सुनकी ऐरन सुनकी पैरन
सुनको दियो दान
सुनका करह धारा इन्द्रापुरी राजाको राज तप्यो
हो इन्द्रासन पुरीदरवार
हो इन्द्रासैनपुरीदरवार

**पडेली :**

धामीको शरीरमा देवताको प्रवेशपछि धामीले काम्दै आफ्ना देवताको उत्पति, शक्ति र क्षमताको गाथालाई लयात्मक ढङ्गले प्रस्तुत गरिने गीतलाई पडेली भनिन्छ । धामीले हातमा घण्ट वा स्याउला लिएर काम्दा उक्त गीतमा साङ्गीतिक तालको काम गरेको देखिन्छ । पडेली गाउने धामीहरु गादी बसेपछि अक्षता केलाउदै,नाच्दै प्रारम्भमा पडेली गाउने गर्दछन् ।

आऽऽ हाऽ आइजाऊ मेरो गुरु
पुरवै छलीबाट आइजाऊ
हेऽऽ असनइको बानिऊ गुरु
कुलै पूज्या न बनिऊ
चारै दिशा चारै चउ घुमाऊ बानिऊ ।

**पर्व गीत :**

आर्य संस्कृतिका विभिन्न चाडपर्वहरु छन् । वार्षिक चाड पर्वमा गाइने गीतलाई पर्व गीत भनिन्छ । पर्व गीतमा नृत्य पनि समावेश भएको पाइन्छ । अछामका प्रमुख पर्व गीतहरु धमारी, भुओ, भैलो, होरी, झोडा, गौरा आदि हुन् । अछामको वैजिनाथ, दर्ना र तल्लो भैसोलेमा होरी खेलिन्छ । मष्टवण्डालीको बजगाउँमा प्राप्त भएका कृष्णको होरी, गौरा, होरीका देउडा र धमारी धेरै पहिलेदेखि प्रचलनमा रहेकाले भाषा पनि पुरानै देखिन्छ । दर्नाबाट प्राप्त भई प्रकाशन भएका होरीका देउडा वि. सं. १९८७ सालपछि लेखिएका हुन् । बजगाउँमा प्राप्त भएका होरीका देउडा वि.सं. १९८७ साल भन्दा पनि पुराना देखिन्छन् । तिनका भाषिक स्वरुप, शैली, शब्द आदि आज भोलिको प्रचलनबाट लोप भइ सकेका देखिन्छन् ।

अछाममा प्रचलित पर्वगीतहरुमध्ये भुवो गीतपनि नृत्यसहित गाइने सामयिक लोकगीत हो । यो अछाम जिल्लाभरि प्रचलित रहेपनि जिल्ला भित्रका खास खास ठाउँहरु तुर्माखाँद, लकान्द्र, बाब्ला, थापागाउँमा खेलिन्छ र यसका गीतहरु बुढा पाकाहरुले भट्याउछन् र युवाहरुले भस्सो भस्सो भन्दै सामुहिक रुपमा गाउँछन् । यो खेलमा गीत गाउन महिलाहरुलाई निषेध हुन्छ किनभने यो पुरुषहरुद्वारा मात्र खेलिने खेल हो । तर महिलाहरु रमितेको रुपमा त्यहाँ उपस्थित हुन भने सक्छन् । हतियार, आगो र बाजागाजाका साथमा यो खेल प्रदर्शित गरिन्छ ।

## ३.३ भुओलोकगीतको परिचय

### ३.३.१ भुओको पृष्ठभूमि

'भुवो' शब्दोत्पतिको सम्बन्धमा 'भू' धातुको अर्थ राज्य हुन्छ । त्यसमा पनि गायत्रीमन्त्रको महाव्याहारमन्त्रक्ति 'भूर्भवः स्वः' अर्थात 'पृथ्वी, पाताल र स्वर्ग' को विजयको लागि गरिने 'शस्त्रयुद्ध' को अभ्यास भएकोले 'भूर्भव' बाट भूभुव- भूव- भुवो र भूर्भवस्व बाट भोस्सो वा भोस्सी भएको हो । यसै आधारबाट लडाईमा 'राज्य वा भूमि जिते रजाइँगर्ने, हारे वा भागेमा पाताल वा नरक पर्ने र लड्दा लड्दै मरेमा स्वर्ग जाइन्छ' भन्ने मान्यताका साथ फौजी लाई उक्साउने प्रचलन अद्यापि छ ।

संस्कृत भाषाका विभिन्न विद्वानहरुका मतको साराशंको रुपमा श्री वैद्यनाथक्षेत्र विकास संस्था अछामप्रति विशेष प्रेम गर्दै आउनु भएका र संवत २०५० देखि नै 'वैद्यनाथक्षेत्र' पत्रिकाको प्रधान सम्पादकको रुपमा सहयोग गर्दै आउनु भएका वेदका विशिष्ट

विद्वान्  प्रा. डा. ऋषिराम पोखरेलको मतका अनुसार “वेदमा भुव शब्दले पृथ्वीलोकलाई लिइएको प्रसङ्गहरु प्रशस्त छन् । ती मध्ये ‘भुवो यज्ञस्य रजश्चनेता’ मन्त्र अनुसार अग्नि अथवा अत्यन्त समुज्वल तेज वा साहसको काम गर्ने व्यक्तिलाई “भुवो नेता’ अर्थात् भूमण्डलको श्रेष्ठ वा अगुवा व्यक्ति मान्न सकिने सङ्केत पाइन्छ । त्यसका साथै भूस्वामी ” अर्थात यो पृथ्वीमा शक्ति प्रदर्शन गरेर सबैलाई जित्ने व्याक्तिलाई पितृकार्यमा “ इदमन्नं सजल एतत् भूस्वामि पितृभ्यो नमः ” भनेर अन्नदान गर्ने परम्परा छ । सम्भवतः आफ्नो शक्तिले हातहतियार, तरबार, खुंडा आदि चलाएर त्यस भूभागमा स्वामित्व प्रदान गर्ने व्याक्तिनै भूस्वामी वा राजा हुने चलन प्राचीन कालमा रहेको हुँदा शस्त्रास्त्रको अभ्यास प्रदर्शनमा विजयी हुनेलाई सम्मान स्वरुप भूस्वामी पद दिने परम्पराको संस्मरण कर्णाली प्रदेशको डोटी, अछाम आदि जिल्लामा चलेको भुवो र भोस्सो दिलाएको हुनुपर्दछ । “भवति, भावयति वा भूस्तस्य भूव :” भन्ने व्युत्पति अनुसार हातहतियार चलाई अभ्यास गर्ने खेललाई भुवो भनिएको र त्यसमा विजयी हुनेलाई भूस्वामी भुस्सो भोस्सो, भस्सी वा भस्सो को रुपमा सम्मान दिएर गाइने गीत र नाचलाई “भोस्सो” भनिएको कुरालाई युक्तिसङ्गत मान्नुपर्दछ । किनभने शतपथ ब्राह्मण (वेद) को ८/१/१/४ मा “अग्निर्वै भुवः नेता अग्नेर्हीद सर्व भवति” अर्थात् पृथ्वीको नेता अग्नि हो । आगोको प्रकाशमा नै भुवो खेलिन्छ । अतः भुवोको सहभागी मध्ये सबैका बीचमा शोभायमान हुने विजेताको सम्मानमा गाइने लय, ताल, स्वर र स्वर मिलेको वीरगाथापूर्ण खेलको नाम ‘भोस्सो’ हुन गएको कुरा स्वीकार गर्न पर्ने देखिन्छ ।[56]

स्थान विशेषका कारणले केही भिन्नता भए पनि कुनै न कुनै रुपमा पश्चिम नेपाल ( कर्णाली,भेरी,सेती र महाकाली) का सबै जसो जिल्लाहरुमा विशेष गरी क्षेत्रीहरुको बस्ती भएको ठाउँमा भुवो पर्व मनाउँने प्रचलन रहेको पाइन्छ । भुवो ढालतरबार र आगोको राँकाद्वारा युद्धकला प्रदर्शन गर्ने पर्वको रुपमा स्थापित छ । यसलाई सौर्य पर्व पनि भनिएको पाइन्छ । प्राचीनकालमा राजकाज गर्दा युद्ध भइरहने, तलबी सेना नहुने र युद्ध गर्नुपर्दा क्षेत्रीहरुले होमिनु पर्ने अवस्थालाई दृष्टिगत गरी त्यतिबेलाका शासकहरुले कमसेकम वर्षको एकपटक क्षेत्रीहरुलाई हतियार द्वारा गरिने युद्धकलाको अभ्यास अर्न्तगत नै यो प्रचलनको प्रारम्भ गरे/गराएको हुनुपर्छ । जुन कालान्तरमा हिन्दु समाजको विशिष्ट संस्कृतिको एक अङ्गको रुपमा पर्वमा परिणत भयो । अर्को शब्दमा भन्नुपर्दा त्यतिबेलाको समाजमा सदैव

---

56 सुरतबहादुर शाह, झारखण्ड वैद्यनाथ क्षेत्र, श्री वैद्यनाथक्षेत्र प्रकाशन समिति, अछाम, २०६४,पृ.१३१

अघोषित युद्धको भय रहने हुँदा आजकालको सुरक्षाफौजले गर्ने गरेको 'प्रत्यास्मरण तालिम' झैं समाजलाई जागरुक गराइराख्ने अभ्यास नै सौर्य पर्वको रुपमा भुवो स्थापित हुन गयो । वर्तमान समयमा अछाम जिल्लामा भुओ पर्व दुई भिन्न समयमा मनाउने गरेको पाइन्छ भने बझाङ र डोटीमा पुसेऔसीमा सुरु गरी पाँच देखि पन्ध्र दिनसम्म खेल्दछन् त्यस्तै दार्चुलाको ब्यासगर्खावासी विवाह, व्रतवन्ध जस्ता अवसरमा भुओ खेल्छन् । डडेलधुरास्थित गणेशपुरको वडालमा कार्तिकशुक्ल हरिवोधनी एकादशी र द्वादशीमा लाग्ने मेलामा खेल्दछन् ।[57]

स्थान भेदानुसार आगोको रापलाई भो, भ्वा, भुवा, भुवो, भुओ भनेर यस पर्वलाई विविध नाम दिएको पाइन्छ । भुओ चाड नेपाल अधिराज्यको सुदुर र मध्यपश्चिमाञ्चलको अर्थात् सांस्कृतिक अर्थमा भन्ने हो भने डोटी र कर्णाली प्रदेशमा वृषल क्षेत्रियमध्येका केही क्षत्रिय समाजमा मनाइने विशेष पर्व हो यसले जातीय गौरवका साथै सांस्कृतिक महत्ता बोक्दै आएको छ । प्रत्येक वर्षको पौष अमावाश्याको दिनबाट शुरु भएर तिनदेखि पन्ध्रदिन सम्म चल्ने चाड हो । डोटेलीपन देखाउने विभिन्न चाडबाड मध्येको प्रमुख भनेर यसलाई परिचित गराउन सकिन्छ । यसमा सबै जात र वर्गका नर नारीहरु सहभागी भएका देखिएपनि खास गरी यो वृषल क्षत्रिय जातिका पुरुषहरुको पर्व हो । वृषल क्षेत्रिय शब्दले राजन्य अर्थात ठकुरी बाहेकका अन्य छेत्रीलाई जनाउँछ । प्रस्तुत समाजमा प्रचलित स्वाइनीः जाग्रम बैकाः नै भो अर्थात् नारीहरुले घरबाहिर गएर स्वतन्त्ररुपमा मनपरी गरी मनोरञ्जन गर्ने अवसर पुत्रविवाहको जन्ती गएका दिनको राती आयोजना गरिने रत्यौली हो भने पुरुषहरुको चाहि भुओ पर्व हो भन्ने उखानले पनि यस कुराको सङ्केत दिन्छ । यस उखानले जे भने पनि रत्यौली मनाउँदा पुरुषको उपस्थिति निषिद्ध हुन्छ भने भुओ मनाउँदा रातीका कार्यक्रममा नारीको उपस्थिति निषिद्ध भए पनि दिउँसोका कार्यक्रममा चाहिँ हुदैन । रातीको अन्धकारमा सुरक्षा तथा पुरुषहरुले स्वच्छन्दरुपमा मनमा लागेका कुरा भन्न पाउने छुटका कारण यस पर्वका मध्यरात्रिका केही कार्यक्रमहरुमा महिलाको उपस्थिति निषेध गरिने हुनाले यसो भनिएको हुनुपर्दछ ।

भुओ को शाब्दिक अर्थ आगोको प्रचण्ड आँच वा ताप हो । अतिप्रद्दीप्त अग्निज्वालालाई डोटेली भाषिकामा भो भनिन्छ । भुओ पर्व व्यक्तिगत र सामूहिक प्रयासबाट उचाल्न र बोक्न सकिएसम्मका मुढाहरु पोलेर आगोका प्रचण्ड रापका साथ मनाइने हुँदा भो नामले सम्बोधित भएको बुझिन्छ । अधिकांश पूजाआजामा दीपप्रज्वलन अनिवार्य अङ्ग

[57] ऐजन,पृ. १३२

मानिएझैं सकेसम्मको प्रचण्ड ज्वालाको आगो यस पर्वको अपरिहार्य अङ्ग मानिन्छ । मुढा सल्काउन सुरु गर्नु यस पर्वको थालनी हो भने सो निभाउनु अन्त्य हो । [58]

### ३.३.२ भुओ पर्वको ऐतिहासिक पृष्ठभूमि

खस जाति भित्रको साहस, वीरता तथा उत्सर्गको भावना सरल र चोखो हृदय एवम् युद्धप्रियता इतिहासका प्राचीन पन्नाहरु देखि नै चर्चित हुँदै आएको छ । रणभूमिबाट भाग्न, सङ्ग्रामबाट डराउन र आइलाग्नेहरुसँग झुक्न यस जातिले कहिल्यै जानेन यसको यही क्षमताका कारण कुनै समयको एकछत्र कत्युरी शासन छिन्नभिन्न पारेर भारत वर्षको मध्य हिमालयीय भूभागका अधिकांश क्षेत्रकी राज्यलक्ष्मीलाई यस जातिका पुर्खाका घाँटीमा वरमाला पहिराउन बाध्य बनाइएको थियो । यस जातिमा पाइने रजबार प्रथाले आज पनि ति दिनको झझल्को प्रदान गर्दछ । रजबार भनेको बाह्रवटा गाउँ वा क्षेत्रको शासक वा मुख्य हो । सूरो स्वभाव भए पनि एकोहोरो दृष्टि राख्ने यस जातिले राजनीतिक दाउपेचपूर्ण षडयन्त्रमा आफुलाई ढाल्न नसक्दा राज्यलक्ष्मी गुमाउनु परेको कुरा ऐतिहासिक घटनाले बताउँछन् । यस जातिमा रहेको साहस र वीरता आजपनि सुरक्षित छ । यसमा पाइने प्रस्तुत स्वाभावको परिचय खस्स्यै रीस पानीः तीःस अर्थात खस जातिको रीस र पानीको तिर्खा खतरनाक हुन्छ भन्ने उखानले पनि दिन्छ । यो पर्व क्षेत्रीयमा पनि खस जातिले युद्ध सार्माथ्य वा युद्धकलाको प्रदर्शन तथा यथेष्ट नाचगानद्वारा आश्वादित मनोरञ्जनका साथ आयोजना गर्ने विशेष चाड हो यसबाट जातिय अस्मिता, स्वाभिमान तथा निजी पहिचान पनि प्रकट भएको बुझिन्छ । युद्धमा होमिनु जीवनका विभिन्न उपलब्धि मध्येको एक मानिने खस जातिका सोच अनुसार कुनै समय जितिएको सङ्ग्रामको खुसी मनाउँने क्रममा यो चाड प्रारम्भ भएको हुनुपर्दछ । यसको थालनी कहिले देखि भयो भन्ने बारे ठोस लिखित प्रमाण भेटिँदैन । [59]

मध्यपश्चिमाञ्चलको दैलेख जिल्लामा प्रचलित भुओ अलि बेग्लै रहेको पाइन्छ । जुम्ला हुम्ला र सुर्खेतमा पनि सोही किसिमको भुओ नै प्रचलित रहेको पाइन्छ । यसमा लक्ष्मीपूजाको अघिल्लो रात हात हातमा राँका लिएका पुरुषहरु मध्यरातमा भुवाखाडामा

---

[58] जयराज पन्त, डोटेली भो पर्वका गीत र गाथाहरु, (वाङ्मय प्रकाशन तथा अनुसन्धान केन्द्र, काठमाडौं, २०६४) पृ.२

[59] ऐजन, पृ.१२

जम्मा हुन्छन् । सल्लो आदि बल्ने काठको कोठी चिटिक्क मिलाएर तयार पारिएको हुन्छ । यसमा हरेक वर्ष चल्ला र कुभिन्डाको बलि  दिइन्छ । कोठीलाई बाँस वा कुनै लामा काठका लिङ्गामा बाँधेर आगो सल्काई झिसमिसेमा बाजा र गीत सहित निश्चित स्थानमा पुऱ्याई सेलाइन्छ । कोठी फालेन भने भुवाखाडाको भूत रिसाउँछ र घरमा आगो लाग्ने र अन्य अनिष्ट हुने खतरा हुन्छ भन्ने धारणा रहेको पाइन्छ । भुवाखाडामा जम्मा भएका बखतदेखि कोठी नसेलाउदा सम्म मनलागी अश्लील भुओ गीतहरु फलाकी भस्सो भन्ने चलन छ । त्यसैले पूर्णप्रकाश नेपाल 'यात्रीले' यसलाई पुरुषको रत्यौलीको संज्ञा दिएका हुन् । यसमा खास गरी पुरुषले भाग लिने भए पनि हेर्नको लागि वरिपरि नारीहरु पनि जम्मा भएका हुन्छन् । वर्ष दिनभरि कसैले गरेको कर्तुतको सम्पूर्ण पोल त्यस दिन खोल्ने भएकाले त्यस्ता कार्य गर्नेहरु त्यस दिन थरथर हुन्छन् । यसबाट समाजमा हुने अनाचार रोक्न पनि अप्रत्यक्ष सहयोग पुग्ने देखिन्छ । यद्यपि सुन्न नसकिने छाडा र फोहर अभिव्यक्ति पनि त्यतिकै अवाञ्छित छन् ।[60]

खेल प्रस्तुतिको सामाजिक पक्ष र स्वरुप पक्षको निक्यौंल गर्दा यसको ऐतिहासिक पक्षको अड्कल काट्न सकिन्छ । विगत कुनै शताब्दीमा यस क्षेत्रका शासक या त विजयाभिलासा लिएर अगाडि बढे या त बाहिरी आक्रमणको सामना र प्रतिरोधको खातिर अगाडि बढे । यी दुई कारण मध्ये एउटा आकाङ्क्षा लिएर जाँदा विजय श्रीले साथ दिएको हुनुपर्दछ । विजयोन्मत्त योद्धाहरु विजयहासिल गरी राजधानीमा फिर्ता भएपछि गरिने विजयोत्सव आयोजनाहरु मध्ये यस खालका आयोजना पनि यदाकदा राज्यले स्वीकार गर्ने हुँदा विजय योद्धा जवानका विजयोत्सवका उपलक्ष्यमा एक रात निश्चिन्त मनोरञ्जन गरी आनन्द मनाउने छुट दिइयो होला ।यसै क्रममा यस्ता आयोजनाले लोकसम्मत प्राप्त गर्न

सक्नु अधिक संभव मानिन्छ ।[61]

भुओ भनेको एक किसिमको भूत पिचास वा दैत्यको कल्पना हो । एघारौं बाऱ्हौं शताब्दीतिर भारतमा मुसलमान शासकले दिल्लीमा रजाइ गरेताका देखि नै भुओले सताउन थालेपछि मानिसहरु जङ्गल पसेका र पहाड तर्फ लागेका अनि यता पनि भुओ (भूत) ले

---

[60] मोतिलाल पराजुली र जीवेन्द्र देव गिरी, पूर्ववत्, पृ. ७५

[61] पूर्णप्रकाश नेपाल यात्री, भेरी लोकसाहित्य,( नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान,२०४१),पृ.३५०

नछाडेकाले त्यही भुओलाई धपाई भय रहित हुन भुओ खेल्ने गाउँने चलन चल्दै आएको प्रसङ्ग जोडिन्छ । [62]

सबै अध्येता र लोकसाहित्यका विज्ञ तथा भुओसँग सम्बन्धित व्यक्तिहरुसँगको छलफल, अर्न्तवार्ता र अध्ययन पश्चात नेपालको इतिहासमा बाइसे, चौबिसे राज्यकालको समयमा लडाइँ झगडा भइरहने हुँदा त्यो लडाई झगडामा बहादुरीका साथ क्षेत्रीहरुले मात्र मुकाबिला गर्ने भएकोले राज्यको रक्षा क्षेत्रीहरुले मात्र गर्न सक्छन् भन्दै तत्कालीन राजा रजौटाले क्षेत्री समुदायलाई भूमि रक्षक -माटे) को उपाधी दिएका हुन सक्छन् । लडाइँमा पुरुषहरु मात्र होमिने भएकोले यो पर्वमा पनि पुरुषहरुको मात्र भाग लिने परम्परा बस्दै आएको हुन सक्छ । आगोको प्रकाशमा भुओ पर्व खेलिने गाइने गरिन्छ । राजाको दशैं माटेको भुओ भन्ने गीतबाट दशैंको टिका राजाहरुले लगाएपछि मात्र अरुले लगाउन पाउने व्यवस्था भए झैं भुओको करीय क्षेत्रीहरु हुने चलन तत्कालीन राजकाजको समयमा चलेको हुनुपर्छ अनि क्षेत्रीहरुले नै भुओलाई अहिलेसम्म आफ्नो करको पर्वको रुपमा सम्हाल्दै आएको पाइन्छ । माटोको पूजा (भूमि पूजा वा पृथ्वीको पूजा ) गर्दा क्षेत्रीहरु मात्र त्यसका हक वाला हुन पाउँछन् र कतै कतै उनीहरुलाई माटे भनिएको पनि पाइन्छ । भुओपर्वको दिन माटे (धर्ती) देवको पूजा गरीसकेपछि भुओ खेल्दा अब धर्तीमा कहिल्यै अनिकाल, प्राकृतिक प्रकोप नहोस् भन्ने कामना गर्दै गीत भट्याइन्छन् । जस्तै :

ए ! सिरी रिटी जाउ भस्सो भस्सो
ए ! अनिकाल बाइजाउ भस्सो भस्सो
ए ! मेघ पानी आइजाउ भस्सो भस्सो
ए ! सुवीकाल आइजाउ भस्सो भस्सो
ए ! भस्सीका पर्व भस्सो भस्सो आदि

### ३.३.३ भुओलोकगीतको क्षेत्र र प्रयोग

सामान्यतया क्षेत्र भन्नाले जमिनको भागलाई जनाउँछ । तर यहाँ लोकसाहित्यिक क्षेत्रका बारेमा चर्चा गरिएको छ । लोकसाहित्यिक क्षेत्र भन्नाले कुनै पनि लोक साहित्यिक विधाले आफ्नो प्रभाव पार्न सक्ने मानव समुदाय र समुदायको बसोबास भएको भौगलिक क्षेत्रलाई जनाउँछ । भुओलोकगीतको क्षेत्रलाई छुट्ट्याउनुपर्दा यसको मूल थलो कर्णाली देखि महाकालीसम्मको हुम्ला,जुम्ला,मुगु, डोल्पा, कालिकोट, सुर्खेत, दैलेख, जाजरकोट, अछाम,

---

[62] कृष्णप्रसाद पराजुली, नेपाली लोकगीतको आलोक, (रत्न पुस्तक भण्डार, काठमाडौं, २०६४) पृ.२०१

बझाङ, बाजुरा, कैलाली, डोटी, बैतडी, दार्चुला र कञ्चनपुरका केही ठाउँहरुमा यसको प्रभाव र प्रयोग रहेको पाइन्छ ।

भुओलोकगीतको मूलथलो मध्यपश्चिमाञ्चलको दैलेख र सुदुरपश्चिमाञ्चल विकासक्षेत्रको डोटी, अछाम भए पनि यसको प्रभाव मध्य तथा सुदुरपश्चिमका धेरैजसो जिल्लामा रहेको पाइन्छ । विशेष गरी कार्तिक र पौष महिनाको कृष्णपक्षको समयमा भुओ निश्चित ठाउँमा मेला लगाएर बाजागाजा, हतियार र राँकाको साथमा पुरुष युवक देखि वृद्धहरुले नाच्दै गाउँने गरिन्छ । यसमा महिलाहरुले गाउँन पाउँदैनन् । खालि रमितेको रुपमा मात्र रहन्छन् । भुओ मेला क्षेत्री जातिहरुले मात्र लगाउने गर्दछन् । आफूहरुलाई भूमिरक्षकको रुपमा बुझ्दछन् र सधैं भूमि रक्षाको लागि तयार रहने उद्देश्यले पहिलेदेखि नै यस पर्वलाई हतियार, आगो र बाजागाजाका साथमा खेल्ने गरिन्छ । यस भुओ मेलाका अगुवा क्षेत्रीहरुनै रहने परम्परा छ । क्षेत्रीहरु मध्येका नायकको घरबाट नै भुओ संचालन हुन्छ । यसपर्वलाई सबै जातजातिहरुले सहयोग र सर्मथन गर्ने गर्दछन् । मानिसहरुको बसाइ सराइ सँगसँगै भुओको क्षेत्र बिस्तार पनि क्रमिक रुपले हुँदै गएको पाइन्छ ।

भुओलोकगीत पर्वगीत भएकाले यो निश्चित अवधिमा मात्र खेलेर गाइन्छ । यसलाई सामूहिक गीतको रुपमा लिन सकिन्छ । भुओलोकगीतमा सङगीतमयता र लयबद्धता कम हुन्छ । यो सामुहिक गान  हो ।

**३.३.४ भुओलोकगीतको संरचना**

संरचना भन्नाले कुनै पनि वस्तुको स्वरुपलाई जनाउँछ । वस्तुको स्वरुप निर्माण हुनका लागि त्यसको पूर्णरुप दिन आवश्यक पर्ने अङ्ग भन्ने बुझिन्छ । भुओलोकगीतको संरचनामा कुनै पनि बोली वा भावनालाई गीत बनाउनमा सहयोग गर्ने अङ्गहरु भन्ने बुझिन्छ । भुओलोकगीतको संरचनामा निम्न लिखित अङ्गहरु पाइन्छन् ।

**३.३.४.१ कथ्य**

भुओलोकगीतमा गाइने विषयको प्रसङ्गनै यसको कथ्य हो । गीतारुले गीतको प्रसङ्ग अनुसार गीत सिर्जना गर्दै भट्याउँछन र अरु सबैले भस्सो भस्सो भन्दै स्वर मिलाउँछन् । भुओ गीतमा कुनै न कुनै विषय वस्तु रहेकै हुन्छ । भुओलोकगीतमा भन्न खोजेको कुरा नै कथ्य हो र त्यस कथ्यलाई सुन्नेले बुझ्दछ । कहिलेकाही गीतको कथ्य

नबुझिए पनि स्रोताहरुलाई आनन्दको अनुभव हुन्छ । यही विषयको प्रसङ्ग र व्यक्त हुने सन्देशलाई नै भुओलोकगीतको कथ्य भनिन्छ ।

### ३.३.४.२ भाषा

भाषा भावाभिव्यक्तिको ज्यादै महत्वपूर्ण तत्त्व हो । भाषाविना जुनसुकै कुरा व्यक्त हुदैन । भाषा नै एउटा सम्प्रेषणको माध्यम भएकोले एक व्यक्तिको विचार अर्को व्यक्तिमा र एक समाजको संस्कृति अर्को समाजमा आदानप्रदान हुने गर्दछ । भुओलोकगीतमा पनि आफ्नै प्रकारको भाषा अपनाई गाउने गरिन्छ । भुओलोकगीतहरु प्रायः स्थानीय भाषामा नै हुन्छन । भुओलोकगीत लोकसाहित्यको एउटा अङ्ग भएकाले यसमा लोकभाषाको नै प्रयोग हुन्छ । गीतको भाषा सामान्य बोलीचालीको भाषा भन्दा फरक हुने भएकोले लय, छन्द, अन्त्यानुप्रास र सन्दर्भ मिलाउनुपर्ने हुँदा नेपाली, हिन्दी र संस्कृत जस्ता शब्दहरु पनि आंशिक रुपमा प्रयोग गरिएका हुन्छन् । यस्ता गीतहरु लामो समयदेखि मौखिक परम्परामा बढेर हस्तान्तरित हुँदै आएका छन् । तर्सथ यसमा भाषाको पुरानो रुप पनि बाँकी रहेको देखिन्छ ।

### ३.३.४.३ चरण वा पद

भुओलोकगीतको संरचनामा पद र चरणको पनि आवश्यक्ता पर्दछ । यसको एक चरणमा दुइ पद हुन्छन् । दुई पद पुरा भएपछि एउटा गीत पुरा हुन्छ । प्राय : एउटा पद अर्को पदसँग सम्बन्धित हुन्छ । यो गीत गाँउदा देउसी गीत गाएझै गरी भट्टयाउने र गाउँने गरिन्छ । एउटा पदले उठान गरेको विषयवस्तुलाई अर्को पदले पुरा गरेको हुन्छ । प्राय : गीतका चरणहरु पनि सम्बन्धीत नै हुने गर्दछन् । यस्ता गीतमा कतिपय पदहरु लय मिलाउनको लागि मात्र प्रयोग गरेको हुन्छ । एउटा पद भट्टयाइसकेपछि सबैले भस्सो भस्सो भन्दछन् र त्यसपछि अर्को पद भट्टयाइन्छ । भुओ गीतमा दुई पद हुन्छन् । जस्तै :

| | |
|---|---|
| ए ! माटेको भुओ | भस्सो भस्सो |
| ए ! राजाको दशै | भस्सो भस्सो |
| ए ! मालको भुओ | भस्सो भस्सो |
| ए ! पर्वत लाग्यो | भस्सो भस्सो |
| ए ! ताहै भुओ | भस्सो भस्सो |
| ए ! बर्मदेवमण्डी | भस्सो भस्सो |

### ३.३.४.४ लय वा भाका

लय वा भाका भनेको भुओलोकगीतको स्वर संगठन हो । सुदूरपश्चिमेली लोकजीवनमा गीत गाउँने खास शैली नै भाका हो यसका फरक फरक भाकाहरु हुदैनन् । देउसी भाकामा यो गीत भट्टयाउने र गाउँने गरिन्छ । यो गीत भट्टयाउँदा चार पाँच जनाले सामूहिक स्वरमा भट्याउँछन् र अरु सबैले समूहमा भस्सो भस्सो भन्दै लय

मिलाउँछन् । यो सामूहिक भएकाले समूहमानै हाउभाउका साथ गाउने गरिन्छ । यसमा बाजागाजाको धुनले पनि लय मिलाएको हुन्छ ।

### ३.३.४.५ छन्द

मानव मन र मस्तिष्कलाई लयका तरङ्गले आनन्दप्रदान गर्ने अन्त्यानुप्रासयुक्त साहित्यिक अभिव्यक्तिमा कुनै न कुनै छन्द रहेको हुन्छ । धेरैजसो भुओलोकगीतहरु अन्त्यानुप्रासयुक्त हुन्छन् भने केही गीतहरु छन्द नमिलेर लयमा मात्र रहेका हुन्छन् । प्राय भुओलोकगीतमा लय मिलाउनको लागि एक चरणमा एघार देखि तेऱ्ह अक्षर सम्म हुने गर्दछन् । जसका दुई पाउ हुन्छन् । पहिलो पाउ पाँच अक्षर र कतै छ अक्षरको हुन्छ भने दोस्रो पाउ सात अक्षरको हुन्छ । जस्तै :

| | |
|---|---|
| ए ! भस्सी खेलेको | भस्सो भस्सो |
| ए ! यही ठूला घर | भस्सो भस्सो |
| ए ! के ? के ? पाइन्छ | भस्सो भस्सो |
| ए ! बोके पाठो पाइन्छ | भस्सो भस्सो |
| ए ! त्याँ तल गाड | भस्सो भस्सो |
| ए ! पलाएको पाती | भस्सो भस्सो |
| ए ! हामरा नाइकेको | भस्सो भस्सो |
| ए ! सुनको छाती | भस्सो भस्सो |

### ३.३.५ भुओलोकगीतको प्रयोजन

भुओलोकगीत (भेरी, कर्णाली, सेती, महाकाली) लोकसाहित्यको महत्वपूर्ण विधा भएकोले यसको प्रयोजनको बारे विचार गर्नु प्रासङ्गिक नै देखिन्छ । भुओलोकगीतका केही प्रयोजनहरुलाई यसप्रकार देखाउन सकिन्छ ।

### ३.३.५.१ आनन्दको अनुभव

गीतको प्रयोजन नै आनन्दको अनुभव गर्नु गराउनु हो । भुओलोकगीतले मान्छेलाई सर्वोच्चानन्द प्रदान गर्दछ । लोकमानसको अभिव्यक्ति, सरल, भाषा र सरस शब्दावली सुरीला लय र सङ्गीतका साथ प्रस्तुत हुँदा व्यक्तिले दुःख र अभावहरुलाई बिर्सेर आनन्दको अनुभव गर्दछ । यसप्रकार आनन्दको अनुभव विभिन्न रुपमा प्राथनामूलक धार्मिक गीतहरु, भजन, स्तुति, आरतीहरु संस्कारहरु र विभिन्न पर्वका उल्लासपूर्ण वातावरणमा गाइने गीतहरुबाट समेत प्राप्त हुन्छ । जसमा भुओपर्वका गीतहरुले सम्पूर्ण दर्शक महानुभावहरुलाई छुट्टै आनन्दको अनुभूत गराउँछन् । भुओलोकगीतहरुमा पौराणिक, ऐतिहासिक र

समसामयिक तथ्यलाई विषयवस्तु बनाई गीत रचना गरिने भएकाले मानिसहरुलाई मिश्रित आनन्द हुन्छ । यसमा झोडा गाउने चलन रहेको छ । जस्तै :

कहाँ तम्रो जरमाउलो कहाँ रजथान

देवीपाण्ड जरमाउलो हिउँचुली रजथान

### ३.३.५.२ अनुष्ठानको सम्पादन

केही भुओलोकगीतहरु मन्त्र जस्तै महत्व राख्दछन् गीतहरुबाटै धार्मिक क्रियाकलाप सम्पन्न हुन्छन र संस्कारका विधिविधान पुरा गरिन्छन् । यस क्षेत्रमा भुओपर्वलाई धार्मिक प्रसङ्गमा पनि जोडिएको पाइन्छ र विभिन्न देवीदेवताका नामहरु जप्दै काम शुरु गरिएको पाइन्छ । भुओलोकगीतका केही अंश यहाँका चाडपर्व फागु, तिज, जाग्रम, षष्टीपूजा, मकर संक्रान्ति र दशै जस्ता महत्वपूर्ण चाडबाडमा धार्मिक अनुष्ठान र संस्कारका अङ्ग बनेका छन् । जस्तै :

हरहरियो हरहरियो

भूमिश्वर देवता तमी दाइना भया

माटे बेताल तमी दाइना भया

कालीका देवी तमी दाइना भया

त्रिपुरादेवी तमी दाइना भया

मालीका देवी तमी दाइना भया

### ३.३.५.२ समसामयिक लोकजीवनको अभिव्यक्ति

भुओलोकगीतहरुमा सामाजिक जीवनका यर्थाथ अभिव्यक्तिहरु पनि हुन्छन् । यस्ता अभिव्यक्तिमा समाजको अनुभूति पनि व्यक्त भएको हुन्छ । समाजमा रहेका अन्याय अत्याचार शोषण, दमनलाई पनि विषयवस्तु बनाएर गीतहरु भट्टयाउने गरिन्छ र भोकमरी, अशिक्षा जस्ता समस्याले पिरोलिएका अभिव्यक्तिहरु पनि भुओलोकगीतमा आउँछन् । गीत भट्टयाउनेहरुले आफ्नो क्षेत्रको मात्र नभएर आफूलाई ज्ञान भएजति सम्पूर्ण समाजको समसामयिकतालाई गीत बनाएर भट्टयाउँछन् । जसले गर्दा भुओलोकगीतमा समसामयिक लोकजीवनको अभिव्यक्ति पनि व्यक्त भएको हुन्छ । जस्तै :

ए ! माटे देउसँग        भस्सो भस्सो

ए ! बिन्ति चढाउँछौ        भस्सो भस्सो

ए ! अनिकाल नपाणे भस्सो भस्सो

ए ! भोकमरी नपाणे भस्सो भस्सो

ए ! अँध्यारो हटाए भस्सो भस्सो

ए ! यो धर्तीबाट भस्सो भस्सो
ए ! बहादुर छोरा भस्सो भस्सो
ए ! जर्मी जापन भस्सो भस्सो
ए ! हाम्रो शीर ठाडो भस्सो भस्सो
ए ! पाणीएल पन भस्सो भस्सो
ए ! गरिबका सुदीन भस्सो भस्सो
ए ! फर्काइएलपन भस्सो भस्सो

### ३.३.५.३ सामुहिक गायनको प्रयोग

सामुहिक रुपमा गायन हुनु भुओ गीतको प्रमुख वैशिष्य हो । भुओ मेला लाग्ने दिन धेरै टाढा टाढाका मानिसहरु एकै ठाउँमा जम्मा भएर बाजागाजाको धुनमा, आगोको प्रकाशमा चारपाँच जनाले एकै स्वरमा भट्टयाउँछन् र बाँकी सबैले हातमा हात समाती गोलघेरा लाग्दछन् । यो भुवो खेल र गायन पुरुषहरुले पैतला मिलाउँदै भस्सो भस्सो भन्दै हाउभाउका साथ नाच्दै गाउँछन् । यसको लागि धेरै ठूलो मैदानको आवश्यकता पर्दछ । यस्तो सामूहिक गायन तथा नृत्यले सामाजिक एकता र मेलमिलापमा पनि सहयोग पुऱ्याउँछ । जस्तै :

ए ! खेल मेरा भाइ हो भस्सो भस्सो
ए ! राम्ररी खेल भस्सो भस्सो
ए ! मौसरकी भेट भस्सो भस्सो
ए ! भएको आज भस्सो भस्सो
ए ! राम्ररी खेल भस्सो भस्सो
ए ! वर्षदिन पछि भस्सो भस्सो
ए ! मात्रै हो आउन्या भस्सो भस्सो
ए ! कोइ मरी जाउँला भस्सो भस्सो
ए ! कोइ बाँची रहुँला भस्सो भस्सो
ए ! जो बाँची रहला भस्सो भस्सो
ए ! आउँदा खेलला भस्सो भस्सो
ए ! जो मरी जाला भस्सो भस्सो
ए ! स्वर्गै जाला भस्सो भस्सो

यसरी सामान्यतया विभिन्न उपदेशात्मक र यथार्थमूलक अभिव्यक्तिलाई भुओ गीतले प्रस्तुत गरे पनि भुओ मेलामा भुओ गीतको प्रयोजन भनेको मनोरञ्जन नै हो ।

### ३.३.६ भुओलोकगीतको महत्त्व

भुओलोकगीत मध्य तथा सुदुरपश्चिमाञ्चल क्षेत्रका जनताको लोकगीतका रुपमा रहेको छ। यो गीत बुढा, बाला जोकोहीले गाउँदछन् । जब भुआखाडामा मान्छेहरु जान्छन् तब तिनीहरुको मनमा भुआ गीतहरु पानीको मूल फुटेझैं फुटछन् र खेलमा नलागी, गीत नगाइ धरै पाउदैनन् । खेल खेल्दा देउडा खेलको तरिकाझैं कुममाकुम, हातमाहात, स्वरमा-स्वर र पैदलमा पैदल मिलाएर एक पाइलो अगाडि आधा पाइलो पछाडि सार्दै शरीरलाई मर्काउदै खेलिन्छ। जब भट्याउनेहरुले गीतलाई माइकको साहराले आवाजलाई सबैले सुन्ने गरी भन्दछन् तब खेल चम्केको वा राम्रो भएको मानिन्छ। यसै अवसरमा खेल्ने वा गाउँने र जात्रा हेर्नेको मनकामनापूर्ण भएको मानिन्छ। यस्तो लोक मानसमा रहेका भुओलोकगीतको महत्वलाई निम्न बुँदामा प्रकाश पार्न सकिन्छ।

#### ३.३.६.१ ऐतिहासिक महत्त्व

भुओलोकगीतले खसजाति भित्रको साहस, वीरता, तथा उत्सर्गको भावना, सरल र चोखो हृदयलाई इतिहासका पानाहरु देखि नै चर्चित हुँदै आएको कुरा दर्शाउँछन । भुओलोकगीतमा लुकेका शब्दहरुले ऐतिहासिक महत्व राख्दछन् । इतिहासमा बिर्सिएको पाटोको अध्ययन, अनुसन्धान गर्नमा पनि भुओलोकगीत सहायक हुने देखिन्छ। ऐतिहासिक घटनावलीलाई श्रृङगार पटार गरेर जनसमक्ष राख्ने काममा भुओपर्वले महत्वपूर्ण भूमिका निर्वाह गरेको छ। बाइसे चौबिसे राजाहरुको शासनकालमा सधैंभरि लडाइँ भइरहन्थ्यो । जनता सधैं त्रासमा हुन्थे। सबैले आत्मरक्षाको लागि लडाइको तालिम लिन आवश्यक हुने गर्थ्यो। प्रस्तुत चाड त्यहीबाट विकसीत भएको हुँदा भुओलोकगीतले पनि सोही भाव प्रकट गर्ने गरेको पाइन्छ।

जस्तै :

ए ! अलियो बलियो भस्सो भस्सो
ए ! बाँकावीर शहीद भस्सो भस्सो
ए ! बाइसे चौबीसे भस्सो भस्सो
ए ! राज्य जितेको भस्सो भस्सो
ए ! कुमाउ गडवाल भस्सो भस्सो
ए ! लडाइँ लडेर भस्सो भस्सो
ए ! हामरो जाति भस्सो भस्सो
ए ! अघि बढेको भस्सो भस्सो

#### ३.३.६.२ सांस्कृतिक महत्त्व

भुओलोकगीतलाई नेपाली संस्कृति र सभ्यताको धारकका रुपमा लिन सकिन्छ। प्राचीनकालमा रहेको नेपालीपनको झल्को भुओपर्वमा पहिरने वस्त्रहरुले दिन्छ। बाजा बजाउनेहरुले टाउकोमा सेतो पगडी, शिरमा रातो फूल, कम्मरदेखि तल झगुलो, कम्मरमा पटुका बाँधि ढाल, तरबार भिरेर प्राचीन नेपाली युद्धक्रमी जस्तै देखिन्छन्। पञ्चेबाजा, लडाइमा प्रयोग हुने नेपालका पुराना हतियार पनि प्रदर्शन हुन्छन्। जसले नेपाली मौलिक

संस्कृतिलाई बचाइरहेको छ । सो पर्वमा गाइने भुओलोकगीतमा परम्परा र संस्कृतिलाई जोगाउनुपर्ने भाव व्यक्त भएको हुन्छ । जस्तै :

| | |
|---|---|
| ए ! टाटुमा माला | भस्सो भस्सो |
| ए ! हातमा बाला | भस्सो भस्सो |
| ए ! कम्मरमा धणो | भस्सो भस्सो |
| ए ! बजेका बाजा | भस्सो भस्सो |
| ए ! बन्डाली साभ्रा | भस्सो भस्सो |
| ए ! रामहेर आज | भस्सो भस्सो |

### ३.३.६.३ सामाजिक महत्त्व

समाजका परिवर्तित रुपरेखा र तिनका आवश्यकता पनि भुओ गीतले औंल्याएको हुन्छ । यसमा वक्तृत्व र अभिनय कौशल हुनाले भुओ खेल्दा गीतबाट कसैलाई गाली गरिन्छ भने उसले सहजै स्वीकार गर्छ । भुओलोकगीतले निर्भिकता साथ समाजका मनोदशा चित्रण गर्ने सफलता पाउनुमा सर्वोतम पक्ष सामूहिक स्वर हो । भुओ खेल्दा महिलाहरुबाहेक उच्च, निच, धनी, गरिब, छुत, अछुत आदिको भावना नराखी समानरुपले सहभागी हुन पाउँछन् । अघि पछि अछुत भनिने ढोली र दमाईले बाजाको तालमा सम्पूर्ण खेलाउडालाई नचाउँछन् र भुओमेला क्षेत्रीहरुले मात्र लगाउन पाउने परम्परा भए पनि सबैले समान रुपले खेलेर गाउन पाउनुमा भुओलोकगीतले ठूलो महत्व राखेको छ । जस्तै :

| | |
|---|---|
| ए ! यो देशको हालत | भस्सो भस्सो |
| ए ! बिग्णेको बिग्णै छ | भस्सो भस्सो |
| ए ! सपाड्ने बहादुर | भस्सो भस्सो |
| ए ! छै भने लागि जा | भस्सो भस्सो |
| ए ! यही ठाउँ बाट | भस्सो भस्सो |
| ए ! बदमास भागी जा | भस्सो भस्सो |

### ३.३.६.४ धार्मिक महत्त्व

धार्मिक विषयवस्तुका गीतहरु भुओलोकगीतमा मौलाएर रहेका छन् । भुओलोकगीतको सरल अभिव्यक्तिले यसमा मिठास थपेको हुन्छ । धार्मिक गीतहरु भुओ पैटाउँदा शुरु गरिन्छन् । बिचमा पनि भट्याइन्छ र समापनको समयमा पनि धार्मिक गीतहरु नै गाएर अन्त्य गरिन्छ । यसमा संस्कृतका अप्ठ्यारा शब्दहरुलाई सकी नसकी उच्चारण नगरेर सरल स्थानीय भाषा मार्फत देवी देवताका श्लोकहरु व्यक्त गर्न सबैले रुचाउने हुँदा धर्म सम्बन्धि जानकारी हुन्छ र धार्मिक महत्व पनि रहेको पाइन्छ । जस्तै

| | |
|---|---|
| हाँ हरै हरीयो हरै हरियो | हाँ हरै हरियो |
| ए ! भूमेश्वर देवता | भस्सो भस्सो |
| ए ! माटे बेताल | भस्सो भस्सो |
| ए ! तमी दाहिना भया | भस्सो भस्सो |

| | |
|---|---|
| ए ! कालसैनी भैरव | भस्सो भस्सो |
| ए ! मष्टाबण्डाली | भस्सो भस्सो |

### ३.३.६.५ प्राकृतिक महत्त्व

भुओलोकगीतले प्राकृतिक चित्रण पनि गरेको हुन्छ । निरविच्छिन्न रुपमा आफ्नो गतिलाई प्रवाह गर्ने खोलानाला र सङ्गीतमय ध्वनिमा वन पाखामा आफ्ना स्वर लहरीलाई प्रकृतिक सौन्दर्यको वर्णन गर्न गुञ्जयमान गरिरहेका चराचुरुङ्गीको गुञ्जन सुनिएका हुन्छन् । त्यस्ता प्राकृतिक छटाहरुको वर्णन पनि भुओलोकगीतमा गरिएको हुन्छ । डाडाँ, भञ्ज्याङ, पर्वत र गुफाहरुको महत्वलाई प्रसङवश भुओलोकगीतमा ओकल्ने गरिएको पाइन्छ । प्रायः यस्ता गीतमा एक पाटोले प्रकृति चित्रण र अर्को पाटाले भुओको प्रसङ्ग जोडेको हुन्छ ।

जस्तै :

| | |
|---|---|
| ए ! हपरका काला लेख | भस्सो भस्सो |
| ए ! झुपझुपे भालु | भस्सो भस्सो |
| ए ! हामरा नाइकको | भस्सो भस्सो |
| ए ! सुनको तालु | भस्सो भस्सो |
| ए ! त्याँ तल छम गाड | भस्सो भस्सो |
| ए ! बगाइ ल्यायो लोडो | भस्सो भस्सो |
| ए ! हामरा नाइकको | भस्सो भस्सो |
| ए ! सुनौलो घोडो | भस्सो भस्सो |

## ३.४ भुओलोकगीतको वर्गीकरण

साहित्य समाजको दपर्ण हो भन्ने उक्तिलाई ध्यानमा राख्दा के भन्न सकिन्छ भने लोक साहित्य त दर्पण मात्र नभएर अझ एक्सरे मेसिन हो । जसले सम्बन्धित जनजीवनको बाह्य र आन्तरिक दुवै पक्षको यथार्थ प्रतिबिम्ब उतार्ने काम गर्दछ । तदअनुरुप भुओ गीतमा पनि विविध मान्यता र जीवन दृष्टि समेटिएका छन् । खस सम्प्रदायको जीवनशैलीसँग सम्बन्धित भुओ गीतहरुलाई निम्न आधारमा वर्गीकरण गर्न सकिन्छ ।

(१) भाषाका आधारमा
(२) विषयवस्तुका आधारमा
(३) रसका आधारमा
(४) प्रस्तुतिका आधारमा

### ३.४.१ भाषाका आधारमा :

साहित्यको मुटु नै भाषा हो । लोकसाहित्य जनसाधारणको साहित्य भएकाले यसमा प्रयुक्त भाषा पनि जनसाधारणको भाषा नै हुन्छ । अर्थात जनबोली नै हुन्छ । भुओलोकगीतहरु पनि धेरै जसो स्थानीय जनसाधारणकै भाषामा हुने गर्दछन् । तर केही गीतहरुमा अन्य आगन्तुक भाषाका शब्दहरु पनि मिसिएका हुन्छन् । भाषाको आधारमा भुओलोकगीतलाई निम्न दुई भागमा बाँड्न सकिन्छ ।

(१) विशुद्ध स्थानीय भाषाका गीत
(२) अन्य तत्सम् आगन्तुक शब्द प्रयोगका गीत

### ३.४.१.१ विशुद्ध स्थानीय भाषाका गीत :

भुओलोकगीतहरु स्थानीय भाषामा गाइने लोकगीतहरु हुन भुओखेलमा प्रयोग गरिने भाषा गाउँ र स्थान अनुसार फरक फरक हुन्छन् । यसको प्रचलन रहेको क्षेत्र भेरी कर्णालीदेखि पश्चिममा नेपाली भाषाका भाषिकाहरु मझाली, ओरपच्छिमा, मझपच्छिमा, र परपच्छिमा वर्गहरु पर्दछन् । जसका कारण भुओलोकगीतमा पनि भाषिक प्रयोगका आधारमा नै केही भिन्नता देखिनु स्वभाविक हुन्छ । भाषिक प्रयोगमा विविधता भएका कारण नै एउटै सन्देश र संरचना भएको गीतमा पनि फरक फरक शब्द पाउन सकिन्छ । जस्तै :

ए ! आउनो भुओ भस्सो भस्सो
ए ! सउरणी लाउनो भस्सो भस्सो
ए ! जानो भुओ भस्सो भस्सो
ए ! कोक्केइ लाउनो भस्सो भस्सो
ए ! बसेको भुओ भस्सो भस्सो
ए ! बाला खेलाउनो भस्सो भस्सो

### ३.४.१.२ अन्य तत्सम, आगन्तुक शब्द प्रयोगका गीत

भुओ विशुद्ध स्थानीय भाषामा गाइने गीत भएता पनि यसमा लय सन्दर्भ र अन्त्यानुप्रास मिलाएर रचना गर्नुपर्ने भएकाले, केही शिक्षित मान्छेहरुले भट्याउदा र टाढा बसाँइ सरेका मान्छेहरु भुओ मेलामा आएर गीत भन्दा केही आगन्तुक भाषा (नेपाली, हिन्दी, अङ्ग्रेजी,आदि) पनि मिसिएको पाइन्छ भने केही तत्सम शब्दको पनि प्रयोग भएको हुन्छ ।

## ३.४.२ विषयवस्तुका आधारमा

भुओलोकगीतलाई पर्वगीत भित्र नै राख्न सकिन्छ । यो पर्व गीत भएकोले यसको मुख्य विषय भनेको भुओ पर्व सँग सम्बन्धित नै हुने गर्दछ र यसका गीतहरु पनि सोही विषयमा नै केन्द्रित रहेका हुन्छन् तर बिच बिचमा गीतारुले प्रसङ्ग बदल्दै आफूलाई ज्ञान भए सम्मका अन्य विषयका गीतहरु पनि भुओ खेलमा भट्याउछन् तिनलाई पनि भुओलोकगीत भित्र समेट्न सकिन्छ । भुओलोकगीतले सम्प्रेषण गर्ने सन्देशको आधारमा यसको विषय वस्तुलाई छुट्याउने गरिन्छ । खास गरी सामाजिक, ऐतिहासिक, पौराणिक, समसामयिक जस्ता विषयलाई अगाँल्दछ । यिनै विषयवस्तुको वर्णन निम्नानुसार गर्न सकिन्छ ।

### ३.४.२.१ सामाजिक विषयका गीत

समाजमा प्रचलित रीतिरिवाज, चालचलन, भेषभूषा, शासनप्रशासन र अन्याय शोषण जस्ता सामाजिक विषयको चित्र उतार्ने भुओलोकगीतलाई सामाजिक भुओलोकगीत भनिन्छ । जस अन्तर्गत शोषण विरोधी गीत जातपातको आधारमा गरिने भेदभाव विरोधी गीत चाडबाड सम्बन्धी गीत आर्शिवादका गीत आदि पर्दछन् । जस्तै :

ए ! जुकाल खुन खाया भस्सो भस्सो
ए ! फोड तिनका भुँडी भस्सो भस्सो

ए ! दमाइँ कामी सबै		भस्सो भस्सो
ए ! खेल भुओ जोडी		भस्सो भस्सो

### ३.४.२.२ ऐतिहासिक विषयका गीत

ऐतिहासिक तथा विगतका घटनाहरुको वर्णन गरी गाइने गीतलाई ऐतिहासिक भुओ गीत भनिन्छ । यस अन्तर्गत साँध, सीमानाका गीत, राजा महाराजाका गीत तथा वरिष्ट व्यक्तित्वहरुको सवाइ, स्थान परिचय, वंशावली, काटमार तथा विगतका घटनाको वर्णन आदि पर्दछन् । जस्तै :

ए ! पैली भुओ कहाँ छियो		भस्सो भस्सो
ए ! ब्रम्हदेव मण्डी		भस्सो भस्सो
ए ! ताइपछि भुओ		भस्सो भस्सो
ए ! पृथ्वी झऱ्यो		भस्सो भस्सो
ए ! अमरसिंह बलभद्र		भस्सो भस्सो
ए ! सीता भृकुटी		भस्सो भस्सो
ए ! यही माटोमा उब्जे		भस्सो भस्सो

### ३.४.२.३ पौराणिक विषयका गीत

पौराणिक ग्रन्थहरुमा उल्लेख भएका कथा र व्यक्तित्वको वर्णन गरी गाइने गीतलाई पौराणिक भुओलोकगीत भनिन्छ । जस अन्तर्गत रामायण महाभारत देवीभागवतका कथाहरु र रामचन्द्र, सीता, कृष्ण, शिव, पार्वती जस्ता व्यक्तित्वको बारे उल्लेख हुन्छ । जस्तै :

ए ! शिव, पार्वती		भस्सो भस्सो
ए ! कैलास बस्ती		भस्सो भस्सो
ए ! कृष्ण र राधा		भस्सो भस्सो
ए ! वृन्दावन जाना		भस्सो भस्सो
ए ! पाँच पाण्डव भाइकी		भस्सो भस्सो
ए ! एक्ली दुर्पता		भस्सो भस्सो
ए ! सबै वनबास		भस्सो भस्सो
ए ! राम, लक्ष्मण, सीता		भस्सो भस्सो

### ३.४.२.४ धार्मिक विषयका गीत

धार्मिक विषयवस्तुका गीतहरु भुओलोकगीतमा मौलाएर रहेका छन् । भुओलोकगीतको सरल अभिव्यक्तिले यसमा मिठास थपेको हुन्छ । धार्मिक गीतहरु भुओ पैटाउँदा शुरु गरिन्छन् । बिचमा पनि भट्याइन्छ र समापनको समयमा पनि धार्मिक गीतहरु नै गाएर अन्त्य गरिन्छ । यसमा धार्मिक ग्रन्थका कथाहरुलाई गीतको माध्यमद्वारा प्रस्तुत गरिन्छ । संस्कृतका अप्ठ्यारा शब्दहरुलाई सकी नसकी उच्चारण नगरेर सरल स्थानीय भाषा मार्फत देवी देवताका श्लोकहरु व्यक्त गर्न सबैले रुचाउने हुँदा धर्म सम्बन्धी जानकारी हुन्छ । जस्तै

ए ! हाँ हरै हरीयो        हरै हरियो      हाँ हरै हरियो
ए ! भूमेश्वर देवता        भस्सो भस्सो
ए ! माटे बेताल        भस्सो भस्सो
ए ! तमी दाहिना भया        भस्सो भस्सो
ए ! कालसैनी भैरव        भस्सो भस्सो
ए ! मष्टाबण्डाली        भस्सो भस्सो
ए ! हाँसुला देवी        भस्सो भस्सो

### ३.४.२.५ समसामयिक विषयका गीत

राज्य सञ्चालनका लागि प्राचीनकाल देखि नै कुनै न कुनै किसिमको राजनीति चल्दै आएको पाइन्छ । भुओखेलमा पनि तत् तत् समयको राजनैतिक पार्टी, राजनैतिक नेतृत्व र राज्यव्यवस्थाका बारेमा प्रकाश पार्ने गीतहरु गाइन्छन् । ती गीतलाई भुओका राजनैतिक गीत भनिन्छ । यसमा समसामयिक राजनैतिक घटना र नेताहरुलाई क्षण हान्ने किसिमका गीतहरु भट्याइन्छन् । जस्तै :

ए ! पोहोरका वर्ष        भस्सो भस्सो
ए ! बोट माग्न आया        भस्सो भस्सो
ए ! देला देला धाया        भस्सो भस्सो
ए ! डुली खाने नेता        भस्सो भस्सो
ए ! अहिलका वर्ष        भस्सो भस्सो
ए ! फर्क्यानन् एता        भस्सो भस्सो

### ३.४.३ रसको आधारमा

साहित्यम रस हुन्छ । रस साहित्यको स्वाद हो । रस बिनाको साहित्य निष्प्राण हुन्छ । रस आन्तरिक भावना हो । भुओलोकगीत पनि लोक साहित्यका एक अङ्ग भएकाले यसमा पनि रस बगेको हुन्छ । रसको आधारमा भुओलोकगीतलाई यसरी विभाजन गर्न सकिन्छ ।

### ३.४.३.१ श्रृङ्गार रस सम्बन्धी गीत

भुओ खेल पुरुषहरुको रत्यौली भएकोले खेलमा गीत गाउँने पुरुषहरु मात्र हुन्छन् । पुरुषहरुले आफूलाई मन लागेका श्रृङ्गारिक गीतहरु स्वतन्त्र भएर भट्याउछन् । श्रृङ्गारमा पनि विप्रलम्भ श्रृङ्गार र सम्भोग श्रृङ्गार गरी दुई किसिमका हुन्छन् । भुओलोकगीतहरु यी दुवै रसमा गाइन्छन् । जस्तै :

ए ! छोट्टीका लाउरेउ        भस्सो भस्सो
ए ! डाकन लागीन्        भस्सो भस्सो
ए ! खोला खोल्सेरा        भस्सो भस्सो
ए ! धेकाउन लागिन्        भस्सो भस्सो
ए ! मुथी चडाइ        भस्सो भस्सो
ए ! अँगालै हालीन्        भस्सो भस्सो

### ३.४.३.२ वीर रस सम्बन्धी गीत

वीरताको भावले ओतप्रोत भएका गीतलाई वीर रस युक्त गीत भनिन्छ । नेपाली साहित्यमा यस्ता थुप्रै रचनाहरु छन् । भुओलोकगीतमा पनि वीर रसका गीतहरु प्रसस्त पाइन्छन् ।भुओ खेलका अगुवाहरु क्षेत्री समुदाय हुने गर्दछन् । उनीहरुले आफ्ना पुर्खाहरुको वीरत्वलाई कहिल्यै झुक्न दिनुहुदैन हामी त बहादुरहरुका सन्तान हौं भन्ने भावले ओतप्रोत भएका गीतहरु भट्याउछन् । जस्तै :

| | |
|---|---|
| ए ! हामरा पुर्खेले | भस्सो भस्सो |
| ए ! माटोको रक्षा | भस्सो भस्सो |
| ए ! हर्न पाएको | भस्सो भस्सो |
| ए ! बहादुर हामी | भस्सो भस्सो |
| ए ! माटेका सन्तान | भस्सो भस्सो |

### ३.४.३.३ अद्भूत रस सम्बन्धी गीत

डर त्रास देखाउने भावनाले मुछिएका गीतलाई अद्भूत रस युक्त गीत भनिन्छ । कतै कतै भुओलाई भूत पिचास हटाउने खेलको रुपमा पनि लिइन्छ । हात हतियार र आगोको बिचमा खेलिने खेल हो र त्यस खेलमा केही डर लाग्दा गीत पनि गाउँने गरिन्छ । जस्तै :

| | |
|---|---|
| ए ! त्याँ पारी वन | भस्सो भस्सो |
| ए ! लुक्याको भालु | भस्सो भस्सो |
| ए ! लुक्याको भूत | भस्सो भस्सो |
| ए ! सियका उठ | भस्सो भस्सो |
| ए ! त्यही भालु भूतको | भस्सो भस्सो |
| ए ! जमाला थुत | भस्सो भस्सो |

### ३.४.३.४ हाँस्य रस सम्बन्धी गीत

हाँसो स्थायी भाव हुने रसलाई हाँस्य रस भनिन्छ । मान्छेका मनलाई प्रफुल्लित गराउने र हसाँउने रस युक्त गीतलाई हाँस्य रस भएका गीत भनिन्छ । विचित्र किसिमको आकृति वा व्यवहार स्वर आदि भयो भने हाँस्य रस उत्पन्न हुन्छ । भुओलोकगीतमा पनि यस्ता हाँस्यपूर्ण गीतहरु रहेका छन् । जस्तै :

| | |
|---|---|
| ए ! यै भस्सी खेलको | भस्सो भस्सो |
| ए ! पोथी हरायो | भस्सो भस्सो |
| ए ! पोथीकी डाकन | भस्सो भस्सो |
| ए ! भाले करायो | भस्सो भस्सो |
| ए ! भालेकी पोथील | भस्सो भस्सो |
| ए ! ढाड चढायो | भस्सो भस्सो |

### ३.४.३ ५  रौद्र रस सम्बन्धी गीत

कोध स्थायी भाव हुने रसलाई रौद्र रस भनिन्छ । भुओलोकगीतमा पनि रौद्र रसको प्रयोग भएको पाइन्छ । जस्तै :

ए ! म त अहिले भनीहालु          भस्सो भस्सो
ए ! तँ पुडो भागी जा          भस्सो भस्सो
ए ! फेलाइत पणल्लाई          भस्सो भस्सो
ए ! चोरी खाने बिल्ला जसो          भस्सो भस्सो
ए ! हात्बाट मरल्लाई          भस्सो भस्सो
ए ! माटाउणो सणल्लाई          भस्सो भस्सो

### ३.४.४  प्रस्तुतिका आधारमा

भुओलोकगीत सामूहिक गीत हो । यो समूहमा खेलेर गाइन्छ । यसलाई वाध्यवाधनको  आवश्यकता हुँदैन । तर भुओखेलमा बाजागाजा सहित नृत्य पनि प्रस्तुत गरिने भएकाले प्रस्तुतिको आधारमा यसलाई दुई भागमा बाँड्न सकिन्छ ।

(१) बाजागाजा सहित गाइने गीत
(२) बाजागाजा रहित गाइने गीत

### ३.४.४.१    बाजागाजा सहित गाइने गीत

यी गीतहरुमा दमाइँहरुले दमाहा, ताल, नरसिगा, सनही, ट्याम्को,बजाएर गाउने गरिन्छ र सँगै बाजित्रेहरु पनि नाच्दछन् ।

### ३.४.४.२  बाजागाजा रहित गाइने गीत

यी गीतहरुमा बाजागाजाको आवश्यकता हुँदैन सुरुमा भुओ उठाउनु भन्दा अगाडि घरमा सम्पूर्ण देवीदेवताको नाम जप्दै, नायकलाई आशिर्वाद दिदै गाइने गीत हुन् । जस्तै :

हाँ हर हरियो हर हरियो
कालिका देवी तमि दाहिना भया
मालिका देवी तमि दाहिना भया
त्रिपुरेश्वरी तमि दाहिना भया
मष्टा बण्डाली तमि दाहिना भया

भुओलोकगीतमा मुखरित हुने भावनालाई विभिन्न रस श्रृङ्गार, वीर, अदभूत, रौद्र, आदिमा बाँड्न सकिन्छ । यस आधारमा हेर्दा भुओलोकगीतले पनि विभिन्न किसिमका भावनाहरु अभिव्यक्त गर्न सक्दछ ।

उपर्युक्त वर्गीकरणको आधारमा भुओलोकगीतलाई सूक्ष्म रुपले हेर्दा यो पर्वगीतको रुपमा रहेको भए तापनि यसले व्यापक क्षेत्र, विविध विषयवस्तुलाई अँगालेको पाइन्छ । विशेष गरी यो गीत सामयिक भए तापनि खेल्दा भट्याइने प्रसङगले व्यापकता पाएको छ । यस शोध कार्यमा समेटिएका आधारमा भुओलोकगीतलाई विषयवस्तु, भाषा, रस र प्रस्तुतिका आधारमा छुट्याएको छ ।

## ३.५ भुओलोकगीतका विशेषताहरु

भुओलोकगीत आफैमा स्वतन्त्र छ । यसका विशेषताहरु विविध छन् । प्रमुख रुपमा लोकपद्यको विशेषता नै छोटो वाक्य र श्रुतिमधुर सम्वेदना, उच्छवास उत्पीडन र वेदनाले व्यथित हृदयका मर्महरुको मार्मिक चित्रण गरेर स्रोताहरुको हृदय र्स्पश गर्न सक्षम हुनु हो । भुओगीत आफैमा पूर्ण छ । यसका कतिपय विशेषताहरु सिङ्गै लोकसाहित्यका विशेषताहरु सँग समानता राख्न पुग्छन् । यो अस्वाभिक पनि होइन । भुओलोकगीतका केही मूलभूत विशेषताहरु यस प्रकार छन् ।

### सहज प्रस्तुति

भुओलोकगीत जुनसुकै समयमा पनि सलल बग्न सक्छ तर यो पर्वगीत भएकाले निश्चित समयमा मात्र गाउँने गरिन्छ । आँशु प्रतिभाहरुको लागि भुओलोकगीत कथ्नु कुनै कठिन हुदैन । गीतारुले अर्थात् भुओका अगुवाहरुले जस्तो र जुन विषयको गीत पनि कथेर भट्याउन सक्छन् । खेलाउडाहरुले गीतको गेडा भुइँमा पर्न नपाउँदै भस्सो भस्सो भनेर स्वर मिलाइदिन्छन् । यसरी भुओलोकगीत आँशु प्रतिभाको सहज प्रस्तुति हुनु नै यसको प्रमुख विशेषता हो । जस्तै :

| | |
|---|---|
| ए ! पणेउपात पानी | भस्सो भस्सो |
| ए ! छल्याम् छुलुम् | भस्सो भस्सो |
| ए ! सल्लीका रुख | भस्सो भस्सो |
| ए ! हल्याम हुलुम | भस्सो भस्सो |
| ए ! बन्चरी बिड | भस्सो भस्सो |
| ए ! काटेका गीड | भस्सो भस्सो |

### मौखिक परम्परा

भुओलोकगीतको दोस्रो विशेषता मौखिक परम्परा हो । यो अशिक्षित समाजबाट जन्मेर हुर्केकोले यसको कुनै लिखित रुप छैन । यो समाजमा अलिखित रुपमै प्रचार प्रसार भएर जान्छ र एक व्यक्तिबाट अर्को व्यक्तिमा, एक पुस्ताबाट अर्को पुस्तामा , एक स्थानबाट अर्को स्थानमा मौखिक रुपमा सर्दै र झर्दै जान्छ ।

### अकृत्रिमता

भुओलोकगीत परिष्कृत मस्तिष्कको उपज नभएकोले यसमा कृत्रिमताको गन्ध पनि पाइँदैन । मनमा स्वतः स्फुर्ण हुने हुँदा बढाइ चढाइ तथा काटछाँट गर्ने समय गीतारुले नपाउने हुँदा आन्तरिक हृदयको चोखो उद्गार यसमा प्रस्ट देखिन्छ ।

### स्वच्छन्दता

भुओलोकगीत स्वच्छन्द हुन्छ । यो आफ्नै भावधारामा सलल बग्छ । गीतारु पूवाग्रहरहित हुन्छ । उसले आफ्नो भावनात्मक उद्‌गार स्वच्छन्द रुपले व्यक्त गर्न सक्छ । अत: भुओलोकगीतको अर्को विशेषता स्वच्छन्दता हो ।

### सामूहिक भावभूमि

भुओलोकगीत सामूहिक भावभूमिको उपज हो । भुओलोकगीत सामूहिकतामा रम्दछ । कुनै पनि समाजमा भुओलोकगीतको जन्म सामूहिक रुपमा हुन्छ । यसैले यसमा एक व्यक्तिको मात्र नभएर सामूहिक उत्तरदायित्व हुन्छ । यसको रचयिता एक व्यक्तिलाई मान्न सकिदैन । समाजद्धारा नै रचिएको मानिन्छ । यसले प्रकट गर्ने भाव पनि एउटा व्यक्तिको बारेमा मात्र नभएर सामाजिक विषयवस्तुमा आधारित हुन्छ ।

### उपदेशात्मकता

भुओलोकगीतको विशेषतामा उपदेशात्मकता पनि आउँछ । भुओलोकगीतले समाजलाई कुनै न कुनै रुपमा उपदेश दिइरहेको हुन्छ । कुनै न कुनै भुओलोकगीत उपदेश प्रधान नै हुन्छ । जस्तै :

| | |
|---|---|
| ए ! कोही तमी नखाया | भस्सो भस्सो |
| ए ! धन पैसा घुसका | भस्सो भस्सो |
| ए ! की हरी खानु | भस्सो भस्सो |
| ए ! की मरी जानु | भस्सो भस्सो |
| ए ! नखानु घुस | भस्सो भस्सो |
| ए ! भुओ खेल पुस | भस्सो भस्सो |

### प्रश्नोत्तर प्रवृति

भुओलोकगीत पुरुषहरुद्धारा खेलेर गाइने गीत हो । हासो ठट्टा आदि जस्ता कुराको सिर्जना भुओलोकगीतबाट गरेर प्रश्नोत्तरका रुपमा भट्याउने गरिन्छ । जस्तै :

| | |
|---|---|
| ए ! एक भन्ना क्या हुन् ? | भस्सो भस्सो |
| ए ! वनको सिंह | भस्सो भस्सो |
| ए ! दुई भन्ना क्या हुन् ? | भस्सो भस्सो |
| ए ! चन्द्र र सूर्य | भस्सो भस्सो |
| ए ! तिन भन्ना क्या हुन् ? | भस्सो भस्सो |
| ए ! तिनै तेपाय | भस्सो भस्सो |
| ए ! पाँच भन्ना क्या हुन ? | भस्सो भस्सो |
| ए ! पाँचै पाण्डव | भस्सो भस्सो |

**सङ्गीतमयता**

भुओलोकगीत सङ्गीतमय हुन्छ । यसलाई वाद्यवादनको खास आवश्यकता देखिदैन तर भुओ खेलमा ताल र पैतला मिलाउनको लागि बाजाको प्रयोग गरिन्छ ।

**प्रतिकात्मकता**

भुओलोकगीतमा प्रतीकको पनि प्रयोग गरिएको हुन्छ । जसमा कुनै एक कुरालाई दर्शाउन अर्को वस्तुलाई प्रतिकको रुपमा प्रयोग गरिन्छ । भुओलोकगीतमा प्रतिकको प्रयोग भएको पाइन्छ । जस्तै :

| | |
|---|---|
| ए ! सरग तारा | भस्सो भस्सो |
| ए ! लाग्या जन | भस्सो भस्सो |
| ए ! झिलिमिलि झिलिमिलि | भस्सो भस्सो |
| ए ! हाम्रा भुआ खाडा | भस्सो भस्सो |
| ए ! बलेका राँका | भस्सो भस्सो |
| ए ! अन्याराका आँखा | भस्सो भस्सो |

**लयात्मकता**

लयात्मक अभिव्यक्ति नै भुओलोकगीतको आत्मा हो । लयबिना भुओलोकगीत निष्प्राण हुन्छ । लयपूर्वक गरिएको गायनले निरस गीतहरुलाई पनि आकर्षक र मिठासपूर्ण बनाईदिन्छ । लयमा लय मिसाएर जब भुओ खेलमा बालवृद्ध र युवाहरु गीतको भाका झिक्न थाल्छन् । स्रोतालाई आनन्दको महासागरमा डुबाइदिन्छ । यही विषेशताले गर्दा भुओलोकगीतको व्यापकता र प्रियतामा वृद्धि हुदैं गइरहेको छ ।

भुओलोकगीतको सर्वोतम आकर्षक समूह नृत्य र गायन हो । यसमा सामूहिक स्वर गुञ्जनजति घनिभूत हुन सक्छ । उति नै सङ्गीतको अपार महिमा बढेको अनुभव हुन्छ । यसले स्रोतालाई पनि त्यति नै आनन्द दिलाउँछ । सटिक ढङ्गमा मानव मनका उद्गार सङ्गीतमय स्फूरण हुनु भुओलोकगीतको प्रमुख विशेषता हो ।

**ऐतिहासिकता**

भुओगीतमा ऐतिहासिकता पनि महत्वपूर्ण अङ्गका रुपमा समेटिएको हुन्छ । परापूर्वकालदेखि नै यो पर्व मनाइदै आएको हुँदा यी गीतहरुमा ऐतिहासिकताले जग बसालेको पाइन्छ । ऐतिहासिक तथ्यसँग यी गीतहरु पुरै नमिले पनि इतिहासको छनक भने रहेको हुन्छ । जस्तै :

| | |
|---|---|
| ए ! भाइ भारदार लडाउन्या | भस्सो भस्सो |
| ए ! काटामार हराउन्या | भस्सो भस्सो |
| ए ! उहीलेका वर्ष | भस्सो भस्सो |
| ए ! राणा र अङ्ग्रेज | भस्सो भस्सो |
| ए ! मिल्याका छिया | भस्सो भस्सो |
| ए ! परानी दिएर | भस्सो भस्सो |
| ए ! देश मुक्त हराया | भस्सो भस्सो |

**धार्मिकता**

भुओलोकगीतको विशेषतामा धार्मिकता पनि आउँछ । यो खस हिन्दू सम्प्रदायले मनाउने पर्व भएकाले यसमा हिन्दू धर्मको केही विषयवस्तु पनि झल्किने गर्दछन् । हिन्दू देवी देवताका नाम पूजा पाठका श्लोक आदि गीतहरुमा आएको हुन्छ । जस्तै :

| | |
|---|---|
| ए ! ओम् बर्मा विष्णु | भस्सो भस्सो |
| ए ! ओम कैका छोरा हुन् | भस्सो भस्सो |
| ए ! बाहुन क्षेत्रीका | भस्सो भस्सो |
| ए ! कानमा हालन्या | भस्सो भस्सो |

**पौराणिकता**

भुओलोकगीतमा पौराणिक विषयवस्तुका गीतहरुले पनि ठाउँ ओगट्ने भएको हुँदा पौराणिकता पनि भुओलोकगीतको एक विशेषता हो । यसमा पुराणका वा हिन्दू धार्मिक ग्रन्थहरुका कथा देव देवताका नामलाई गीत बनाएर भुओ खेलमा पस्किने गरिन्छ । जस्तै :

| | |
|---|---|
| ए ! स्वर्गका राजा | भस्सो भस्सो |
| ए ! इन्द्र देवता | भस्सो भस्सो |
| ए ! पानी बगाइदेउ | भस्सो भस्सो |
| ए ! पाताल बस्ने | भस्सो भस्सो |
| ए ! बलि महाराज | भस्सो भस्सो |
| ए ! अन्न फलाइदेउ | भस्सो भस्सो |

**स्थानीयता**

भुओ पर्व मध्य तथा सुदुरपश्चिमका विभिन्न जिल्लाका विभिन्न गाउँमा मनाइने पर्व हो । गाउँ गाउँको भाषामा स्थानीयताको झल्को पाइन्छ । अर्थात् नेपालीको एउटै शब्दलाई पनि फरक फरक गाउँमा फरक किसिमले उच्चारण गर्ने गरिन्छ । भुओलोकगीतमा पनि प्रत्येक गाउँका स्थानीय शब्दहरुको प्रयोग भएको हुन्छ । जस्तै :

| | |
|---|---|
| ए ! यो भुओ कैको | भस्सो भस्सो |
| ए ! छिसीका बैको | भस्सो भस्सो |
| ए ! भुओ काँ बाइगयो | भस्सो भस्सो |
| ए ! दैलेख सिडौडी | भस्सो भस्सो |
| ए ! यो भुओ काँको | भस्सो भस्सा |
| ए ! अछाम पर्वाको | भस्सो भस्सो |

## ३.६ निष्कर्ष

सुदुरपश्चिमाञ्चलमा पर्ने सेती अञ्चलको अछाम पहाडी जिल्ला हो । यो जिल्लाको सीमाना छ वटा जिल्ला सँग जोडिएको छ । पूर्वमा कालिकोट र दैलेख, पश्चिममा डोटी, उत्तरमा बाजुरा र बजाङ तथा दक्षिणमा सुर्खेत जिल्ला पर्दछन् । छिमेकी जिल्लाको तुलनामा क्षेत्रफलमा सानो भएपनि जनसङ्ख्याको हिसाबले ठूलो छ । यहाँ समथर जमीनको तुलनामा पहाडी भिरालो भाग नै बढीरहेको छ । अछाम जिल्लालाई जनजीवनका लागि अत्यन्त

अनुकूल क्षेत्र मानिन्छ । यो जिल्ला मध्यपहाडी भागमा पर्दछ । यहाँ प्रशस्त वनजङ्गल, जलस्रोत जडीबुटी वन्यजन्तु तथा पशुपन्छीहरु पाइन्छन् । यसको क्षेत्रफल १६९२ वर्ग किलोमिटर रहेको छ । अछाममा ठूला साना गरी तिस वटा नदी र खोला छन् । अछाम जिल्लालाई दुई वटा निर्वाचन क्षेत्र तेऱ्ह वटा इलाका र पचहतर वटा गा.वि.स.मा विभाजन गरी प्रशासनिक सेवा सुविधा उपलब्ध गराइएको छ । यस जिल्लामा दुई वटा नगरपालिका घोषणा गरिएपनि अहिलेसम्म कार्यन्वयन हुन सकिरहेको छैन । शिक्षा, स्वास्थ्य, सञ्चार, विद्युत, यातायात जस्ता विकासका पूर्वाधारहरुको क्रमिक विकास हुँदै गइरहेको छ । अछाम जिल्लामा विभिन्न किसिमका चाडपर्व मनाउने गरिन्छ । साथै अछाम जिल्ला लोकसाहित्यको भण्डार पनि हो । यस जिल्लामा देउडा, गाउँखाने कथा, भारत, चुटकिला उखान, टुक्का, जीवनसंस्कार, लोकगाथा, लोकनाटक, लोककथा, लोकगीत र विभिन्न पर्वगीतहरु पाइन्छन्

मध्य तथा सुदुरपश्चिमका जिल्लाहरुमा प्रचलित भुओ पर्व खस क्षेत्री समुदायको अगुवाइमा लाग्ने पर्व हो । यो क्षेत्री समुदायको सक्रियताले नै अहिलेसम्म जिवित भएको छ । भुओको विविध नाम भो, भ्वा, भुवा, भुवो, भुओ स्थानअनुसार फरक फरक उच्चारण गरिन्छ । 'भुवो' शब्दोत्पतिको सम्बन्धमा 'भू' धातुको अर्थ राज्य हुन्छ । त्यसमा पनि गायत्रीमन्त्रको महाव्याहारमन्त्रक्ति 'भूर्भवः स्वः' अर्थात 'पृथ्वी, पाताल र स्वर्ग' को विजयको लागि गरिने 'शस्त्रयुद्ध' को अभ्यास भएकोले 'भूर्भव' बाट भूभुवभूवभुवो र भूर्भुवः स्वः' भूर्भवस्व बाट भोस्सो वा भोस्सी भएको अनुमान हुन्छ । यो खेल पुरुषहरुले मात्र खेलिने खेल हो । यसका गीतारु पनि पुरुषहरु नै हुने गर्दछन् । भुओ खेल बाजागाजा र आगाको ज्वालाका साथमा कार्तिक कृष्णपक्षको चर्तुदशीको रातमा र कतै पौष कृष्णपक्षको चर्तुदशीको रातमा खेल्ने गरिन्छ । भुओ पर्व कहिलेदेखि शुरु भयो भन्ने कुनै खास लिखित प्रमाण भेटिदैन भुओ खेल्दा सबैका हातहातमा राँका हुन्छन् र सबै गोल घेरा लाग्दछन् । खेलका अगुवाहरु भुओको गीत भट्याउछन् र पछुवाहरुले भस्सो भस्सो भन्दै स्वर मिलाउँछन् । भुओको राँको नाइकेको घरबाट ल्याइन्छ र नाइकेको घरमा पनि सुरुमा देवी देवताको आजापूजा गरिन्छ । त्यसपछि नाइकेलाई आशीर्वाद दिने गीतहरु आँगनमा भट्टयाउदै खेलिन्छ र बिस्तारै भुओका खेलाडी र बाजीत्रेहरु भुओ खाडातिर जान्छन् । सरमकारीहरु सरम खेल्दै भुओखाडा पुग्छन् । हातहातका सबै राँका बीचमा खाल्डो खनेर थुर्पाछन् र त्यसपछि सबै गोल घेरा लागेर भस्सो खेल्दछन् । यस खेलमा विभिन्न रस, विषयवस्तु र महत्वका गीतहरु भट्याँउछन् । बाजागाजाको साथमा गीतहरु भट्याउने गरिन्छ । ती गीतहरुमा प्राकृतिक प्रवाह, मौलिकता, स्थानीय, प्रकृति, स्वच्छ विचार आदि रहेको हुन्छ । भुओलोकगीतहरु प्रायः सामाजिक परिवेश, जाति, स्थान, ऐतिहासिक, धार्मिक, पौराणिक हुन्छन् ।

## परिशिष्ट

## अछामी भुओगीत अध्ययनमा सहयोग गर्ने व्यक्तिहरुको नामसूची

| | |
|---|---|
| मनबहादुर वयक | तुर्माखाँद- ६ |
| रमादेवी शाह | तुर्माखाँद- ६ |
| भगीराम बुढा | तुर्माखाँद- २, चिसी |
| रतन बुढा | तुर्माखाँद- २, चिसी |
| नारायणदेव बुढा | तुर्माखाँद- ५, चिसी |
| जय उखेडा | भैरवस्थान- ८, लकान्द्र |
| भजने बुढा | भैरवस्थान- ८, लकान्द्र |
| गजेन्द्र बुढा | भैरवस्थान- ८, लकान्द्र |
| भुपेन्द्र बुढा | भैरवस्थान- ८, लकान्द्र |
| विर्किसे तिरुवा | भैरवस्थान- ७, आमी |
| शेरबहादुर बुढा | भैरवस्थान- ७, आमी |
| गङ्गाराम बुढा | भैरवस्थान- ७, आमी |
| आशाराम बुढा | भैरवस्थान- ७ आमी |
| मिनबहादुर थापा | ढुङ्गाचाल्ना - २ थारा |
| मोतीराम बुढा | ढुङ्गाचाल्ना - १ मोय |
| दानशहादुर विष्ट | मूली - १ मूली |
| मानबहादुर भण्डारी | मूली - ५ मूली |
| भन्टु सिंह कुवँर | प्रभा - १ |
| दानसिंह कुवँर | प्रभा-१ |
| खड्ग सिंह खडका | लुङ्ग्रा -६ |
| सेतबहादुर कुवँर | लुङ्ग्रा -६ |
| कुलबहादुर रावत | बाब्ला -३ |

## परिशिष्ट

| भाषिका | मानक |
|---|---|
| कैठोर | कुन ठाउँ |
| कोक्केइ | छट्पटी |
| खेलाउडा | खेलाडी |
| गाड | खोला |
| चखाउनु | थोरै खानेकुरा मुखमा लगाउनु |
| चडा | चरा |
| छिया | थिए |
| छोटि्ट | केटी |
| जर्मीजापन | जन्मीहाल |
| जोलो | जोडा |
| झुपझुपे | धेरै रौ भएका |
| टाटुमा | घाँटीमा |
| ढेरै | धेरै |
| ताँहै | त्यहाँदेखि |
| तिर्सना | तिर्खा |
| दाइना भया | खुशी भए |
| देला | दैला |
| धणो | पटुका |
| नाइककोमउ | नायकको परिवार |
| पटवानी | गाउँको बिचमा मान्छे जम्मा हुने चउर |
| पाणीएलपन | पारिहाल |
| बगड | बेशी |
| बजित्रे | बाजा |
| बाइगयो | गइहाल्यो |
| बाजकली | सुन्दरी |
| बौजु | भाउजु |
| भुच्चाने रोटी | चामलको पिठोमा घिउ, नुन मिसाएर बनाएका |
| भुआखाडा | भुओखेल्ने ठाउँ |
| भैसाका खर्क | भैसीका गोठ |
| माणा | चामलको रोटी |
| मान्नमी | धरती |
| मान्ठ | मान्छे |

| | |
|---|---|
| माटाउणो | माटोमा |
| माटेवाडी | क्षेत्री समुदाय |
| मुथि | माथि |
| मौसरकी | अवसरको |
| रम्चेरु | जात्रवाला जात्राहेर्ने मान्छे |
| लाग्याजन | लागेजस्तै |
| लाड्या भुओ | प्यारोभुओ |
| लोडो | सिलौटो |
| वातहाल्नु | कथा भन्नु |
| विग्णेको | बिगारेको |
| सरग | आकास |
| सउरणी | माया |
| सरग | आकास |
| सिटी रिटीजाउ | उत्पादन मुलक होओस |
| सुविकाल | राम्रो समय |
| हरान्या | गराउने |
| हपर | माथि |
| हड | शरीर |
| हुड्को | डम्मरु जस्तै बाजा |

# सन्दर्भग्रन्थसूची


आचार्य, कृष्ण प्रसाद, लोक साहित्य, पूर्व आधुनिक नेपाली साहित्य र आधुनिक नेपाली निबन्ध,कीर्तिपुर, क्षितिज प्रकाशन, (२०६३)

आचार्य, कृष्ण प्रसाद, शोध, सिर्जना र संस्कृत काव्यशास्त्र,कीर्तिपुर, क्षितिज प्रकाशन, (२०६३)

उपाध्याय, जनकदत्त प्रसाद, अछामी लोककथाको संरचनात्मक अध्ययन, (अ.प्र. स्नातकोत्तर तह शोध पत्र, त्रि. वि,२०६४ ।

ओझा, डा. रामनाथ, लोक साहित्य, पूर्व आधुनिक साहित्य र आधुनिक नेपाली निबन्ध, चौ.सं. काठमाडौं : स्टुडेन्ट्स बुक्स पब्लिसर्स एन्ड डिस्ट्रिव्युटर्स,२०६४

ओझा, रामनाथ, शोध, सिर्जना र संस्कृत काव्यशास्त्र काठमाडौं : स्टुडेन्ट्स बुक्स पब्लिसर्स एन्ड डिस्ट्रिव्युटर्स, २०६४ ।

गिरी, मधुसुदन, लोक साहित्य, पूर्व आधुनिक नेपाली साहित्य र आधुनिक नेपाली निबन्ध काठमाडौं : स्टुडेन्ट्स बुक्स पब्लिसर्स एन्ड डिस्ट्रिव्युटर्स २०६४ ।

गिरी, मधुसुदन, शोध, सिर्जना र संस्कृत काव्यशास्त्र, काठमाडौं : स्टुडेन्ट्स बुक्स पब्लिसर्स एन्ड डिस्ट्रिव्युटर्स २०६४ ।

गिरी, जीवेन्द्रदेव, लोक साहित्यको अवलोकन, काठमाडौं : एकता प्रकाशन, २०५७ ।

घोडासैनी, खगेन्द्र, अछामी गालीको अध्ययन,सनलाइट पब्लिकेसन कीर्तिपुर काठमाडौं, २०६७, ।

चटौत, आर.डी. प्रभास, डोट्याली बृहत शब्दकोष काठमाडौं : बेलु विश्व प्रतिष्ठान, २०५८ ।

चालिसे, विजय,डोटेली लोकसंस्कृति र साहित्य काठमाडौं : साझा प्रकाशन, २०३९ ।

थापा, धर्मराज र सुवेदी, हंसपुरे, लोकसाहित्यको विवेचना, त्रि.वि.वि पाठयक्रम विकास केन्द्र काठमाडौं २०४१ ।

पन्त,जयराज, डोटेली भो पर्वका गीत र गाथाहरु, वाङ्मय प्रकाशन तथा अनुसन्धान केन्द्र, काठमाडौं, २०६४ ।

पराजुली, कृष्णप्रसाद, नेपाली लोकगीतको आलोक, काठमाडौं : रत्न पुस्तक भण्डार, (२०५७)

पराजुली, डा. मोतिलाल र गिरी, डा.जीवेन्द्रदेव, नेपाली लोकसाहित्यको रुपरेखा, ललितपुर : साझा प्रकाशन, २०६८ ।

पोखरेल, डा.ऋषिराम ,वैद्यनाथक्षेत्र,अछाम : श्री वैद्यनाथक्षेत्र प्रकाशन समिति, २०५० ।

प्रधान, बाबुलाल नेपाली शब्दकोष, तेस्रो संस्करण, काठमाडौँ : रत्न पुस्तक भण्डार, २०६३ ।

बन्धु, चुडामणी, नेपाली लोकसाहित्य, एकता बुक्स, काठमाडौँ २०५८ ।

यात्री,नेपाल पूर्णप्रकाश, भेरी लोकसाहित्य, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान,२०४१ ।

लामिछाने, मनोहर, लोकसाहित्य र संस्कृतिका केही पाटाहरु, काठमाडौँ : साझा प्रकाशन (२०६५) ।

सुवेदी, डा. राजाराम, अछामको इतिहास ,अछाम : श्री वैद्यनाथक्षेत्र प्रकाशन समिति, २०५७ ।

सुदुरपश्चिमको रुपान्तरण लिङ्क/हेल्भेटास नेपाल, (२०६३)

शर्मा, प्रा.मोहनराज, लुइटेल डा. खगेन्द्र प्रसाद, लोकवार्ता विज्ञान र लोक साहित्य,काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, (२०६३)

शाह, सुरतबहादुर, झारखण्ड वैद्यनाथक्षेत्र, तेस्रो संस्करण अछाम : श्री वैद्यनाथक्षेत्र प्रकाशन समिति, २०६४ ।

त्रिपाठी, वासुदेव, साहित्य सिद्धान्तः शोध तथा सृजनविधि, काठमाडौँ : पाठयसामग्री पसल जामेमार्केट घण्टाघर, (२०६६)

श्रेष्ठ, तेजप्रकाश, अछामी लोक साहित्य, काठमाडौँ : रत्न पुस्तक भण्डार, (२०४४)